# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक प्राणीका हैसियतले मानिस कुनै न कुनै सामाजिक परिवेशमा रहँदा त्यसबाट ऊ प्रभावित हुन्छ । मानिसले आफ्नो श्रृजना शक्तिद्वारा भौतिक विकास तथा सम्पत्तिको निर्माण गर्दछन् । तथापि आँफू बसेको समाजको वातावरण, अन्धविश्वास, अज्ञानता, परम्परा तथा प्रथाद्वारा मानिस बाँधिएको हुन्छ । समाजलाई हानी पुऱ्याउने कतिपय कुप्रथाहरू, असामाजिक चलनहरू, समाजकै उपज हुन् । तीमध्ये दाइजो प्रथा पनि सवल र दुर्वल चलनको रूपमा समाजमा देखा परेको छ । दाइजो प्रथा विश्वमा सर्वत्र प्रचलित छ ।

दाइजो माइतीतर्फबाट विवाहमा छोरीलाई दिइने नगद, जिन्सी एवम् उपहारजन्य पैतृक सम्पत्ति हो । दाइजो दुलहा र उसका परिवारलाई विवाहमा दुलहीका साथसाथै दिइन्छ । यसरी दिइएको दाइजोमा दुलहीको स्वामित्व रहन्छ (Gurung, 2007) । विवाहमा दुलहीका साथसाथै दुलहालाई दिइने भाँडावर्तन, बस्त्र, सुन, असर्फी, जग्गा, जमिन, नगद, सवारी साधन, आदि दाइजोका स्वरुप हुन् । जसमा केटी पक्षका आमाबाबु वा परिवारले केटा पक्षलाई यी बस्तुहरू टक्र्याउने प्रचलन हुन्छ । विवाह एक संस्कार र त्यसबाट सिर्जीत दाम्पत्य सम्बन्ध हो । विवाह स्त्री र पुरुषको मर्यादित यौनिक सम्बन्धलाई बैधानिकता दिने अनुष्ठान हो । यसले समाजलाई व्यवस्थित रूपमा अगाडि बढाउन सहयोग पुऱ्याउँछ । सामाजिक निरन्तरताको लागि समाजमा सुव्यवस्था कायम गर्दै मानवका हरेक आवश्यकता पूरा गर्न समाजमा स्थापित महत्त्वपूर्ण संस्था विवाह हो । विभिन्न समाज र समुदायमा रहेका जात, जाति, संस्कार, धर्म, संस्कृति अनुसार विवाहको धारणा, विश्वास तथा मूल्य मान्यता भने फरक-फरक पाउँन सकिन्छ (सुवेदी, २०५६) ।

विवाह सामाजिक संस्थाको रूपमा विश्वभर प्रचलनमा रहेको छ । दक्षिण एसियाली मुलुकहरूमा दाइजो प्रथा अत्यधिक प्रचलित छ । भारतीय उपमहाद्विपीय क्षेत्रको उत्तरी भागमा बसोबास गर्ने उच्च हिन्दु समुदायमा यो चलन बढी अभ्यासमा रहेको छ ।

परम्परागत रूपमा दाइजोलाई "स्त्रीधन" का रूपमा बुझिन्छ । आमावावुले विवाहमा छोरीलाई दिने सम्पत्ति नै "स्त्रीधन" हो । विशेषत पितृसत्तात्मक समाजमा महिलाहरू माइती तर्फका सम्पत्तिका प्रत्यक्ष भागीदार वा हकदार हुँदैनन् । भारतमा सन् २००५ मा संशोधित सम्पत्ति कानुनमा छोराछोरीलाई आमावावुको पैतृक सम्पत्तिमा समान हकदार बनाइएको छ । दाइजोलाई स्वेच्छिक उपहारको रूपमा लिइन्छ । जुन छोरी पक्षका परिवारले विवाहका अवसरमा दुलहा पक्षका परिवारलाई प्रदान गर्दछन् । यसले छोरीको संरक्षण हुने वा उनको आर्थिक, सामाजिक हैसियत दरिलो हुने ठानिन्छ । यसको अर्थ सम्पत्तिको आडमा महिला कमजोर हुँदैनन् । यो प्रथा सामान्य आर्थिक अवस्था भएका गैर हिन्दु समुदायमा पनि प्रचलित छ ।

नेपालको तराई क्षेत्र र भारतमा दाइजोलाई दुलहाको मूल्यको रूपमा पनि लिइन्छ । केटा केही योग्यता भएको क्षमतावान् छ भने उसका बाबुआमाले उसलाई पढाएको सम्पूर्ण खर्च केटीतर्फका परिवारबाट तिलक कवोल गरी असुल्ने प्रचलन छ । यसको प्रभावले गर्दा कमजोर वावुआमाका छोरी चेलीको विवाह कर्म चलाउन मुस्किल पर्दछ । कतिपय छोरीका बावुले त्यसैको पिडाले आत्महत्या गरेका घटना हामीले सञ्चार माध्यमबाट सुन्दछौं । यसले विकृत रूप लिएको छ । तराईमा दाइजोका खबरहरू सञ्चार माध्यमले संवेदनशील भई प्रचार-प्रसार गर्दछन् किनकी यसबाट विभिन्न हिंसात्मक घटना उत्पन्न हुने गर्दछन् । मुस्लिम पर्सनल ल एप्लीकेशन एक्ट १९३७ मा पैतृक सम्पत्तिमा छोराले पाउने सम्पत्तिको आधा हिस्सा छोरीले पनि पाउने व्यवस्था गरिएको छ । छोरीले त्यस्तो सम्पत्ति स्वीकार गर्न वा इन्कार गर्न सक्दछिन् । भारतमा दहेज निषेधित कानुन १९६१ (संशोधन १०८०) बङ्गलादेश १९८०, पाकिस्तान १९७६ मा दाइजो विरूद्ध कानुनी व्यवस्था गरिएको छ (मेमोइ, २०१४)।

नेपाली समाजमा गृहस्थी बनेर धर्म आर्जन, अर्थोपार्जन र कामवासनाको तृप्ती तथा सन्तानको सृष्टी र स्याहार गर्दै धर्म निर्देशित, आचरणबद्ध बाटोमा लगाई उर्जाशिल पारिवारिकता र वंश निरन्तरता दिने पवित्र कार्यका लागि हातेमालो गर्दै जीवन्त सहयात्राका साथै पवित्र एवम् मर्यादित सहवासको प्रतिवद्धतालाई सामाजिक, सांस्कृतिक रूपमा उद्घोषण गर्नु वा अनुबन्धित हुनुलाई विवाह भनिन्छ (बराल, २०५६:१७) । हिन्दुहरूका ४ आश्रमहरू १) ब्रह्मचर्य २) ग्राहस्थ ३) वानप्रस्थ र ४) सन्यास । यी ४ मध्ये दोस्रो ग्राहस्थ

आश्रमले विवाहलाई अनिवार्य गराउँदछ । हिन्दुहरूको लागि विवाह आनन्दको लागि मात्र होइन अपितु धर्म पालना र कर्तव्यवस पनि गरिनुपर्दछ । हिन्दु अवधारणामा विवाह धार्मिक संस्कार हो, जसको अभावमा लोग्ने, स्वास्नी विना मानिसको जीवन अपूर्ण रहन्छ (सुवेदी, २०५६) । यसैले अर्धाङ्ग/अर्धाङ्गिनीको विशेषण लगाइन्छ । जाति, धर्म, भाषा, भौगोलिक अवस्था विशेषमा आ-आफ्नो वैवाहिक परम्परा, रितिरिवाज, चालचलन, संस्कार र मूल्यमान्यताहरू पाउन सकिन्छ । हरेक समाजमा अनिवार्य रूपमा स्थापित विवाह संस्कार सम्पन्न गर्दा केही न केही दाइजो दिने प्रचलन पनि विकास हुँदै आएको पाइन्छ । हिन्दु विवाह प्रणालीमा प्रारम्भमा बधुमूल्यको प्रचलन थियो भने वर्तमान समयमा दाइजो प्रथाले समाजलाई नराम्ररी गाँजेको छ । तिव्वत-वर्मेली परिवारका दनुवार र दरै जाति जो भित्री मधेश चितवन र पूर्वसम्मका कछार भेगसम्म फैलिएका छन् ती समुदायमा विवाहको अवसरमा दाइजो स्वरूप दुलहीका बाबुआमाले दुलाहाका वाबु आमालाई दस्तुर नबुझाएसम्म श्रीमान्/श्रीमतीको मान्यता नपाउने उल्लेख छ (**विष्ट, २०५५**) ।

नेवार समुदायमा पनि विहेको अघिल्लो दिन एक पाथी दुध, चाकु र सुकमेल पठाएर केटीको आमाको दुधको भारा बुझाउनु पर्दछ । विहेको दिन केटीको घरमा निम्ता मान्न आउँने आफन्तजनहरूले दाइजो उपहार ल्याउनु पर्दछ (**विष्ट, २०६०**) । विवाहमा बर पक्षले बधु पक्षका मातापितालाई दुधको भारा तिर्ने प्रथा डोटेली समाजमा पनि प्रचलित छ । त्यस्तै मिथिला क्षेत्रमा विवाहमा बर पक्षले बधु पक्षबाट लिने तिलक (नगद दस्तुर) प्रथा प्रचलित छ । नेपाल हिन्दु बाहुल्य मुलुक हो । यहाँ हिन्दु मात्र नभई मुस्लिम समाज, इसाई समाजमा विवाहको अवसरमा बधु पक्षले बर पक्षको परिवारलाई दाइजो दिने प्रचलन छ । हिन्दु शास्त्रमा उल्लेख भएका विभिन्न आठ प्रकारका विवाहमा पनि कतै दाइजोको गुन्जायस पाउन सकिन्छ । ब्राम्ह विवाह अनुसार सदाचारी, सुन्दर, योग्य बरलाई आदरपूर्वक पूजा गरी बस्त्रादिले अलंकृत (झकि झकाउ) पारी अभिभावकद्वारा कन्यादान दिने गर्दथे । आर्ष विवाहमा एकजोडी गाई वा गोरु धर्मको निम्ति बरवाट लिइन्थ्यो । आसुर विवाहमा कन्याको पिता वा संरक्षकले बरको पिता वा संरक्षकसँग केही शुल्क लिएर कन्या दिने गर्दथे । त्यस समयदेखी सरलै रूपमा दाइजोको सुरुवात भएको पाउन सकिन्छ (सुवेदी, २०५६) । आधुनिक कानुनको विकास हुनुभन्दा पहिले समाजको नियन्त्रण र निर्देशन धर्मले गर्दथ्यो । प्राचिन समयमा कानुन नै धर्म थियो र धर्म नै कानुन थियो (श्रेष्ठ, २०५४) ।

सामाजिक परिवर्तन सँगसँगै विकास भएको औद्योगीकरण, शहरीकरण, शिक्षाको प्रचारप्रसार, पाश्चात्य संस्कृति र विचारको प्रभाव, सञ्चार माध्यमको बढ्दो प्रभाव, राज्यको कार्यक्षेत्रको विस्तार, विश्वमा चलेको महिला आन्दोलन र महिलाको आर्थिक स्वतन्त्रता तथा सामाजिक र आर्थिक कारण, नयाँ प्रकारका विवाह सम्वन्धी कानुनी व्यवस्था आदिले दाइजो प्रथाको स्वरूप, सोंचाइ र ढाँचामा पनि परिवर्तन आएको पाउन सकिन्छ । वर्तमान समयमा धार्मिक प्रभावमा कमी आएको भएतापनि हिन्दु धर्मको बाहुल्यता रहेको नेपाली समाजमा, समाजिक इकाई, ती इकाईहरू बिच हुने प्रकार्यात्मक सम्वन्धमा समेत हिन्दु धर्मको प्रभाव अछुतो नरहेको पाइन्छ । समाज विकासको क्रममा पितृसत्तात्मक पारिवारिक ढाँचाको विकास सँगसँगै धेरथोर रूपमा दाइजो प्रथाको विकास भएपनि आधुनिक कालमा विशेष गरी हिन्दू समाजमा दाइजो प्रथा रहेको पाइन्छ । हाल आएर सामाजिक प्रतिष्ठासँग जोडिएको दाइजो प्रथा आफ्नो इच्छा र हैसियतको घेराभित्र मात्र सिमित नभई बाध्यतामा परिणत भएको पाउँन सकिन्छ । छोरीले दुःख पाउली, उसलाई बेवास्ता गर्लान, जोरीपारीका सामु के कमजोर हुने भन्ने भावले वैवाहिक संस्कारमा प्रत्यक्ष वा परोक्ष रूपमा दाइजोको आदान प्रदान हुने गरेको पाइन्छ । मुलुकी ऐन स्त्री अंश धनको महल ४ नं. अनुसार "दाइजो भन्नाले स्वास्नी मानिसलाई माइती वा मावली पट्टिबाट नातेदार तथा इष्टमित्रहरूले दिएको सम्पत्ति र यसबाट बढेको सम्पत्ति जनाउँछ" भनि परिभाषित गरिएको छ (शर्मा २०५६) । त्यस्तै यज्ञबल्क्य स्मृतिमा भनिएको छः

*दुर्भिक्षे धर्म कार्येच व्याधौ संप्रति रोधके ।*

*गृहित स्त्रीधन भर्ता न स्त्रियै दातु मर्हति ॥ (सुवेदी, २०५६) ।*

अर्थात् दुर्भिक्षको समयमा, धर्म कार्यमा, रोगमा र बन्दी हुँदा लिएको स्त्रिधन पतिले पत्नीलाई दिनुपर्दैन भन्ने मत छ । पहिली पत्नी हुँदै अर्को विवाह गरेको छ र पत्नीको धन दिएको छैन भने अर्को विवाहमा खर्च भएको धन बराबर पहिलो पत्नीलाई दिनुपर्दछ । पत्नीको स्त्रीधन दिइसकेको रहेछ भने अर्को विवाह गर्दा भएको खर्चको आधि धन पहिलो पत्नीलाई दिनुपर्दछ भन्ने महर्षि याज्ञवल्क्यले सिद्धान्त प्रतिपादन गरेका छन् । हाम्रो मुलुकी ऐन अनुसार स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आँफुखुसी गर्न पाउँछन् । यस्तै भनाइ सुत्र नीतिको पनि छ । स्वास्नीको दाइजो, पेवा मास्दा अंश नभइ एकाघरसँग बसेका अरू अंशियारहरू पनि रहेका छन् भने अंशको हकदार १६ वर्ष नाघेका सवैको मञ्जुरीको लिखत

भएमा मात्र सो मासेको दाइजो पेवा लेनदेन व्यवहारको महल बमोजिम सवै अंशियारको गोश्वारा धनबाट भर्ना हुनसक्छ । लेखिए बमोजिम रित नपुऱ्याई मासिइएकोमा अरू अंशियारको मञ्जुरी नभएमा अंशियारहरूले बेहोर्न र गोश्वारा धनबाट भर्ना हुन सक्दैन । स्वास्नी मानिसलाई माइती पट्टिका र मावली पक्षका नातेदार इष्टमित्रहरूले दिएको चल अचल र त्यसबाट बढे-वढाएको सम्पत्ति दाइजो र लोग्ने वा लोग्ने पट्टीका अरू नातेदारले बा इष्टमित्रले दिएको चल अचल र त्यसवाट बढे-बढाएको सम्पत्ति पेवा ठहर्ने कानुनी व्यवस्था छ (सुवेदी, २०५६) । मनुका अनुसार विवाहको समयमा अग्निसमक्ष दिइएको, विदाइको समयमा दिइएको, स्नेहवस लिइएको, दाजुभाई, माता वा पिताबाट दिइएको छ किसिमको धन स्त्रीधन हो (सुवेदी, २०५६) । सैद्धान्तिक रूपमा दुलहीलाई दिएको चल अचल र त्यसबाट बढे-बढाएको सम्पत्ति भन्ने बुझिए तापनि व्यवहारमा केटा पक्षका परिवारका सदस्यलाई दिइने विभिन्न वस्तुहरू र विवाहमा हुने सम्पूर्ण खर्चलाई दाइजोको अर्थ लगाइएको हुन्छ ।

यसरी जुनसुकै समाजमा पनि धेरै-थोरै रूपमा विभिन्न जातजातिहरूमा रहि आएको दाइजो प्रथा महिलाको व्यक्तिगत आर्थिक सुरक्षाको निम्ति दिने गरेको पाइन्छ । समय परिवर्तनसँगै स्वैच्छिक भन्दा पनि वाध्यात्मक रूपबाट जसोतसो महिलालाई दिइएको दाइजो नितान्त व्यक्तिगत रूपमा उपभोग गर्न सक्ने वातावरण भने सिर्जना भएको छैन । बैङ्क ब्यालेन्स, जग्गा जमिन आदि दाइजोको स्वरूपलाई महिला एक्लैले प्रयोग गरेपनि दैनिक प्रयोगमा आउने जिन्सी सामानको उपभोग सबैले गर्ने गरेको र त्यसबाट महिलाले कुनै आर्थिक उपलब्धी लिन नमिल्ने देखिएको छ । यस अध्ययनमा समाजमा प्रचलित दाइजो प्रथाको अवस्था विश्लेषण गर्दै यो प्रथा-प्रचलनका कारण ग्रामिण समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक आदि लगायतका विभिन्न पक्षमा परेको असर, समस्याहरू, समाधानका उपायहरू पत्ता लगाउने र दाइजो प्रथालाई कम गर्न अवलम्वन गर्नुपर्ने नीतिहरू खोजी गर्दै व्याख्या विश्लेषण गर्न खोजिएको छ ।

## १.२ समस्याको कथन

यस ब्रह्माण्डमा मानिसको स्थायी बसोबासको परम्परा शुरू भएदेखि स्थापित भएका सामाजिक सङ्घ संस्थाहरू मध्ये विवाह पनि एक हो । विवाह एउटा विधिसम्मत् चल्ने

सामाजिक संस्था हो । सामाजिक व्यवस्थालाई निरन्तरता दिने र अक्षुण्य राख्ने विभिन्न इकाइहरू मध्ये विवाह त्यस्तो संस्था हो जसले सृष्टिको निरन्तरतामा महत्त्वपूर्ण योगदान दिन सक्दछ । विवाहबाट परिवार र नातेदारी प्रथाको विकास भएको हुन्छ । विवाहको प्रकृति र स्वरूप समाज र संस्कृति अनुसार फरक-फरक पाउन सकिन्छ । यस्ता बैबाहिक संस्कार सम्पन्न गर्दा कतै बधु मुल्य लिने चलन छ भने कतै केटालाई दाइजो तिलक दिने चलन पाउँन सकिन्छ । समयको विकास सँगसँगै दाइजो प्रथा कतै स्वैच्छिक रूपमा विकसित हुँदै गएको छ त कतै बाध्यात्मक रूपमा रहेको पनि पाउन सकिन्छ ।

दाइजो प्रथा कुनै न कुनै रूपमा वैदिक कालदेखि नै प्रचलनमा रहदै आएको पाइन्छ । यो पुरुष प्रधान समाजको उपज हो । त्यस्तै उपभोक्तावादी समाजको ज्वलन्त नमूना हो । यसका सकारात्मक एवम् नकारात्मक दुवै खाले विषेशता पाउन सकिन्छ । समाजमा तडकभडक, खर्चिलो, देखावटी विवाह पद्दति दिनानुदिन वढदै छ । तराइमा यो विकराल समस्या वनेको छ । पहाडमा पनि डढेलो सल्के झैं वढदै गरेको यो समस्या राष्ट्रिय एवम् सामाजिक समस्या हो । यसले अधिकांश गरिब वर्गका जनता पिडित छन् । पछिल्लो समयमा हुनेखानेले विवाहलाई निकै वढी भड्किलो, उत्ताउलो र खर्चिलो बनाएका छन् भने गरिबका छोरीको विवाह गर्न निकै अप्ठ्यारो परेको परिस्थिती छ । यो प्रकृयालाई सामाजिक विकृतिका रूपमा लिन सकिन्छ । यसरी सिङ्गो सामाजिक व्यवस्थामा प्रभाव पार्ने दाइजो प्रथाको वारेमा अध्ययन हुनु आवश्यक देखिन्छ ।

सामाजिक व्यवस्थाभित्र रहेका विभिन्न इकाइहरूले सामाजिक, सांस्कृतिक व्यवहार, प्रथा तथा पद्दतिहरूले आपसमा प्रकार्यात्मक अन्तरसम्वन्धको भूमिका खेलिरहेका हुन्छन् । समाजमा त्यस्ता कुप्रथा र कुरीति पनि हुनसक्छन् जसले समाजमा द्वन्दात्मक भूमिका पनि खेल्न सक्दछन् । समाजमा प्रचलित दाइजो प्रथा, जसले समाजमा विगतमा प्रकार्यात्मक वा द्वन्दात्मक कुन भूमिका खेलेको थियो, हाल कुन रूपमा रहेको छ, भविष्यमा कस्तो रूप धारणा गर्न सक्ला भन्ने गम्भिर प्रश्न खडा भएको छ । धनी वर्गले धनी वर्गलाई दिने दाइजोको खासै मूल्य र महत्त्व नरहने, धनीले गरिबलाई नदिने, गरिवले दिन चाहेर पनि नसक्ने अवस्था समाजमा विद्यमान छ । दाइजोको रूपमा एउटा नारीको मानवीय मूल्य मान्यतालाई धन, दौलतसँग तुलना गरिएको हुन्छ जसलाई उपभोक्तावादी चिन्तनको उपज मानिन्छ । दाइजो कम भएका कारण पारिवारिक वेमेल, अवहेलना, हिंसा, मानसिक यातना

जस्ता समस्या महिलाले भेल्नुपर्ने हुन्छ । हत्या, आत्महत्या, नैराश्यता जस्ता विसंगति वढ्छ । अर्कोतर्फ बर र बधुको परिवार बिच विवाहमा दाइजो लिने र दिने व्यवहार सौहार्द्र रूपमा सम्पन्न भएका खण्डमा छोरी-बुहारिका रूपमा विवाह घर जाँदा आत्मसम्मानसाथ वस्न सक्ने वातावरण सिर्जना भई स्वस्थ्य पारिवारिक वातावरण सिर्जना भएको पनि पाइन्छ । दाइजो प्रथाले नेपालीको समाजमा जवरजस्ती जरा गाडेको छ । यस प्रथाले ग्रामिण भेगका जनताको समग्र जीवन निर्वाहमा तात्विक प्रभाव पार्दै आएको पाइन्छ । यिनै सर्न्भको सेरोफेरोमा निम्न अनुसन्धानात्मक प्रश्नहरू उपयुक्त हुनेछन् ।

- दाइजोका कारण विवाहित महिलाहरूले कस्तो कठिनाइ भोग्दै छन् ?
- दाइजो प्रथा प्रति समुदायको धारणा कस्तो छ ?
- पहिले र अहिलेको समयमा दाइजो सम्बन्धी फरकपन कस्तो पाइन्छ ?
- छोरीले पनि छोरा सरह अंश पाउने व्यवस्थाले परम्परा, दाइजो प्रथामा कस्तो असर परेको छ ?
- अध्ययन क्षेत्रमा दाइजो प्रथालाई कुन रूपमा परिचालन गरिएको छ ?

## १.३ शोधका उद्देश्यहरू

अध्ययन क्षेत्रको रूपमा स्याङ्जा स्थित आरुखर्क गा.वि.स. वडा नं. ४, ५ र ६ वडा छनौट गरिएको छ । “दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव” शीर्षक समष्टिगत अध्ययन गर्नु शोधको सामान्य उद्देश्य रहेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरू यस प्रकार छन् :

- दाइजो प्रथाको प्रचलन र अवस्थाका बारे खोजमुलक अध्ययन गर्ने ।
- दाइजो प्रथाका कारण, समस्या, एवम् समाधानका उपायहरू पत्ता लगाउने ।
- छोरीले पनि छोरा सरह अंश पाउने कानुनी व्यवस्थाले परम्परागत दाइजो प्रथामा पारेको असर पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

सामाजिक व्यवस्था समाजभित्र रहेका विभिन्न रीतिरिवाज, चालचलन, धर्म, संस्कार, संस्कृति, प्रथा, परम्परा आदिबाट प्रभावित भएको हुन्छ । दाइजो प्रथा पनि समाजमा स्थापित प्रथा हो । ग्रामिण समुदायमा पारेको प्रभावबारे अध्ययन गर्नु यसको मूल सरोकारको विषय रहेको छ । यसले समाजमा प्रचलित राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रमा के कस्तो प्रभाव पारेको छ भन्ने बारे जानकारी लिन सघाउ पुऱ्याउनेछ । वर्तमान समयमा विकास भएको शिक्षा, विज्ञान, प्रविधिले समाजमा प्रचलित पुरातन र रुढीग्रस्त मान्यता र लैङ्गिक असमानता लाई केही हदसम्म कम गराउन सकेपनि पूर्ण रूपमा हट्न सकेको परिवेस छैन । त्यसैले आजको सन्दर्भमा लैङ्गिक समानताका लागि अध्ययन अनुसन्धान गर्नु, समस्याको पहिचान गर्दै समस्याको बाटो खोज्नु महत्त्वपूर्ण हुन्छ ।

नेपाल पितृसत्तात्मक मूल्य मान्यताको बाहुल्यता रहेको देश हुँदा महिला विरूद्धको हिंसाहरू बढी नै हुने गरेको पाइन्छ । विशेषगरी ग्रामिण क्षेत्रमा गरिबी, निम्न तहको सामाजिक स्तर, शिक्षाको अभाव, आदि कारणले महिला माथिको हिंसा तथा विसंगति बढ्दो अवस्थामा छ । कतिपय संस्थागत प्रयासले महिलाजन्य हिंसात्मक घटनाहरूमा कमी आए तापनि दाइजो प्रथाले समाजमा प्रश्रय पाउदै गइरहेको छ । हाम्रो सोचाइ र भोगाइमा विशेष गरी दाइजो प्रथा अहिले सामाजिक इज्जत र प्रतिष्ठासँग जोडिएर आएको पाइन्छ । जसको कारण विवाहमा प्रशस्त दाइजोको आदान प्रदान हुन्छ । विशेषत मागी विवाहमा अन्य विवाहको तुलनामा दाइजोको लेनदेन वढी हुने गरेको पाइन्छ । दाइजोको लेनदेनमा सरोकारवाला पक्षमात्र संलग्न भए तापनि यसको प्रत्यक्ष असर महिला वर्ग र समाज माथि परेको पाइन्छ । अनुसन्धानले लौङ्गिक दृष्टिकोणसँग सम्बन्धित खोजलाई सहयोग पुऱ्याउनेछ । दाइजोजन्य समस्याको व्यवस्थापनमा यसको योगदान पुग्ने अपेक्षा गरिन्छ । साथै समस्यासँग चासो राख्ने विभिन्न संघसस्था र जनसमूहलाई आवश्यक सूचना र तथ्याङ्क उपलव्ध हुनेछ । यिनै संवद्ध विषयमा यो अध्ययन कोशे ढुङ्गा सावित हुनेछ ।

## १.५ अध्ययनको सिमा

यो शोध कार्य स्नातकोत्तर तह दोस्रो वर्ष शोधपत्रको आंशिक प्रयोजनका निमित गरिएको हो । अध्ययनको समयसिमा तथा सिमित खर्चका पावन्दी भित्र रहेर यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउने बाध्यता आफ्नो ठाउँमा रहेको छ । अध्ययनमा खासगरी ग्रामिण क्षेत्रमा प्रचलित दाइजो प्रथा, यसको कारण र प्रभावबारे बस्तुवादी ढङ्गले व्याख्या गर्ने प्रयत्न गरिएको छ । भिन्न धर्म, क्षेत्र, जाति, संस्कार, रीतिरिवाज अनुसार दाइजो प्रथाको प्रकृति, मूल्य र मान्यता फरक हुने हुनाले सवैलाई समेट्न खोज्दा अध्ययनको सार्थकता नरहने हुँदा स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स का ४, ५ र ६ नं. वडाहरूलाई समेटिएको छ । जस अन्तर्गत २६८ घरधुरीमध्ये २६ प्रतिशतलाई नमुनाभित्र पारिएको छ । यस अध्ययनमा विवाहित महिला, अभिभावक, समाजसेवी, राजनितिज्ञ आदि लगायत विभिन्न क्षेत्रमा अग्रणी स्थान ओगट्ने सफल व्यक्तिहरूलाई प्रतिनिधिको रूपमा छानिएको छ । अध्ययनको निष्कर्ष स्थानीय परिवेशमा आधारित हुने भएकाले यसै शिर्षकसँग मिल्दो अन्य स्थानको अध्ययन र निष्कर्ष सँग मेल खान सक्दैन जुन कुरा स्वाभाविक मान्न सकिन्छ ।

## १.६ सङ्गठनात्मक ढाँचा

शोधपत्रको पहिलो अध्यायमा परिचय खण्ड रहेको छ । दोस्रो अध्यायमा पूर्व अध्ययन समिक्षा समावेस गरिएको छ । शोध अध्ययन कहाँ गर्ने, कसरी गर्ने, कुन अनुसन्धान पद्धति अपनाउने भन्ने जानकारी तेस्रो अध्ययायमा दिइएको छ । त्यस्तैगरी चौथो अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक परिचय साथै उत्तरदाताको सामाजिक पृष्ठभूमि केलाइएको छ । पाँचौ अध्यायमा समाजमा व्याप्त दाइजो प्रथाको प्रचलन, दाइजो प्रथाका कारण, समस्या एवम् समाधान बारे व्याख्या तथा विश्लेषण गरिएको छ । छैटौ अध्यायमा छोरीले पनि छोरा सरह अंश पाउने कानुनी व्यवस्थाले परम्परागत दाइजो प्रथामा पारेको असर सम्बन्धी खोज गरिएको छ । सातौ अध्यायमा समग्र शोध अध्ययनको सारांश, मुख्य उपलब्धीहरू र निष्कर्ष प्रस्तुत गरिएको छ । यो शोधपत्र जिज्ञासु पाठक शोधकर्ता, सम्वद्ध संस्था तथा अध्ययनसँग सरोकार पक्षलाई उपयोगी हुने अपेक्षा गरिन्छ ।

# अध्याय- दुई

## पूर्व साहित्य एवम् सैद्धान्तिक समिक्षा

### २.१ दाइजो प्रथाको प्रारम्भिक सन्दर्भ

मानवशास्त्री ज्याक गुडेले दाइजो प्रथा बारेमा तुलनात्मक अध्ययन गरेका छन् । उनले जापनदेखि आयरलैण्डसम्म फैलिएको यूरेशियन समाज र सब-सहारा अफ्रिकी समाजको अध्ययन गरेका थिए । ती समाजमध्ये यूरेशियन समाजमा दाइजोको रूपमा पैत्रिक सम्पत्ति केटा केटी दुवै पक्षलाई स्थानान्तरण गरिन्थ्यो भने सब-सहारा समाजमा दाइजोको रूपमा प्रयोग हुने नगद, जिन्सी सामानहरू केटा पक्षबाट केटी पक्षलाई प्रदान गरिन्थ्यो जसलाई "बधुमूल्य" भनिन्थ्यो ।

गुडेले अध्ययन गरेका दुई समाजमध्ये एउटा गहन कृषि प्रणालीमा आधारित थियो जसमा हलोजस्ता औजारहरू प्रयोग गरिन्थ्यो । त्यस समाजमा श्रम विभाजनमध्ये पुरुषको भूमिका बढी हुने भएकाले दाइजोको सम्पत्ति पुरुष (केटा) पक्षलाई प्रदान गरिन्थ्यो । यो समाजमा श्रीमान्, श्रीमती सहित एकल परिवारको वैवाहिक प्रचलन रहेको उल्लेख गरिएको छ । त्यस्तै स्थानान्तरित बागवानी कृषि प्रणाली भएको समाजमा कामको बढी भूमिका महिलामा निर्भर हुने भएकोले केटा पक्षबाट दाइजो केटी पक्षलाई दिने प्रचलन हुन्थ्यो । केटी पक्षको परिवारमा श्रम गर्ने मान्छे घट्ने भएकोले श्रमको क्षतिपूर्तिको रूपमा केटी पक्षलाई दाइजो दिने चलन चलेको थियो । त्यो समाजमा बहुपत्नी विवाहको प्रचलन पाइन्थ्यो, किनकी महिला श्रमको महत्त्व बढी हुनेहुँदा गुडेको सिद्धान्तप्रति विभिन्न विद्वान्हरूले विमति तथा बहस चलाएको पाइन्छ । सिल्भीया याङ्गिस्कोको विचारमा जापान, दक्षिणी इटाली र चिनको प्रचलन गुडेको भन्दा फरक पाइयो । उनको अध्ययनमा ती समुदायमा दाइजो, महिलाको सम्पत्तिको रूपमा लिइन्थ्यो । उत्तरी भारतमा दाइजोलाई श्रीमान्/श्रीमतीको साझा कोषको रूपमा लिइन्थ्यो । त्यसको कतिपय हिस्सा केटा पक्षका संयुक्त परिवारको साझा स्वामित्तवमा समेत पुग्दथ्यो । त्यस्तो संयुक्त परिवारमा केटाको बाबुआमा, उसका विवाहित दाजुभाई, अविवाहित दिदीबहिनी र तेस्रो पुस्तका केटाकेटीहरू समेत पर्दथे भनी

उल्लेख गरिएको छ । यसप्रकार गुडे र अन्य विद्वान्हरूले दाइजोको उत्पत्ति र प्रचलबारे उल्लेख गरेका छन् । यसप्रकार यो प्रथा विश्वव्यापी रहेछ भन्ने सिद्ध हुन्छ (Wikipedia)।

प्राचिन बेविलोनको हमुराबि संहितामा दाइजो प्रथा समाजमा सनातन रूपमा चलि आएको कुरा वर्णित छ । आर्थिक एवम् सामाजिक सुरक्षाका हेतु छोरीलाई दाइजो दिने प्रचलन थियो । बेविलोनियन समाजमा केटापक्ष तथा केटी पक्ष दुवैतर्फ दाइजो लिने र दिने प्रचलन थियो । यदि विवाहित जोडी बीचमा छोडपत्र भएमा दाइजो फिर्ता लिने दिने चलन पनि थियो । प्राचिन ग्रिसमा पनि छोरीलाई घर तर्फका परिवारले राम्रो व्यवहार गरुन् भन्ने मनशायले दाइजो दिने गरिन्थ्यो । इशाको पाँचौं शताब्दीतिर ग्रीसेली समाजमा दाइजो प्रथा प्रचलनमा रहेको उल्लेख छ । नयाँ विवाहित केटीको मृत्यु भएमा दाइजो माइतीतर्फ फिर्ता गर्ने प्रचलन थियो । कानुनी सुधारको रूपमा सन् १९८३ देखि दाइजो प्रथालाई पारिवारिक कानुनबाट हटाइएको छ । रोमन कालिन समयमा दाइजो प्रथा संस्थागत रूपमै विकसित थियो । केटी तर्फका परिवारले केटा पक्षलाई दाइजो उपहार लिनेदिने प्रचलन उल्लेख छ । यी सबै छोरीको हितमा हुने कर्म थिए । दक्षिण एसियाको सन्दर्भमा चर्चा गर्दा भारतमा मनु रचित प्राचिन संहितामा पनि दाइजोको चर्चा गरिएको छ । खासगरी प्राचिन कडियन परिवारमा दाइजो प्रथा प्रचलनमा रहेको उल्लेख छ । उच्च ब्राह्मण परिवारमा यसलाई सामाजिक प्रतिष्ठानको रूपमा लिइन्थ्यो । तल्लो जातका समुदायमा भने यो प्रचलन निषिद्ध थियो । प्रसिद्ध विद्वान् स्टन्ले तथा टाम्बियाको अध्ययनले यो प्रचलन बिसौं सताब्दीको मध्यतिरबाट निषेध गरिएको कुरा उल्लेख छ । यद्यपि दुवै परिवारमा आपसी लेनदेनको रूपमा यो प्रथालाई जीवितै राखिएको छ । मइकल विढ्जेलले भने प्राचिन बैदिक कालिन समयमा भारतीय समाजमा दाइजो प्रथा प्रचलनमा नरहेको कुरा उति बेलाको साहित्यमा वर्णित छ भनेका छन् । **उनका अनुसार दुलहीतर्फबाट लिइने** दाइजो प्रथा केवल असुर विवाहमा मात्रै प्रचलनमा रहेको थियो, जुन कुरा मनुस्मृतिमा उल्लेख गरिएको छैन भनिएको छ ।

छिमेकी मुलुक चीनमा पनि दाइजो प्रथा विभिन्न ऐतिहासिक समयदेखि आधुनिक समयसम्म प्रचलनमा रहेको कुरा उल्लेख छ । दाइजोको रूपमा जमिन, गरगहना, पैसा, पोशाक, वस्त्र, सिलाइ-बुनाइका सामान र घरायसी प्रयोगमा आउने सामानहरूलाई लिइन्छ । प्रसिद्ध विद्वान् “मेन” का अनुसार दाइजो माइतीले छोरीलाई दिने उपहार हो जसलाई आर्थिक

सङ्कट परेका बेला हकवाला महिलाले बेचविखन गर्न सक्दछिन् । आवश्यक परेमा छोरी तथा उनका सन्तानमा समेत स्थानान्तरण गर्न सक्दछिन् ।

यूरोपमा आधुनिक समयसम्म दाइजो प्रथा प्रचलनमा रहेको पाइन्छ । अविवाहित महिलाको अपहरण तथा जबरजस्तीकरणी गरेको अवस्थामा दोषी पुरुषबाट दण्डित हर्जाना स्वरूप दाइजो असुल्ने प्रचलन यूरोपेली समाजमा पाइन्थ्यो । यस्तो किसिमको नसिहत विसौं शताब्दीसम्म गराइन्थ्यो । जसलाई असामाजिक वा नियम विरूद्ध गरिएको कसुर वापत आइन्दा त्यस्तो कर्म नदोहोऱ्याउने प्रतिवद्धता स्वरूप दाइजो हर्जाना तिराइन्थ्यो । धनी क्रियश्चियन वा पादरीहरू आ-आफ्ना क्षेत्रका चर्चमा गरीब परिवारको युवतिहरूको विवाहको लागि दान दिने गर्दथे । पूर्वी यूरोपमा दाइजोको रूपमा जमिन दिने प्रचलन सामान्य थियो । छैठौं शताब्दीका साहित्यमा उच्च वर्गमा बढी दाइजो प्रथा प्रचलनमा रहेको कुरा वर्णित छ । भिक्टोरियन इङ्लैण्डमा उच्च वर्गका मानिसहरू विवाहयोग्य छोरी वा महिलाहरूलाई दाइजो स्वरूप अग्रिम रूपमा भुक्तानी दिने प्रचलन पनि थियो । धेरै विवाहयोग्य युवतीहरूले धेरै दाइजो प्राप्त गर्दथे ।

अमेरीकामा पनि दाइजोको प्रचलन रहेको पाइन्छ । खासगरी अमेरिकी समाजमा बाहुल्यता बसाई सरेर जानेहरू र आप्रवासीहरूकै छ । साँस्कृतिक घुलमिलका कारण अमेरिकी समाज अछुतो रहने सवाल रहेन । एक अध्ययन अनुसार अमेरिकामा ६ प्रतिशत रैथाने संस्कृति भएका समुदायमा केटा र केटी दुवै पक्षबाट दाइजो लिने दिने प्रचलन पाइन्छ । मेक्सिकोमा स्पेनिश उपनिवेशवादीहरूले दाइजोको प्रचलन भित्र्याएका थिए । दाइजो प्राप्त गर्ने महिलाले त्यो सम्पत्ति आफू र आफ्नो परिवारको लागि मात्र उपभोग गर्न पाउने कानुनी व्यवस्था रहेको छ । औपनिवेशिक समयमा फ्रान्सले क्युवेकमाथि उपनिवेश कायम गरी त्यहाँ व्यापारी तथा सैनिकहरू खटाउने क्रममा महिलाहरूलाई दाइजो दिई ती सैनिकहरूसँग वैवाहिक सम्बन्ध कायम गरी क्युवेक प्रवेश गर्ने वातावरण सृजना गरेको प्रसङ्ग उल्लेख छ । यस कार्यमा सरकारी नीति नै बनाइएको थियो । त्यसैले त्यस्तो दाइजो प्राप्त गर्ने महिलाहरूलाई "राजाका छोरी" भन्ने प्रचलन थियो । ब्राजिलमा दाइजो प्रथा भित्र्याउने कार्य पुर्तगालीहरूले गरेका थिए । खासगरी जेठी छोरीलाई ब्राजिलमा अभिभावकले प्रशस्त दाइजो दिने चलन थियो । दाइजो विश्वका धेरै स्थानमा सामान्य अभ्यासको रूपमा प्रचलित छ । खासगरी द.एसिया, मध्यपूर्व र उत्तरी अफ्रिकी सात मुलुकहरूमा वर्तमान समयमा बढी प्रचलनमा

रहेको पाइन्छ । पैत्रिक सम्पत्तिमा बढी मात्रामा पुरुषको आधिपत्य भएको र पितृवंश (पितृसत्ता) लाई प्राथमिकता दिइने समाज, जहाँ महिलाहरूलाई लोग्नेको घरपरिवार सँगको प्रत्यक्ष निगरानीमा रहुन् भन्ने अपेक्षा गरिन्छ । त्यस्ता समाजमा वर्तमान समयमा बढी दाइजो प्रथा प्रचलनमा रहेको पाइन्छ । भुटान, भारत, बङ्गलादेश, पाकिस्तान, नेपाल, श्रीलङ्का, अफगानिस्तान, इरान, टर्की, अजरबैजान, ताजकिस्तान, इजिप्ट, मोरक्को, बोस्नीया, सर्विया आदि मुलुकहरू बढी मात्रामा दाइजो प्रथा अभ्यास गर्ने मुलुकको पङ्तिमा पर्दछन् ।

यद्यपि नेपालमा दाइजो विरूद्धको कानुनी प्रावधान भए तापनि यहाँको अवस्था भने दण्डहिनताको छ । खासगरी मधेशमा दाइजोलाई स्वतन्त्र रूपमा स्वीकार गरिन्छ । बर मूल्यको रूपमा बढी तिलक (नगद माग) ठेक्ने प्रचलन छ । दाइजो बढी ल्याउने महिलालाई धरायसी काममा हल्का सहुलियत हुन्छ । उनको निर्णय क्षमता बढी र परिवारमा हालीमुहाली बढी हुन्छ । कतिपय बाबुहरू जसले छोरालाई प्राविधिक शिक्षा पढाएका छन् उनले छोराको विवाहमा केटी पक्षका परिवारबाट सम्पूर्ण पढाई खर्च उठ्ने गरी तिलकको रूपमा अधिकता नगद असुल्ने मनशाय राखेका हुन्छन् । यस्तो असङ्गतिपूर्ण प्रचलनबाट छोरीका बाबुआमा बढी पीडित र चिन्तित देखिन्छन् । गर्भ अवस्थामा लिङ्ग पहिचान गरी छोरी भए गर्भ तुहाउने जस्ता विकृतिपूर्ण कार्यहरू पनि यसैबाट श्रृजना भएका हुन् । केटातर्फ मनग्य दाइजो नदिदा धेरै आत्मघाती र अपराधिक घटना भएको पाइन्छ । कतिपय घटना सार्वजनिक हुन सक्दैनन् । अपराधिक घटना जसबाट राज्यको कानुन आकर्षित हुन्छ त्यस्ता घटनाका दोषीलाई आम कानुनी करबाहीको दायरामा ल्याइन्छ । सामान्यतया व्यक्त गर्न नमिल्ने घटना त्यसै दविएर जान्छन् । आजको एक्काइसौं शताब्दीको विश्व परिवेशमा यस्ता सर्मनाक घटनाहरू घट्नु विडम्वनापूर्ण र असभ्यता मानिन्छ (Wikipedia 14 May, 2015) ।

## २.२ नेपालमा सामाजिक व्यवहार सुधार ऐन २०३३ को सन्दर्भ

विवाहमा तिलक, दाइजो, जन्त, भोज, आदिमा प्रतिस्पर्धा र फजुल खर्च बढ्न गएकाले यसलाई नियन्त्रण गरी सुधार गर्ने सामाजिक व्यवहार सुधार ऐन २०३३ कार्यान्वयनमा रहेको छ । सो ऐन अनुसार सामाजिक व्यवहार भन्नाले विवाह, ब्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारान,

जन्मदिवस, छैठी, बुढो पास्नी र पितृ कार्यसमेतलाई जनाउँछ । ऐनको दफा ३ मा विवाहमा तिलक लिनदिन नहुने कुरा उल्लेख छ । उप दफा २ मा तिलक लिने र दिने कार्यमा संलग्न व्यक्तिलाई **विगो** जफत गरी बाह्र हजारदेखि पाच्चिस हजार रुपैया सम्म जरिवाना वा तिस दिनसम्म कैद वा दुवै सजाय हुने भनी उल्लेख गरिएको पाइन्छ । त्यसैगरी दफा ४ मा छोरीवेटीको विवाह गरिदिदा सो बापत दुलही पक्षले केटा तर्फबाट कुनै नगद वा जिन्सी लिन नहुने र लिएमा सजाय उल्लेख गरिएको छ । दफा ५ अनुसार दाइजो नियन्त्रणका लागि विवाह हुँदा वा विवाह पछि दुलही पक्षबाट दुलही वा दुलहालाई पनि नगद, जिन्सी, दाइजो, दान, बकस, भेटी, विदाइ, उपहारसमेत जुनसुकै रूपमा दिनुपर्छ भनी दुलाहा पक्षले कर लगाउन वा यति लिने भनी दुवै पक्षले अगावै तय गर्नुहुँदैन । दाइजो दिएन भनी दुलाहा पक्षले टन्टा गर्ने वा विवाह गर्न इन्कार गर्नुहुँदैन भनी उल्लेख गरिएको छ । विवाह हुँदा जिउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कूल परम्परा अनुसार राजीखुसीले दिनेले पनि बढीमा दश हजार सम्मको नगद, जिन्सी दिन सक्ने व्यवस्था गरिएको छ । दफा ६ मा दुलाहा पक्षका परिवारलाई अन्य कुनै आर्थिक दायित्व व्यहोर्नमा दुलही पक्षलाई प्रतिवन्ध लगाइएको छ । दुलाहाको पढाइमा लागेको वा लाग्ने खर्च वा निजलाई व्यापार वा व्यवसायमा लगाउन चाहिने पूजी वा दुलाहा तर्फको विवाह खर्च दुलही पक्षबाट लिन नहुने साथै जन्ती लादा लागेको बाटो खर्च तथा खाना खर्च दुलही पक्षले बेहोर्न वा व्यहोराउन हुदैन र जन्त जानेहरूलाई कुनै किसिमको नगद, जिन्सी उपहार दिन नहुने समेत व्यवस्था गरेको पाइन्छ । दफा ७ अनुसार विवाहमा जन्ती सम्बन्धी नियन्त्रणका लागि बाजाबाला लगायत एकाउन्न जनाभन्दा बढी जन्ती वा वरियात लान नहुने उल्लेख छ । त्यसैगरी दफा ८ अनुसार दुलाहा तथा दुलही पक्षबाट आयोजित भोजमा नजिकको नातेदार बाहेक अरु छरछीमेकी र इष्टमित्रहरू मध्येबाट एकाउन्न जनाभन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्न नपाइने, सो उल्लङ्घन गरेमा सजायँको व्यवस्था गरिएको छ । सामाजिक व्यवहार सम्बन्धमा लैजाने वा पठाउने दाइजो लगायत कुनै पनि व्यवहार वा उपहार भड्किलो रूपमा प्रदर्शन गरी लैजान वा पठाउन नहुने उल्लेख छ । यसरी सामाजिक व्यवहार सुधार ऐनका विभिन्न दफामा विवाह वा विवाह पश्चात् दिने, लिने दाइजो सम्बन्धमा नियम र मापदण्ड उल्लेख भएका छन् । जसअनुसार सामाजिक व्यवहार नभएमा दण्ड वा सजाय पनि उल्लेख गरिएको छ । सामाजिक व्यवहारमा भइरहेको र बढदो प्रतिस्पर्धात्मक तडक

भडक र फजुल खर्चमा नियन्त्रण गर्न जारी भएको ऐनको उद्देश्य र भावना अनुसार यस ऐनलाई प्रभावकारी रूप दिन सकेको पाइदैन । यस कार्यमा सरकारी नियन्त्रण फितलो देखिन्छ (श्रेष्ठ, २०६६) ।

## २.३ महिला अधिकार सम्बन्धी ऐतिहासिक पृष्ठभूमि

मानव अधिकारको अवधारणा भित्रै महिला हक अधिकारको विषय पनि समाहित भएकाले मानव अधिकारको अवधारणाले विकास सँगसँगै महिला हक अधिकारको अवधारणा पनि विकास भएको मान्न सकिने भए तापनि महिला अधिकारको विषयमा संस्थागत प्रयास २० औं शताब्दीको प्रारम्भसम्म हुन सकेको पाइदैन् । बिसौं शताब्दीमा आएर मात्र पुरषसरह महिलाले पनि आर्थिक, सामाजिक, राजनीतिक लगायतका राष्ट्रिय जीवनका समग्र क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनुपर्छ भनी औपचारिक रूपमा महिला अधिकारको सम्वन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ स्थापना हुँदा तयार भएको वडापत्रमा अन्तर्राष्ट्रिय समूदायबाट महिला र पुरुष बीच समानता एवम् मानव अधिकारप्रति सम्मान कायम हुनुपर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ डिसेम्वर १० को मानव अधिकार विश्वव्यापी घोषणापत्रले अझ सशक्त तुल्यायो । महिला वर्गको सामाजिक, आर्थिक, एवम् राजनीतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्र संघले महिलाको स्थिति सम्बन्धी आयोग (Commission on the status of Women ) गठन गऱ्यो । शताब्दीऔं देखि विद्यमान महिला र पुरुष कामदार वीचको असमान ज्याला सम्बन्धी प्रथा हटाउने उद्देश्यले सन् १९५१ मा विना भेदभाव महिला र पुरुषलाई समान ज्याला दिनुपर्छ भन्ने मान्यता घोषणाको साथै समान ज्याला सम्बन्धी महासन्धी सन् १९५१ अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा पारित गरियो ।

महिलाको राजनीतिक सहभागितालाई सुनिश्चित गर्न सन् १९५२ मा महिलाले मत दिन पाउने राजनैतिक अधिकार सम्बन्धी महासन्धि संयुक्त राष्ट्रसंघद्वारा पारित भयो । त्यस्तै महिलाको नागरिकता परिवर्तन गर्ने सम्बन्धमा व्यवस्था गर्न महिलाको नागरिकता अधिकार सम्बन्धी महासन्धि १९५० जारी गरियो । सन् १९६० मा महिला माथि हुने रोजगारी र पेशागत भेदभावलाई उन्मूलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा पेसा र

रोजगारीको भेदभाव उन्मुलन सम्बन्धी महासन्धि पारित गरियो । यसको दुई वर्षपछि सन् १९६२ मा विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो ।

महिलामाथि हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धमा सन् १९६७ मा अन्तर्राष्ट्रिय सहमति कायम भयो । महिलाको उत्थान र विकास सम्वन्धमा जोड दिदै संयुक्त राष्ट्रसङ्घले सन् १९७५ वर्षलाई अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गऱ्यो । यसको परिणामस्वरुप सन् १९७५ मा पहिलोपल्ट मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनले समानता, विकास र शान्तिलाई मूलनाराको रूपमा पारित गर्दै सन् १९७६ देखि १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशकको रूपमा मनाउने निर्णय समेत गऱ्यो ।

संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा महिला विरूद्धका सवै भेदभाव निर्मुल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति भएको १२ वर्ष पछाडि सन् १९७९ मा “महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन” महासन्धि पारित भयो । प्रथमपटक अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णय गरिएको (सन् १९७६-१९८५) मध्यावधीमा कोपेनहेगनमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गरियो । विकासका निमित्त सामाजिक, राजनैतिक, आर्थिक लगायतका सम्पूर्ण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउने महिला सशक्तिकरणको अभियान प्रारम्भ गनुपर्ने कुरामा जोड दिदै सन् १९९४ मा इजिप्टको कायरोमा जनसङ्ख्या र विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो । महिला अधिकार सम्बन्धी पछिल्लो महत्त्वपूर्ण अभियानको रूपमा सन् १९९५ मा चिनको बेइजिङमा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो । उक्त सम्मेलनले महिला सशक्तिकरणका लागि कार्यक्रम लागु गर्नुपर्ने १२ बटा क्षेत्रलाई मुख्य सरोकारका क्षेत्रको रूपमा पहिचान गरी कार्ययोजना तयार गर्ने निर्देश गऱ्यो (जोसी, २०६८) ।

## २.४ महिला अधिकार सम्बन्धी नेपालको प्रयास

देशको सन्तुलित विकासमा महिलाको भूमिका र महत्त्वलाई आत्मसात गरी नेपाल सरकारले छैठौं योजनामा महिला विकासका कार्यक्रमहरू तर्जुमा गऱ्यो । सातौं योजनामा महिला विकास नीतिहरू छुट्टै उल्लेख गरी नीतिगत र कार्यगत प्रयासको थालनी भयो । यसैगरी अन्तर्राष्ट्रिय महासन्धिहरूको घोषणापत्रका प्रावधान र अन्तर्राष्ट्रिय महिला

सम्मेलनहरूमा दर्साइएका प्रतिवद्धतालाई दृष्टिगत गर्दै नेपाल अधिराज्यको संविधान वि.सं.२०४७ मा महिला विकासका लागि विशेष व्यवस्था गर्न सकिने प्रावधान उल्लेख भएको थियो । पैत्रिक सम्पत्तिमा महिलाको केही अधिकार, प्रजनन स्वास्थ्य अधिकार, यौन शोषण विरूद्धको अधिकार, विवाह तथा सम्वन्ध विच्छेदमा समान अधिकार दिलाउने समेतका व्यवस्था गर्न मुलुकी ऐन २०२० मा एघारौ संसोधन भएको छ (जोसी, २०६८) ।

चीनको राजधानी बेइजिङ्गको चौथो विश्व महिला सम्मेलन पनि नेपाली महिलाहरूको निम्ति केहि अर्थमा उपलब्धीमुलक रह्यो । बहुदलीय व्यवस्थाको आगमन अघि जतिपनि अन्तर्राष्ट्रिय स्तरका सम्मेलनहरू आयोजित हुन्थे त्यसमा ठूला ओहोदावालाहरू मात्र भाग लिएर फर्कन्थे । यसपटक निकै सक्रियता देखाउदै गैरसरकारी सङ्घसस्थाहरूको माध्यमबाट केही महिलाहरू पनि बेइजिङ्ग पुगे । उनीहरूले सम्मेलनमा भाग पनि लिए । बेइजिङ सम्मेलनले महिला अधिकारलाई औपचारिक रूपमा प्रत्याभूती दिने काम गऱ्यो । जसका निम्ति नारीवादी एवम् क्रियाशिल महिलाहरू वर्षौदेखि लड्दै आएका छन् । बेइजिङ सम्मेलनले नेपाली महिलालाई यदि केहि दिएको छ भने त्यो हो, कानुनी अधिकारलाई कानुनी रूपमा प्रत्याभूति गर्नका निम्ति अव नेपाली महिलाहरू सम्मेलनका दस्तावेजलाई आधार बनाएर लड्न सक्छन् । बहुदलीय व्यवस्था बहाली भए पछिका वर्षहरूमा नेपाली महिलाको छवी आफ्ना हक अधिकारप्रति सचेत, जुझारू र देशको प्रत्येक राष्ट्रिय सवालसित सरोकार राख्ने नागरिकको रूपमा स्थापित भएको छ । महिलाहरूले जुन जागरूकता र सजगताका साथ यी वर्षहरूमा आफ्ना सामुदायीक हितका कुरा उठाए त्यसैले केही आशालाग्दो भविष्यको संकेत गरेको छ (**इन्सेक, १९९६**) ।

## २.५ लैङ्गिक समानताप्रति नेपालको प्रयास

शताब्दीयौं देखि नेपाली महिलाहरू लैङ्गिक रूपमा विभेदित छन् । सांकृतिक रूपमा विकसित लैङ्गिक भिन्नताका कारण यस्तो भेदभावको सिर्जना भएको हो । यस्तो भेदभावले महिलालाई समाजमा अधिनस्थ स्थितिमा रहन बाध्य बनाएको छ भने, सांस्कृतिक परम्परा एवम् व्यवहार, कानुन तथा संस्थागत संयन्त्रहरूले यसलाई अझ प्रश्रय दिएको छ । समानतालाई आधारभूत अधिकारको रूपमा सुनिश्चित गर्ने उचित वातावरणको सिर्जना गर्नु राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानुन अन्तरगत राज्यको एउटा प्राथमिक दायित्व हो । लैङ्गिक

समानता कायम गर्ने सम्बन्धमा नेपालमा राज्यको तर्फबाट भएका प्रयासहरूलाई हेर्दा प्राचीन र मध्यकालमा शासन व्यवस्था शास्त्र र परम्परामा आधारित पद्धतिबाट सञ्चालन भएको देखिन्छ । संहिताबद्ध कानुनको रूपमा वि.स १९१० को मुलुकी ऐनलाई लिन सकिन्छ । राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखतको रूपमा जारी भएको “नेपाल सरकार बैधानिक कानुन २००४” ले सीमित मात्रामा भए तापनि प्रथम पटक आधारभूत मौलिक हक प्रदान गऱ्यो ।  त्यसपछि जारी भएका बैयक्तिक स्वतन्त्रता सम्बन्धी ऐन २००६, अन्तरिम शासन विधान २००६, बन्दी प्रत्यक्षीकरण सम्बन्धी ऐन २००८ र नागरिक अधिकार ऐन २०१२ जस्ता केही महत्त्वपूर्ण कानुनद्वारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाईन्छ । नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९ द्वारा लिङ्गको आधारमा भेदभाव नगरिने प्रत्याभूति र बालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानुनी संरक्षण दिने प्रयास भएको पाइन्छ । त्यस्तै नेपाल अधिराज्यको संविधान २०४७ ले महिला महासन्धि अनुरूप सारभूत समानताको भावनालाई अंगिकार गरेको छ । यसले समानताको अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानले सवै नागरिकहरू कानुनको अगाडि समान हुने व्यवस्था गरेको छ । कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने र सामान्य कानुनको प्रयोगमा कुनैपनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने व्यवस्था छ । संविधानले लिङ्गको आधारमा नागरिकहरू विच भेदभाव नगर्ने प्रावधान मात्र उल्लेख गरेको नभई यसले महिला हितको संरक्षण तथा विकासको लागि विशेष व्यवस्था अपनाउन सक्ने प्रावधानको व्यवस्था समेत गरेको छ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

वि.स. २०२० भाद्र १ मा जारी भएको मुलुकी ऐनले बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता प्रथालाई रोक लगायो । पुराना कुरीति, कुप्रथा, अन्धविश्वास र परापूर्वकालदेखि चली आएका कानुनी प्रावधानको उन्मुलन गऱ्यो । वि.स २०५९ मा भएको एघारौं संसोधनले छोरीलाई पैतृक सम्पत्तिको समान अधिकारको व्यवस्था गरेको छ । यसबाट महिलाहरू पैतृक सम्पत्तिमा भागिदार बनेका छन् । त्यस्तै महिलामाथि हुने असमानतालाई हटाउन २०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो । आ.व २०५७/०५८ मा महिला विकास विभागको गठन आदि । वेलावेलामा तर्जुमा भएका राष्ट्रिय

कानुन र न्यायिक निर्णय विभिन्न योजना तथा नीतिहरूले समेत महिलाको पक्षमा विशेष व्यवस्थाको अवधारणालाई अङ्गिकार गरेको छ । महिलाको उत्थान र विकासको उद्देश्यले सारभूत समानताको सिद्धान्तमा आधारित भई बनेका १५० ओटा कानुनी व्यवस्थाहरू पहिचान गरिएका छन । नेपाल अधिराज्यको संविधान २०४७, मुलुकी ऐन लगायतका ३५६ ऐनहरू र २१० नियमावलीहरू अध्ययन गर्दा महिलाको लागि १५० सङ्ख्यामा कानुनी प्रावधानहरू पत्ता लागेको छ । विभिन्न कानुनहरूमा छरिएर रहेका विशेष व्यवस्थालाई निम्न रूपमा वर्गीकरण गर्न सकिन्छ ।

तालिकाः २.१

महिलाका लागि भएका विशेष कानुनी व्यवस्थाहरू

| क्र. स. | विशेष व्यवस्थाका क्षेत्र | संविधान | मुलुकी ऐन | ऐन | नियमावली | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | अवधारणा व्यवस्थाहरू | ३ | - | १३ | - | १६ |
| २ | राजनीतिक तथा सार्वजनिक सहभागिता | २ | - | २३ | - | ३३ |
| ३ | शिक्षा | - | - | ४ | ५ | ९ |
| ४ | रोजगारी | - | - | ९ | १२ | २१ |
| ५ | स्वास्थ्य | - | १ | ५ | २५ | ३१ |
| ६ | महिला विरुद्धको हिंसा | - | ४ | २ | १ | ७ |
| ७ | अदालती कार्य विधि तथा लैङ्गिक न्याय | - | ६ | ९ | ५ | २० |
| ८ | वैवाहिक पारीवारिक जीवन | - | २ | १ | - | ३ |
| ९ | विविध | - | १ | १ | ८ | १० |

*स्रोत : मल्ल : २०६०:४७ ।*

नेपाल अधिराज्यको संविधान २०४७ धारा ११ मा कुनै पनि नागरिक कानुनको दृष्टिमा समान छ भनिएको छ । उक्त धाराको उपधारा ५ मा समान कामको लागि महिला र पुरुष लाई ज्यालामा भेदभाव गरिने छैन भनिएको छ । सोही धाराको प्रतिबन्धात्मक वाक्याँसमा महिलाहरूलाई विशेष अवस्थामा संरक्षण गर्न सकिने व्यवस्था समेत गरेको थियो । सोही संविधानको धारा २६ मा महिलाहरूको रोजगार, शिक्षा, स्वास्थ्य नीतिको विशेष व्यवस्था

गरी राष्ट्रिय विकासमा महिलाहरूलाई सहभागी बनाउने नीति, राज्यको हुने व्यवस्था गरिएको थियो । यसैगरी संविधानको धारा १४४ मा राजनीतिक दलहरूले प्रतिनिधि सभाको निर्वाचनमा उमेदवारी दिँदा कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार उठाउनु पर्ने भनी किटानी गरिएको थियो । राष्ट्रिय सभामा पनि महिला प्रतिनिधित्वको व्यवस्था संविधानले गरेको थियो । विकासको मूल प्रवाहमा महिला वर्गलाई सहभागी गराउन, विकासको प्रत्येक क्षेत्रमा उनीहरूको संलग्नता बृद्धि गर्न, सामाजिक आर्थिक, शैक्षिक राजनैतिक र कानुनी स्थितिमा सुधार गर्ने प्रयासहरु भएका छन् । उपयुक्त ज्ञान र सिपद्वारा उनीहरूलाई दक्षता बृद्धि गरी उत्पादनशिल रोजगारीका अवसरहरू प्रदान गर्नको लागि उपयुक्त वातावरण र पूर्वाधार सिर्जना गर्नका निम्ति आठौ योजनामा महिला विकास सम्बन्धी विभिन्न नितिहरू अपनाइएका थिए । हालसम्म निर्माणाधिन योजनाहरूमा समेत लैङ्गिक समानता कायम गर्ने उद्देश्यले महिला सशक्तीकरणको पक्षमा ठोस कदम चालेको पाइन्छ । सामाजिक जीवनमा समान सहभागिता, महिला उत्थान र विकासका लागि लैङ्गिक समानतालाई जोड दिन नेपालले पनि संयुक्त राष्ट्रसंघको सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष र १९७६-८५ को दशकलाई महिला दशकको रूपमा मनाउने आह्वानलाई अक्षरस पालना गरेको पाइन्छ ।

नेपालको पहिलो गणतान्त्रिक अन्तरिम संविधान २०६३ ले लैङ्गिक समानता साथै महिला सशक्तिकरणका लागि केही उत्साहजनक थप व्यवस्था गरेको पाइन्छ । जसमा विभिन्न धाराहरूमा महिला सम्बन्धी कानुनी आधार बनाईएको छ । जस्तै धारा १३ मा सवै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानुनको समान संरक्षणबाट बन्चित गरिने छैन । सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा बौचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । राज्यले लिङ्गका आधारमा भेदभाव गर्ने छैन । समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन । धारा २० मा महिला हक अन्तरगत महिला भएकै कारणबाट कुनै किसिमको भेदभाव गरिने छैन । प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ । कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक, वा अन्य कुनै किसिमको हिंसाजन्य व्यवहार गरिने छैन । त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ । पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ । त्यस्तै धारा २१ सामाजिक न्यायको हकमा महिला लाई समानुपातिक, समावेसी सिद्धान्तको

आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । त्यस्तै धारा २९ मा शोषण विरूद्धको हक, अन्तरगत प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ । प्रथा,परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन भनिएको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

**धर्म र संस्कृतिबाट अधिपत्यता प्राप्त पितृसत्तात्मक मूल्य र मान्यताबाट निरन्तर प्रभावित महिलाहरूले अझै पनि लैङ्गिक विभेदको सामना गर्नुपरेको छ । समाजमा विद्यमान लैङ्गिक अन्तरलाई न्यून पार्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट केही प्रयास नभएका पनि होइनन् तर अपर्याप्त कानुन, विद्यमान कानुनमा रहेका कमी कमजोरीहरू तथा उचित कार्यान्वयनको अभावमा महिलाहरू अरू** बढी पिडित र विभेदित भइरहेका छन् । विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरू अन्तर्गत राज्यले पुरा गर्नुपर्ने दायित्वलाई निर्धारित गरी महिलाको लागि विशेष कानुनी व्यवस्थाको तय, शिक्षा, स्वस्थ्यका साथै स्थानीय तहको विकास निर्माण कार्य र रोजगारमा महिलाको सुनिश्चितता, महिला विरूद्ध भेदभाव उन्मुलन गर्न सकारात्मक व्यवस्था, घरेलु हिंसा विरूद्धको आवाज साथै अन्तरिम संविधान २०६३ ले गरेका राज्य सञ्चालनको संयन्त्रमा महिलाको समावेसी उपस्थिति, आमाको नामबाट नागरिकताको सुनिश्चितता, सम्पत्ति सम्बन्धी अधिकारको सुनिश्चितता आदि यसका केही उदाहरणहरू हुन । निश्चय पनि यस किसिमको प्रतिवद्धतालाई लैङ्गिक समानता र विकासको उपलब्धि मान्न सकिन्छ ।

लैङ्गिक समानताका लागि गरिएका विभिन्न प्रयासहरूका बाबजुद पनि समाजमा लामो समयदेखि विद्यमान परम्परागत पितृसत्तात्मक सोंच साथै यसैमा आधारित सस्कार संस्कृति र मूल्य मान्यताका कारण अझै पनि लैङ्गिक समस्या मुलुकमा एक गम्भिर समस्याका रूपमा खडा छ । संसारले एक्काइसौं शताब्दीमा फड्को मारिसकेको अवस्थामा पनि हाम्रो समाजमा दाइजो प्रथाद्वारा श्रृजित र मानसिक एवम् दुर्व्यवहारहरू दिनानुदिन बढ्दो क्रममा छन् । यसबाट हाम्रो समाजमा महिलाको मानव अधिकारको उल्लङघन भएको अनुभव हुन्छ । समयानुकुल उन्नतीको लाभ समान रूपमा महिलाहरूले उपभोग गर्न पाएका छैनन् । तमाम सवै प्रयास र प्रतिबद्धताका बाबजुद पनि छोरा र छोरी बिच रहेको फरक सामाजिकीकरण र विभेदले लैङ्गिक असमानता विद्यमान रहेको छ । पुरातन सोंच र अन्धविश्वास हट्न सकेको छैन । महिलामाथि हुने सवै खाले हिंसाको साथसाथै मानवीय

संवेदना र मूल्य मापन गरिने समाजमा अझै अस्तित्वमा रहेको दाइजो प्रथा पनि सर्वव्यापी रूपमा झन विकराल हुँदै गएको पाउँन सकिन्छ । महिलासँग प्रत्यक्ष प्रभाव पर्ने दाइजो प्रथा र यसले ग्रामिण समाजमा पारेको प्रभावलाई बुझी उचित अध्ययन अनुसन्धान गर्ने सोच बनाइएको हो ।

## २.६ महिला विरूद्धको हिंसा

हामी मानवजाति समाजमा रहन्छौं । कतिपय सन्दर्भमा समाजबाट हामी लाभान्वित हुन्छौं । अपितु असामाजिक विसङ्गतिहरूद्वारा हामी पीडित पनि हुन्छौं । मानवीय सृजनाले भौतिक विकास र सभ्यताको निर्माण सम्भव भैरहेको छ । परन्तु समाजमा व्याप्त अन्धविश्वास, रुढीवाद, कुरीति, अज्ञानता कतिपय असामाजिक प्रथा, परम्पराको प्रत्युत्पादक उपजको रूपमा समाज र सामाजिक व्यवस्थालाई डस्ने तथा हानी पुऱ्याउने खराब प्रचलनहरूको विकास पनि हुने गर्दछ । दाइजो प्रथा समाजमा प्रचलित खराब प्रचलनमध्ये एउटा मानिन्छ । यो प्रथा विश्वव्यापी रोगकै रूपमा सर्वत्र व्याप्त छ । कतिपय सन्दर्भमा दाइजो प्रथा सर्मनाक विडम्बनाको रूपमा सावित भएको छ । दाइजोबाट उत्पन्न हिंसाले महिलाको ज्यान लिने र एसिड आक्रमण जस्ता घटना सृजना गरेको छ । एमनेष्टी इन्टरनेशनलले कैयौं यस्ता घटनाहरू सार्वजनिक गरेको हुन्छ । यस्ता घटना खासगरी महिलालाई सम्पत्ति वा वस्तुको रूपमा व्यवहार गरिदा सृजना हुन्छन् । जुन बावुआमाले छोरीलाई मनग्गे दाइजो दिन सक्दैनन् त्यस्ता महिलाहरू आफ्नै पति वा घर परिवारका सदस्यबाट प्रताडित वा दण्डीत हुन्छन्, मृत्यु सम्मका घटना घट्ने गरेको पाइन्छ । महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धी १९७९ ले महिला विरूद्ध हुने हिंसालाई ३ किसिमले वर्गीकरण गरेको छ । एउटा परिवारभित्र घट्ने हिंसा जुन दाइजोबाट उत्पन्न हुन्छ । दोस्रो, समुदायमा घट्ने घटना, तेस्रो राज्य घटनाप्रति बेखबर बन्ने दण्डहीनताको अवस्था । हाम्रो समाजमा सभ्रान्त परिवार वा राजनैतिक संरक्षणमा यस्ता कैयौं घटना कारबाहीको दायराभित्र आउँदैनन् । पारिवारिक हिंसा अन्तर्गत शारीरिक, यौनिक, मानसिक यातना पर्दछन् । सार्वजनिक रूपमा बलात्कार, यौन अङ्ग छेदन तथा शोषणजन्य घटनाहरू पर्दछन् । किर्ति सिंहले दाइजोलाई हाम्रो समाजमा छोरालाई प्राथमिकता दिने मानसिकताको विकृति भनेकी छन् । छोरी भएकै कारण गर्भ तुहाउने र जन्मपछि पनि दुर्व्यवहार गरिने

प्रचलन रहेको उल्लेख गरेकी छन् । यूनिसेफले बालविवाहको कारण दाइजोलाई मानी व्याख्या गरेको छ । बिरेन्द्र कुमारको अध्ययनले भारतीय उप-महादिपमा दाइजो सम्बन्धी मृत्युका घटना धेरै हुने उल्लेख गरेका छन् । उनले यस क्षेत्रमा प्रतिवर्ष ७५० देखि २५००० पीडित महिलाको मृत्यु हुने उल्लेख गरेका छन् । सन् २००६ को सरकारी रेकर्ड अनुसार ७६१८ को मृत्यु भएको थियो । रक्षिन्द प्रविणले पाकिस्तानमा दाइजोसँग सम्बन्धित युवती जलाउने घटना हजारौंको सङ्ख्यामा घट्ने कुरा उल्लेख गरेका छन् । एक अध्ययनमा उल्लेख भए अनुसार भारतमा कूल अपराधिक घटनामध्ये ४.६ प्रतिशत दाइजोसँग सम्बन्धित हुन्छन् । त्यस्तै १.९ प्रतिशत घटना दाइजो सम्बन्धी कानुन उल्लङ्घन गर्ने खालका हुन्छन् । सन् १९९८ देखि २००९ सम्म भारतमा प्रति एक लाख महिलामा ०.७ महिलाको मृत्यु दाइजोजन्य घटनाबाट भएको उल्लेख छ । कियानीको सन् २०१४ को अध्ययनबाट इरानमा पनि दाइजोजन्य महिला हिंसा तथा मृत्युका घटना धेरै हुने उल्लेख छ । नेपालमा पनि दाइजोजन्य अपराधिक घटना, यातना तथा मनोवैज्ञानिक दवाव दिने घटनाहरू समाजमा घटिरहने कुरा सञ्चार माध्यमबाट चर्चा भैरहन्छ । महिला सुधारका जति नाराबाजी भए तापनि यथार्थमा वाञ्छित सुधार हुन सकिरहेको छैन । अहिलेको लोकतान्त्रिक समयमा पनि महिलाका पक्षमा हुने हिंसात्मक घटनाहरूमा कमी आएको छैन । कतिपय सन्दर्भमा राज्य बेखबर र दण्डहीनताको अवस्थामा रहन्छ जुन दुःखद पक्ष हो (Wikipedia)।

## २.७ सैद्धान्तिक समिक्षा

दाइजोको प्रकृति सम्बन्धी प्रतिपादित सिद्धान्त दुई किसिमका छन् । एउटा मत अनुसार दाइजोलाई वैवाहिक बजारमा मूल्य निर्धारण गर्ने मान्यताको रूपमा लिइन्छ । यसलाई "दि प्राइस मोडेल" (मूल्य निर्धारण नमूना) को रूपमा प्रस्तुत गरिएको छ । यस मोडललाई बेकर (१९९१) ले प्रस्तुत गरेका छन् । दाइजो सामान्यतया विवाहका अवसरमा वा विवाह तय गर्ने सिलसिलामा निर्धारण गरिन्छ । यसमा केटा पक्ष र केटी पक्षका आफन्तहरू संलग्न रहन्छन् । कतिपय अवस्थामा मध्यस्थकर्ताबाट तय गरिन्छ । प्राइस मोडलसँग सम्बन्धित दाइजोलाई केटी पक्षका आमावावुलाई केटा पक्षबाट क्षतिपूर्तिको रूपमा दिइने नगद वा जिन्सी भन्ने बुझिन्छ । दक्षिण एसियाली मुलुकहरूमा महिलाहरू प्राय श्रमबजारमा सहभागी हुँदैनन् । त्यस्तै परिवारको आम्दानी हुने आर्थिक क्रियाकलापका क्षेत्रमा पनि कमै योगदान

पुऱ्याउँछन् । खासगरी यो परम्परागत प्रचलन हो । प्रायजसो महिला आर्थिक लाभका क्षेत्रमाभन्दा घरधन्दा तथा बच्चाको स्याहार सुसारमा संलग्न रहन्छन् ।

यो मोडेल अनुसार ल्यागत वा स्तरका आधारमा केटा वा केटीको हकमा दाइजोको मात्रा कम वा बढी निर्धारण हुने गर्दछ । बैवाहिक बजारमा केटा वा केटीको विवाहको उमेर, आम्दानी गर्न सक्ने क्षमता, शिक्षाको स्तर, शारीरिक आकर्षण, रूप, परिवारको आर्थिक-सामाजिक स्तर तथा पहिलो वा दोस्रो कुन किसिमको विवाह हो, आदि विषय वा सवाल अनुसार विवाहमा दाइजो निर्धारण गरिन्छ । यस्ता मापनका मापदण्ड समाज, संस्कृति, विवाहयोग्य उमेरका केटाकेटीको सङ्ख्या आदि कुरामा भर पर्दछ । विद्वान् राव (१९९३) ले यस किसिमका सवाल वा घटनालाई “डरी इन्फ्लेसन” (दाइजोको मूल्य स्फिति) तथा “मेरिज स्क्वीज” (दाइजोमा मूल्य बढाबढको अवस्था वा दवाव) भनि उल्लेख गरेका छन् ।

विलिज (१९९२), फिलिप्स (२००३), श्रीनिवास (२००५) को अध्ययन अनुसार केटीको शिक्षा तथा आर्जन गर्ने क्षमताले भारतीय बैवाहिक बजारमा दाइजो निर्धारणमा त्यति महत्व राख्दैन जति केटाको हकमा राख्दछ । अर्कोतर्फ कुनै अध्ययनले भने कमाउ वा क्षमतावान महिलाको भारतीय वैवाहिक बजारमा छुट्टै महत्व राख्दछ । गुणस्तर मापनका विषयमा चर्चा गर्दा सन्तान उत्पादन गर्ने महिलालाई ग्रामिण कृषिमूलक आर्थिक अवस्था भएका समाजमा बढी महत्व दिइन्छ । अध्ययन क्षेत्र तथा नेपाली समाजमा माथि उल्लेखित दाइजोमा मूल्य निर्धारण सिद्धान्त मनोवैज्ञानिक रूपमा केही मात्रामा प्रभावित मानिए तापनि व्यवहारिक रूपमा राम्ररी कार्यान्वयनमा ल्याएको पाइदैन । अध्ययनमा औंल्याइएका कुराहरू भने समाज सापेक्ष छन् । महिलाहरू वस्तु जस्तै भोग्याको रूपमा हेरिने सामाजिक कुसंस्कारले दाइजो जस्तो विकृति बढेका हुन् र कम दाइजो ल्याउने युवतीहरू घरेलु तथा सामाजिक हिंसाको सिकार भएका छन् । पहिले छोरीको भलाईको लागि सदाशयपूर्ण तरिकाले प्रदान गरिने दाइजो अहिले आएर अनिवार्य र वाध्यकारी भएको छ जुन विकृतिजन्य कुरा हो ।

दोस्रो सैद्धान्तिक मोडलको रूपमा “बेक्विष्ट मोडल” पर्दछ । यसलाई त्यस्तो खालको दाइजोको रूपमा जानिन्छ, जसलाई केटी पक्षका बावुआमाले विवाहका अवसरमा छोरीलाई स्वेच्छिक दान वा इच्छा दान, उपहारका रूपमा प्रदान गर्दछन् । यस्तो दाइजोरुपी

सम्पत्तिमा केटा पक्षका परिवारको सगोलमा हक लाग्दैन केवल दाइजो प्राप्त गर्ने महिला र उसमा आश्रित परिवारको मात्र तजबिजमा उक्त सम्पत्ति रहन्छ । विद्वान् बेकर (१९९१) का अनुसार सम्पत्ति माथि अधिकार नभएका र पैतृक सम्पत्तिमा कानुनी हक स्थापित नभएका चेलीहरूलाई अभिभावकले उसको निजी उपभोगको लागि यस्तो सम्पत्ति प्रदान गर्दछन् । दक्षिण एसियाका समाज जहाँ विवाह भएपछि केटी आफ्नो लोग्नेको घरमा जीवनभर बस्नुपर्ने चलन हुन्छ, त्यस्तो पुरुषप्रधान परिवारमा यस्तो चलन पाइन्छ । सन् २००५ मा संशोधित हिन्दु सम्पत्ति उत्तराधिकार सम्बन्धी ऐनमा भारतमा छोरीले पनि छोरा सरह पैतृक सम्पत्तिमा भागीदार बन्न सक्ने व्यवस्था रहेको छ । मुस्लिम समुदायमा भने अविवाहित छोरीले पैतृक सम्पत्ति छोराले पाउनेमा आधा हिस्सा मात्र पाउँने अधिकार राख्दछिन् । यी कानुनी प्रावधानका वावजुद पनि छोरीहरूले पैतृक सम्पत्ति खासै दावी गर्ने प्रचलन पाइदैन । स्वेच्छिक रूपमा दाइजो दिनुको अर्थ छोरीले विवाहित घर गएपछि पनि मातृ घरका परिवार सरहको हैसियतमा जीवन गुजारा गर्न सकुन् भन्ने हो । दक्षिण एसियाली समाजमा हिन्दु, मुस्लिम, इसाई तथा ट्राइबल समुदायमा दाइजो प्रथा उस्तै किसिमको पाइन्छ ।

विश्वमा व्याप्त आधुनिकीकरणले युवा (केटा) हरूको श्रम तथा रोजगारीको दायरा बढाएको छ । त्यसैअनुरुप आम्दानीको अनुपातमा वृद्धि भएको छ । परन्तु, महिलाहरूको श्रम र क्रियाशिलताको अवस्था उस्तै एकरूपताको पाइन्छ । प्राय केटी (महिला) हरू घरमै रहने गर्दछन् । दक्षिण एसियाली समाजको परिदृश्य उस्तै छ । महिलाको भलाई तथा स्तर उन्नति केही हदसम्म दाइजोमा निर्भर रहन्छ । यदि दाइजोलाई वस्तु, धन अथवा भौतिकवादी दृष्टिकोणले मूल्याङ्कन गर्ने हो भने यसले समाजमा दुःख, पीडा र बाध्यता सृजना गर्दछ । जसले नकारात्मक अवस्था सृजना गरी महिला हिंसा, शोषण, यातनाजन्य विकृति सृजना गर्दछ । यस्तो अवस्थामा महिला हितका कुरा सुरक्षित हुँदैनन् । परन्तु दाइजोरूपी सम्पत्तिलाई सदाशयतापूर्वकको इच्छादान तथा स्वेच्छिक उपहार (बेक्विष्ट मोडल) को रूपमा मान्ने हो भने यसले महिलाको भलाइ नै गर्दछ । यस्तो सम्पत्तिले महिलाको आर्थिक जीवनमा भलाइको काम गर्दछ । आखिर बावुआमाका नजरमा छोरा वा छोरी सामान सन्तती हुन् । एउटा सुखी र अर्को दुखी हुँदा बावुआमालाई पीडा र बेचैनी हुन्छ नै । छोरालाई कमाइको स्रोत, जीवनको आधार, गौरब र भरोसाको केन्द्र तथा मानवीय पूँजि

मान्ने हाम्रो पुरुष प्रधान सोंचाइले पनि छोराछोरी बीचमा विभेद सृजना गरेको छ । छोरा साथमै रहने र छोरी पराइघर जाने चलनले पनि हेराइ र मूल्याङ्कनमा पृथकता ल्याएको पाइन्छ । परन्तु परेका बखत छोरीले पनि बावुआमालाई सहयोग पुऱ्याएकै हुन्छन् । त्यसैले यस विषयलई अतिरञ्जित किसिमले भन्दा व्यवहारिक किसिमले सोच्नुपर्दछ (मेमाई, २०१४)।

अध्ययन क्षेत्रको समाज अथवा समष्टीगत नेपाली समाज "बेक्वीष्ट मोडल" मा त्यति सकारात्मक देखिदैन । सायद कृषिमा आधारित अर्थतन्त्र भएकोले अधिकांश मध्यमखाले पारिवारिक क्षमता भएको सामाजिक संरचना भएर होला, छोरीलाई स्वेच्छिक रूपमा मनग्गे दाइजो दिन सक्ने परिवार नेपालमा धेरै कम छन् । यसो भनिरहँदा हाम्रो समाजमा छोरीलाई छोरा सरह समान व्यवहार गर्ने उदारमना अभिभावक छैनन् भन्न खोजिएको होइन । कतिपय हुने खाने संभ्रान्त परिवारले इच्छादानका रूपमा छोरीलाई पनि जीवन राम्ररी चलोस् भन्ने हेतुले मनग्गे दाइजो दिने गरेका उदाहरण पनि छन् । आखिर सम्पत्ति आफ्नै सन्ततिहरूका लागि हो, सन्तानलाई पर्गेल्नु नै किन पऱ्यो र ! माइती तर्फको पैतृक सम्पत्तिको हकदार छोरी मात्र छन् भने त्यस्तो अवस्था र अन्य अवस्थामा समेत केटा घर जुवाइको रूपमा केटीको माइती घरमै बस्ने प्रचलन पनि छ । यस अवस्थालाई पनि यसै सैद्धान्तिक दायराभित्र पार्न सकिन्छ ।

आजभोलि दाइजोको नाउँमा धनाढ्य मानिसहरूले छोराछोरीको विवाहमा भड्किलो व्यवहार देखाउने हुनाले यसप्रति नकारात्मक सोचाइ बढ्न थालेको छ । आफ्नो सम्पत्ति छोराछोरीलाई असहज परिस्थितिका बेला जहिले पनि दिन सकिन्छ । सार्वजनिक तडक भडक गर्नु जरुरी हुँदैन । अर्को पक्ष कतिपय समाजमा भनेजति दाइजो नल्याएकै कारण बुहारी वा श्रीमतीलाई घरतर्फका परिवारले यातना, खप्की दिने, भौतिक एवम् शारीरिक क्षति पुऱ्याउने काम गर्दछन् । यो पक्ष अत्यन्त निन्दनीय र अमानवीय पक्ष हो । त्यस्ता पीडादायक व्यक्ति र परिवारलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्दछ । दाइजोको भड्किलोपनले निम्न र मध्यम परिवारका मानिसलाई पीडाबोध भएको छ । त्यसैले उनीहरू छोरीको भ्रुण हत्या तथा जन्मपछि कुपोषणले ग्रस्त अवस्थामा बालिकाहरू जीउनुपर्ने अवस्था सृजना भएको छ । यसैले समष्टि रूपमा मूल्याङ्कन गर्दा दाइजोप्रति धेरै मानिसको नकारात्मक धारणा विकसित भएको छ । यस्तो प्रवृत्ति तथा चलन हटाई बहुजनहितको

मध्यमार्गी बाटो अपनाउन उपयुक्त हुनेछ । यहि नै सवै वर्गका मानिसको लागि हितकारी विषय हुनेछ ।

माथि उल्लेखित सिद्धान्त एवम् मान्यताका अलावा दाइजो सम्बन्धी सवालमा लैङ्गिकता सम्बन्धी सिद्धान्त, नारीवादी सिद्धान्त, विकासवादी सिद्धान्त समेत आकर्षित हुन्छन् । सबैलाई समेट्न नसकिएकोले ती पक्षलाई शोधपत्रमा सारभूत रूपमा चर्चा गरी माथि उल्लेखित सिद्धान्तहरूलाई विशेष फोकस गरिएको छ । खासमा ती सिद्धान्तमा व्यवहारिक पक्ष टड्कारो रूपमा पाइएकोले प्राथमिकता भित्र पारिएको हो ।

## २.८ पूर्व साहित्य समिक्षा

नेपालका विभिन्न भू-भागमा बसोबास गर्ने विभिन्न जात जातिहरू र तिनीहरूले अनुसरण गर्दै आएका संस्कार, संस्कृति मूल्य, मान्यता, रहन-सहन भिन्न-भिन्न पाउन सकिन्छ । त्यस्तै समाजमा अस्तित्वमा रहेका संस्थाविच पनि विभिन्नता पाउन सकिन्छ । हरेक समाजमा वैधानिक रूपमा स्थापित अनिवार्य र महत्त्वपूर्ण सर्वव्यापी संस्था विवाह हो । यसरी विभिन्न जातजाति समूहको विवाह संस्कारमा दिइने दाइजोको बारेमा विभिन्न अध्ययनहरू भएका छन् । यी अध्ययनका मूख्य भागलाई यसप्रकार उल्लेख गरिन्छ ।


बराल (२०५६) ले सम्वन्ध विच्छेदका कारण र असर सोधपत्रमा हिन्दु धर्म मान्ने तागाधारी जातिको विवाह र त्यसबाट सिर्जित सम्वन्ध विच्छेदका बारेमा अध्ययन अनुसन्धान गरेका छन् । उहाँको अनुसार दाइजो प्रकरण त ज्वाइँ खरिद गर्ने र छोरी खरिद गर्ने मानसिकताको उपज हो भन्ने मत पाइन्छ । बुहारीलाई परिवारमा सम्मान गर्न नसक्ने र ससुरालीको धनमा घोडा चढ्ने नालायक पुरुषहरूको अमर्यादित व्यवहार हो भन्ने व्याख्या गरिएको छ । त्यस्ता परिवारमा दाइजो जति दिएपनि खरिद विक्रिको मोलतोल भइनै रहने हुँदा धेरै दाइजो ल्याउने बुहारीले परिवारको सन्तुलित मर्यादा विथोलिदिएको घटनाहरू समेत चर्चा गरेका छन् । यो दाइजो प्रकरणमा धेरै ल्याउन चाहने भोकाहरू र धेरै ल्याएर खरिद गरी शासन गर्ने व्यापारीहरू दुवै कमजोर र असन्तुलित मानसिकताका उपज हुन भन्ने व्याख्या पाइन्छ । दाइजो प्रथा कै कारण परिवारमा जिउदै बुहारी जलाएको घटना, कुटपिट र सम्वन्ध विच्छेदका घटनाहरू समाजमा बढदै गएको पाउन सकिन्छ । विवाहमा दिने र लिने दाइजो

कारण भएको र यसबाट कुल कुटुम्बमा विवाह पश्चात् सुमधुर सम्बन्धको साटो वैमनस्यता हुन गई दाम्पत्यताभित्र पनि उर्जासिल आत्मीयता नहुने, साथै मनोगत हार्दिकता र सर्वाङ्गिण एकता नभई सम्बन्ध विच्छेद समेत भएका घटनाहरूलाई उल्लेख गरिएको छ ।

हिन्दु विवाहको इतिहास भन्ने ग्रन्थ लेखन ले दाम्पत्य जीवन सुखमय बनाउन परिवारमा मानसिक शान्ति आवश्यक पर्दछ भन्ने दावी गरेको छ । आर्थिक लेनदेन, दाइजो र पेवा, तिलक र दाइजो विवाहको खर्च  जस्ता कुरा प्रमुख बन्न पुग्दा लोग्नेका लागी स्वास्नीको योग्यता र स्वास्नीका लागि लोग्नेको योग्यताको महत्त्व कम भयो । शारीरीक निरोगिता र चरित्रको पनि कुनै अर्थ रहेन जसबाट दाम्पत्य जीवन असफल बन्दछ । यो रोग उच्च वर्गमा छ तापनि निम्न वर्गमा समेत चुनौती बनेको देखिन्छ । दाइजोकै मोलतोल नमिलेमा टिकोटालो गरिसकेको, कुरा छिनिसकेको विवाहको कार्य पनि स्थागित हुने गरेको पाइन्छ । यसले केटी पक्षलाई बढी अमर्यादित गर्ने तथ्य समेत ब्याख्या विश्लेषण गरेको पाइन्छ (सुवेदी, २०५६) ।

नेपालको अन्तरिम संविधान (२०६३) ले पहिलो पल्ट महिलालाई हिंसा विरुद्धको अधिकार दिएको छ । महिला भएकै कारणबाट कुनै किसिमको भेदभाव नगरिने पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने । प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुने, साथै महिला विरुद्ध शारीरीक मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न नपाइने, त्यस्ता कार्य कानुनद्वारा दण्डनिय हुने व्यवस्था  छ (अन्तरिम संविधान २०६३, धारा २०) । कानुनी पक्ष जे जस्तो भएपनि व्यवहारिक पक्ष फितलो हुनाले कार्यान्वयन पक्ष कमजोरीका कारण घरेलु हिंसा घट्नुको सट्टा दिनानुदिन बढदै गएको पाउँन सकिन्छ । नेपाली महिलाहरूलाई आफ्नो जीवनको सवै क्षेत्रबाट परापूर्व कालदेखि नै भेदभाव गरिएको छ । पितृसत्तात्मक समाज साथै पूरातन सांस्कृतिक अभ्यासको आधारमा महिला माथि हुने हिंसात्मक घटनाहरू बढदै गएको पाइन्छ । सन् २०१२ मा महिला हिंसाका घटनाहरू ८९९ थिए भने सन् २०१३ मा घटनाहरू तेव्वर बृद्धि भएको पाउन सकिन्छ । महिला माथि हुने हिंसा मध्ये ५०% भन्दा बढी घरेलु हिंसा छन् । प्राचिन समयदेखि समाजमा अस्तित्वमा रहेको दाइजो प्रथा सँग सम्बन्धीत हिंसा दिनानुदिन बढेको पाइन्छ । दाइजोको कारण शारीरिक हिंसा तथा आगो लगाउने, शरीरमा एसिड खन्याउने आदि

समेतका घटनाहरू सन् २०१२ मा १२ ओटा थिए । सन् २०१३ मा बृद्धि भएर २६ ओटा पुगेको तथ्य तलको चित्रबाट पनि छलङ्ग हुन्छ ।




**चित्र २.१ दाइजोका कारण भएका हिंसाका घटनाहरूको विवरण**

माथिको चित्रबाट दाइजोजन्य हिंसात्मक घटनाहरू बढेको देखिन्छ । सन् २०१२ मा भन्दा सन् २०१३ मा यस्ता हिंसात्मक घटनाहरू दोब्बरभन्दा बढी भएको तथ्य प्रष्ट देखिन्छ । यसबाट के बुझिन्छ भने दाइजोजन्य हिंसात्मक घटनाहरू क्रमिक रूपमा बढेका छन् ।

**तालिका :२.२ दाइजोको रूपमा घटेका हिंसाहरूको विवरण**

| क्षेत्र | जिल्ला | सन् २०१२ | सन् २०१३ |
|---|---|---|---|
| पूर्वाञ्चल | मोरङ्ग | २ | ८ |
| | सप्तरी | ३ | २ |
| | सिराहा | १ | - |
| | तेऱ्हथुम | - | १ |
| मध्यमाञ्चल | रौतहट | १ | - |
| | सर्लाही | १ | - |
| | सिन्धुली | १ | - |
| | धनुषा | - | ३ |
| पश्चिमाञ्चल | लमजुङ्ग | - | १ |
| मध्यपश्चिमाञ्चल | बाँके | १ | १ |
| सुदुरपश्चिमाञ्चल | सुर्खेत | १ | १० |
| | हुम्ला | १ | - |
| **जम्मा** | | १२ | २६ |

*स्रोत : इन्सेक मानव अधिकार (वर्ष पुस्तक २०१३ र २०१४) ।*

तालिका २.२ मा दाइजोको कारण शारीरिक, मानसिक यातना दिने कुरा त परै छोडौ ज्यानै लिने समेतका जघन्य अपराधहरू भएको पाउन सकिन्छ । आफूले भनेजति दाइजो नपाएको निहुमा विभिन्न यातना दिई ज्यान समेत लिएका घटना हरू जिल्लागत रूपमा तलको टेबलबाट प्रस्ट्याउन सकिन्छ ।

उपरोक्त तालिकाबाट दाइजोको कारण घटेका घटनाहरूलाई हेर्दा पूर्वाञ्चल विकास क्षेत्रमा बढी देखिन्छ । त्यसपछि मध्य पश्चिमाञ्चलमा यस्ता घटनाहरू बढी घटेको तथ्य देखिन्छ । जिल्लागत रूपमा हेर्दा सन् २०१२ मा सप्तरीमा बढी छन् भने सन् २०१३ मा सुर्खेतमा बढी देखिन्छ । उक्त तथ्यबाट तुलनात्मक रूपमा तराईका जिल्लामा बढी दाइजोजन्य हिंसात्मक घटनाहरू पाइन्छ ।

**तालिकाः २.३ दाइजोको निहुँमा गरीएका जिल्लागत अपराधको विवरण**

| जिल्ला | सन् २०१२ | सन् २०१३ |
|---|---|---|
| सुनसरी | - | १ |
| धनुषा | १ | २ |
| पर्सा | ३ | - |
| रौतहट | १ | १ |
| बाँके | - | १ |
| **जम्मा** | **५** | **५** |

*स्रोत : इन्सेक मानव अधिकार (वर्ष पुस्तक २०१३ र २०१४) ।*

तालिका २.३ मा दाइजोको निहुमा गरिएका जिल्लागत अपराधको विवरण देखाइएको छ । दाइजोको विषयमा विभिन्न जिल्लाहरूमा अध्ययन गर्दा सवैभन्दा बढी धनुषामा ज्यान लिने गरी अपराध कर्महरू भएको देखिन्छ । सन् २०१२/२०१३ को अध्ययनमा दाइजो को बारेमा गरिएको हत्याका घटना बराबर रहेको पाइयो ।

**बराल** (२०६६) का अनुसार मानव जगतलाई निरन्तरता दिन विश्व सृष्टिका आधा स्रोतका रूपमा रहेका नारी शक्तिको अपरिहार्य भूमिका रहन्छ । हाम्रो सामाजिक परिवेशमा पुरुष र महिलाको जैविकीय फरकपनालाई आधार मानेर विगत देखि महिलाको सामाजिक भूमिका र दायित्वलाई फरक ढङ्गले परिभाषित गरिदै आएको छ । आदर्श नारी, तयार गर्ने नाममा

बालिकाहरू माथि विभिन्न मूल्यहरू थुपार्ने, रहनसहन, परम्परा, धार्मिक मूल्य, मान्यताले गर्दा महिलाको छुट्टै अस्तित्व नभएर पुरुषको सहयोगिको रूपमा रहेका छन् । सामाजिक, सांस्कृतिक नियम र चलनले महिलालाई निम्न तहमा राखिएको छ । छोरीलाई जन्मनासाथ अर्काको नासोको रूपमा लिएर शिक्षा र स्वाथ्य जस्ता क्षेत्रमा छोरालाई बढी प्राथमिकता दिइन्छ किनभने छोरा त्यही घरमा बस्छ  र पछिको आम्दानीको स्रोत बन्दछ । छोरीलाई अर्काको घर जाने जात भनी माइतिमा दुई दिनको पाहुनाको व्यवहार गरिन्छ । छोरीहरू दायित्व वा ऋण हुन भन्ने धारणाको विकासले गर्दा छिट्टै अरुलाई जिम्मा लगाइदिन पाए ठूलो बोझ हट्ने थियो भन्ने मानसिकता विकास भएको पाइन्छ । त्यसैले छोरीको शिक्षा र स्वास्थ्यमा खर्च गर्नुभन्दा बेलैमा विवाह गरी आर्थिक आधारको रूपमा दाइजो दिने गरेको पाइएको छ ।

**श्रेष्ठ/सापकोटा/चौलागाई** (२०६६) ले विभिन्न तहमा महिला विरुद्ध यो वा त्यो ढङ्गबाट हिंसात्मक घटनाहरू घटेको उल्लेख गरेका छन् । नेपालको परिप्रेक्ष्यमा महिला विरुद्ध हुने हिंसाहरू यौन दुर्व्यवहार र यातना, बेचविखन, बलात्कार, हाडनाता करणी, यौनजन्य अपराध, दाइजो दुलहिको मोलतोल, घरेलु हिंसा, महिलामाथि हातपात, बैवाहिक बलात्कार, छोराको चाहनाले भ्रूणहत्या, परम्परागत हिंसा, बालबिबाह, बहुपत्नी विवाह, बहुपति प्रथा, दुलही जलाउने, जारीप्रथा, देउकी प्रथा, बादी प्रथा, झुमा प्रथा, बोक्सीको आरोप, मानसिक यातना, गाली गलौज, लैङ्गिक विभेद आदि पर्दछन् । नेपालमा महिला विरूद्ध हिंसाको चरम विभत्स रूप बालिकाहरूको बेचविखन र घरेलु हिंसा हो । पितृसत्तात्मक संस्कार, मूल्य मान्यताको बाहुल्यता रहेको नेपाली समाजमा महिला विरुद्धका हिंसाहरू वढी नै हुने गर्दछन् । गरिबी, निम्न तहको सामाजिक स्तर, शिक्षाको अभाव, बालबिवाह, बहुविवाह र यसैलाई बढावा दिने संस्कृति र परम्पराले गर्दा महिला माथिको हिंसा झन् बढ्दो अवस्थामा छ ।

**सापकोटा, श्रेष्ठ र चौलागाई** (२०६६) ले नेपाली समाजभित्र पुरुष र महिलाको अस्तित्व, अधिकार एवम् सवै हकका विषयहरू पितृसत्तामक समाजको आधारसिलामा स्थापना भएको चर्चा गरेका छन् । मनुका अनुसार दास र श्रीमतीसँग कुनै प्रकारको सम्पत्ति हुँदैन तिनीहरूको आर्जन र धन भनेको उनीहरू जोसँग हुन्छन् उसैको हुन्छ । वि.स १९१० मा जारी गरिएको मुलुकी ऐन पछि परिमार्जन गरिएको नयाँ मुलुकी ऐन २०२० ले मात्र

महिलाहरूले स्त्री धनको रूपमा सम्पत्ति राख्न पाउने व्यवस्था गरेको पाइन्छ । दाइजो वा आफूले कमाएको धनलाई चलतर्फ सवै र अचलतर्फ आधा धनसम्म आफ्नो स्वविवेकमा उपभोग गर्न पाउने व्यवस्था छ । स्वास्नी मानिस पनि लोग्नेको सम्पत्तिको अंशियार हुनाले विशेष परीस्थितिमा लोग्नेसँग अलग रहने महिलाले पनि अंश पाउने प्रावधान छ । यसरी मुलुकी ऐन २०२० को व्यवस्थालाई हेर्दा सकारात्मक ढङ्गले संवेदनशिल भएको महसुस गर्न सकिन्छ । महिलाहरूलाई पुरुष सरह पारिवारीक र सम्पत्ति सम्बन्धी कानुनी अधिकार प्रदान गर्ने सन्दर्भमा २०५८ सालको मुलुकी ऐन एघारौ संसोधनले पारिवारिक कानुनको क्षेत्रमा व्यापक परिवर्तन ल्याएको पाइन्छ ।

**सिंह** (२०१५) अनुसार दाइजोको कारण र विसङ्गति भन्नु नै हाम्रो समाजले छोरालाई बढी महत्व दिने प्रवृत्ति र व्यवहारलाई मान्न सकिन्छ । दाइजोजन्य विसङ्गतिले अन्ततोगत्वा छोरीप्रति भेदभाव, निन्दनीय व्यवहार, हिंसा, गर्भको छोरीको लिङ्ग पहिचान गरी गर्भ तुहाउने तथा जन्मेपछि पनि राम्रो व्यवहार नगर्ने जस्ता अमानवीय व्यवहार सृजना गर्दछ ।

**यूनिसेफ** (२०१५) ले दाइजोले समाजमा बालविवाहलाई प्रश्रय दिने कुरा टिप्पणी गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले वीरेन्द्र कुमारको अध्ययनलाई उधृत गर्दै उल्लेख गरेको छ कि दाइजोले महिलाप्रति गरिने दुर्व्यवहार सृजना गर्दछ । अध्ययनले प्रतिवर्ष ७५० देखि २५००० सम्म दाइजोबाट सृजित घरेलु हिंसा हुने कुरा उल्लेख गरेको छ । सन् २००६ मा त्यस्तो सङ्ख्या ७६१८ थियो ।

**रक्षिन्द्र प्रविणा** (२०१५) ले पाकिस्तानमा दाइजोका कारण हजारौं बुहारीहरू जलाइने कुरा उल्लेख गरेका छन् । कतिपय घटनाहरू दवाइने गरिन्छ ।

**यूएनओडिसी** (२०१५) संस्थाले दाइजोबाट सृजित महिला मृत्युलाई लैङ्गिकतामा आधारित हिंसा मानेको छ । भारतमा कुल अपराध मध्ये ४.६ प्रतिशत दाइजोजन्य घटनाबाट महिलाहरू प्रताडित हुन्छन् । त्यस्तै कानुन उल्लङ्घन मध्ये १.९ प्रतिशत घटनाहरू दाइजो उल्लङ्घनका घटना हुन्छन् । भारतमा हरेक वर्ष प्रति एक लाख महिलामा ०.७ महिलाको मृत्यु दाइजोसँग जोडिएको घटनाबाट हुने गर्दछ । यस्तो किसिमको मृत्युको घटना इरानमा पनि हुने कुरा उल्लेख गरिएको छ ।

**कार्की** (२०६८) अनुसार हिन्दु संस्कृति भएका देशहरूमा दाइजो, पेवा र अपुताली महिलाहरूको निजी सम्पति भनिन्छ । यो आज मात्र नभई मनुस्मृतिमा पनि उल्लेख भएको विषय हो । जस्तो, मनु स्मृतिको स्लोक नं १२७ देखि १३२ मा हिन्दु महिलाहरूको निजी सम्पति बारे उल्लेख भएको पाइन्छ । यथार्थमा हिन्दु संस्कृतिमा महिलाको निजी सम्पत्तिको जिकीर आदि/अनादि कालदेखि भएको पाइएको छ । पशिचमा मुलुकमा विवाह पश्चात् महिलाको सम्पूर्ण निजी सम्पत्तिमा पुरुषको हक हुने, महिलाको आर्जन पनि पुरुषको हुने र पुरुषले जे भन्दछ त्यही गर्नुपर्ने, बेचबिखन दान, दातव्य आफ्नो निजी सम्पत्तिमा महिलाले दावी गर्न नपाउने कानुन त्यहाँ थियो । महिलाको निजी सम्पत्तिलाई पुरुषले हक हस्तान्तरण गर्दथे महिलालाई त्यसरी किनवेच गर्ने अधिकार थिएन् । पछिपछि त्यहाँ महिलाको निजी सम्पत्ति बेच्ने क्रममा महिलाहरूको अत्यन्त विरोधका कारण न्यायलयका न्यायधिसले महिलालाई एकान्तमा लगी बेच्ने इच्छा भए नभएको एकिन गरी हक हस्तान्तरण र बचविखन गर्ने इजाजत पुरुषलाई दिन थालेका थिए । तथापि हिन्दु संस्कृतिमा महिलाको निजी सम्पतिका अवधारणा भएको हुँदा हाम्रो वि.सं. १९१० को मुलुकी ऐनमा पनि दाइजो, पेवाको व्यवस्था गरिएको हो । उक्त ऐनमा पहिला कन्या छोरी लाई अंश दिने व्यवस्था समेत भएकोमा पछि त्यसलाई संसोधन गरिएको थियो । जयस्थिति मल्लको वि.स १४३६ मा लिखित न्यायविकासनीमा पनि कन्या छोरीको अंश भाग छुट्याउने, बाबुको छोरा, सन्तान नभएमा छोरीले अंश भाग पाउने, पतिले अंश भाग गर्दा सम्पति आफूसँग राख्नुपर्ने र निजको शेषपछि छोरासरह पत्नीले अंश पाउने व्यवस्था रहेको पाइन्छ । तर जे सुकै होस संसारभर पितृसत्तात्मकसोंचका कारण महिला दासी सरह सम्पति मानिएका थिए भन्ने उल्लेख गरेको पाइन्छ ।

**भासिन** (२००३) ले “स्त्री शक्ति” कमलादी, काठमाडौंमा प्रकाशन गरेको पुस्तक पितृसत्ता के हो ? मा परिवारको कामकाजमा र समाजको व्यवहारमा महिला माथि हुने र गरिने भेदभाव, अपमान, नियन्त्रण, शोषण, व्यभिचार तथा हिंसा पितृसत्ताका विभिन्न रुप हुन भनी उल्लेख गरेकी छन् । यस पुस्तकमा महिलाको आफ्नो बाबुको सम्पत्ति माथि कुनै हक नरहने र लोग्नेको सम्पत्ति पनि आफ्नो नहुने हुँदा आफ्नो ठान्न हुने कुनै घर नै महिलासँग छैन भन्ने धारणा पाइन्छ । पुरुषले घरभित्र महिलाद्वारा गरिने काम तथा घर परिवार, कमाउनका लागि गर्ने मजदुरी दुवैमा नियन्त्रण राख्दछन् । घरभित्र महिलाहरूले परिवारका बालबच्चा पति तथा अरू सदस्यहरूका लागि जीवन भर मेहनत गर्नुपर्ने कुराको चर्चा

गरिएको पाइन्छ । महिलाले चौबिसै घण्टा काम गरेपनि मेहनतको कदर गरिदैन र तिनलाई पतिमाथि निर्भर रहने व्यक्तिको रूपमा हेरिन्छ । महिलाले घरबाहिर गर्ने नोकरी वा ज्यालादारीको काममा पनि पुरुषद्वारा अनेक ढङ्गबाट आफ्नो नियन्त्रणमा राख्दछन् भन्ने विश्लेषण पाइन्छ ।

दाइजो प्रणालीको कारण अन्वेषणको अन्तिम अनुसन्धान लेखमा नेपालको मिथिला क्षेत्रमा दाइजो प्रथा बढी प्रचलित रहेको बताउँदछन् । यस क्षेत्रमा दाइजो समस्यामूलक रूपमा रहेको साथै यो प्रथा महिलाको लागि श्राप भएको भनाई उल्लेख छ । मिथिला क्षेत्रमा एक सुन्दर र उपयुक्त वर प्राप्त गर्न प्रसस्त दाइजो नभई सोच्न सकिन्न, भन्ने भनाई पाइन्छ । जुन मानिसले विवाहमा प्रशस्त दाइजो आदान प्रदान गर्न सक्दछ त्यसको सामाजिक स्थान उच्च रहने भएकाले व्यक्तिगत क्षमताको प्रदर्शन गरी उच्च हौसियत र प्रभुत्व देखाउनका लागि केटीको बाबुले दाइजो दिन नसके जग्गा जमिन बेचेर वा ऋण लिएर भएपनि दाइजो दिने गरेको पाइन्छ । कुनै जनावर वा वस्तुको मूल्य तोके जस्तै कुनै पनि केटाको पैतृक सम्पत्ति, शिक्षाको अवस्था र जागिरको प्रकृति अनुसार तिलक तोक्ने गरेको उल्लेख गरेका छन् (दास, २००८) ।

समाजमा लामो समयदेखि विद्‌यमान परम्परागत पितृसत्तात्मक मान्यताले स्थितिमा प्रभाव पारेको छ । अधिकारको सन्दर्भमा हेर्ने हो भने एउटा महिला जन्मनासाथ विभेदित हुन्छिन । परिवारमा छोराको जन्म हुँदा खुसीयाली मनाउने अवसर हुन्छ तर छोरीको जन्ममा सायदै यस्तो अवसर होला । "ढिलै होस तर छोरै होस" भन्ने परम्परागत विश्वास यद्यपी नेपाली समाजमा विद्‌यमान नै छ । सामाजिक संरचनामा छोराको मुख्य भूमिका रहन्छ । जसले पारिवारिक परम्परा लाई निरन्तरता दिने प्रमुख भूमिका पनि छोरालाई प्रदान गरिन्छ । छोराले परिवारको बंश थाम्ने, बुढेसकालमा बाबुआमाको हेरचाह गर्ने तथा बाबुआमाको शेखपछि पनि धार्मिक काजक्रिया गर्ने भन्ने धार्मिक मान्यताको कारण समाजमा यो प्रचलन विद्‌यमान रहेको छ । छोरीलाई परिवारमा सधैं पराइको रूपमा हेरिने र विवाह पश्चात् लोग्नेको घरमा जाने हुदाँ छोरीको अधिकार लोग्नेकै घरमा मात्र सिर्जना हुने भनिन्छ । छोरीलाई बाबुको घरमा परिवारको सदस्यको रूपमा पनि परिभाषित गरिदैन । एउटा छोरीले जीवनको प्रारम्भदेखि नै खाना, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा पनि लैङ्गिक पूर्वाग्रही संस्कारको सामना गर्नुपर्ने हुन्छ । महिलालाई समाजका हरेक क्षेत्रमा कम प्राथमिकता दिनुका साथै पुरुषको सहायकको रूपमा मात्र व्यवहार गरिन्छ । महिलाहरू

माथि असमान व्यवहार गरिन्छ । कानुनको दृष्टिमा तिनीहरूको अधिकार बैबाहिक स्थिति एवम् लोग्ने प्रतिको निष्ठामा आधारित हुन्छ ।

बालबिबाह, बहुविवाह, अनमेल विवाह अझै पनी नेपाली समाजमा कायमै छन् । जस्तो लोग्नेको सम्पत्तिमा अधिकार तर यसले कमै मात्र महिलाको जीवनमा सकारात्मक प्रंभाव पार्दछ । एउटा प्रतिवन्धित समाज जहाँ व्यक्तिको जीवन सामाजिक मूल्य र मान्यताद्वारा नियमित र नियन्त्रित हुन्छ ।  त्यस्तै समाजमा एउटा महिलाले विवाह पश्चात् शारीरीक र मानसिक यातनाको कारण झन कष्टकर जीवन भोग्नुपर्ने हुन्छ । शिक्षाको अभाव, सामाजिक दबाव तथा आर्थिक परनिर्भरताको कारण महिलाले लोग्नेको घरमा निरन्तर दुर्व्यवहारको सामना गर्नुपरे पनि घर छोड्न सक्ने स्थिति हुदैन । विशेषगरी तराइ समुदायमा दाइजोसँग सम्बन्धित हिंसा दिनप्रतिदिन बढदो छ । केही समुदायमा अझै पनि छोरीको विवाह गर्नका लागि केटा पक्षलाई प्रभाव पार्न दाइजोको रूपमा नगद नै दिने प्रचलन कायमै छ । समाजमा प्रचलित यस्ता हरेक चलनमा महिलालाई एउटा बस्तुको रूपमा हेरिन्छ जहाँ महिला नै गम्भिर रूपमा पिडित हुन्छिन् (मल्ल, २०६०) ।

कालिदासले रचना गरेको अभिज्ञान शाकुन्तलम्को शुम्भुप्रसाद ढुङ्गेलद्वारा अनुवाद गरिएको कविताको अंश यसप्रकार छ ।

*हुन् माल छोरी अरुलाई दिने*
*राखी धरौटी सरी जानी लिने*
*आनन्द छु आज गरी बिदाइ*
*हल्का भएझैं अऋणी कहाई*

आदिकवि भानुभक्त आचार्यले बधु शिक्षामा बुहारीको कर्तव्य, आदर्श र दिनचर्याको बर्णन गर्दै उल्लेख गरेका छन् (आचार्य, २०६३) ।

*हास्नु हुँदैन कदापि नारीहरूले वेश्या हुन्या हाँस्दछन्,*
*वेश्या लौ नहुन तथापि घरको काम त्यो सवै नास्तछन् ।*


प्रसिद्व नारीवादी लेखिका Lynn Bennett ले नेपालको राजधानी नजिकै नारीकोटमा बसोबास गर्ने उच्च ब्राहमण, क्षेत्री परिवारका विविध पक्षहरूलाई आँफूले प्रत्यक्ष अनुभव गरेर लेखेको अुनसन्धानात्मक पूस्तक Dangerous wives and sacred sisters मा ब्राह्मण, क्षेत्रीको विवाह पद्धतिलाई विशेष ध्यान दिएर विश्लेषण गरेकी छन् । उनका अनुसार माइतिमा महिलाको

उच्च स्थिति र घरमा हुने निम्न स्थितिको चर्चा गरिएको छ । पितृप्रधान सामाजिक परिवेश अनुसार महिलालाई देवी वा दासीको रूपमा शुद्ध र अशुद्धताको रूपमा, पवित्र र अपवित्रताको रूपमा, कामुक वा खतराको रूपमा, मातृवत्सल्य, घर भँडुवा जस्तो द्वैध भूमिका भएकी पात्रको रूपमा व्यवहार गरिने कुरा उल्लेख गरकी छन् । यसरी उच्च ब्राह्मण परिवारमा महिलाको द्वैध भूमिका हुने, पुरुषद्वारा महिला नियन्त्रित हुने, विभिन्न अवसरबाट महिलाहरू बन्चित रहने साथै माइतिमा पूजनीय मानिने छोरीको विवाहपछि घरमा अपहेलित, दमित र शोषीत हुनुपर्ने अवस्था रहन्छ । घरमा महिलालाई टिका टिप्पणी गरी शंकाको दृष्टिले हेरिने, चरित्रमाथि दाग लगाउने, दाइजो र दक्षिणालाई माध्यम बनाएर माइतिको हैसियत आंकलन गरिने कुरालाई चित्रण गरिएको छ ।

**दाइजोजन्य घटनाको एउटा उदाहरण**

*पर्सा जिल्लाको जगनाथपुर गा.वि.स ८ लमरिया निवासी २० बर्षिया उन्तीमा महतोको दाइजोको निहुमा आफ्नै परिवारका सदस्यले हत्या गरेका थिए । जिल्लाको बसन्तपुर ८ माइती भएकी उनको २०६९ भाद्रमा हत्या भएको थियो । मृतकका माइती पक्षले जाहेरी गरेका थिए । घटनापछि ससुरा राम महतो, सासु सिता महतो, पति रामेश्वर र साहिला जेठाजु रघुनाथ महतो फरार भएका थिए । किटानी जाहेरी सहित मृतकका माइती पक्षले जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिएपछि प्रहरीले छापा मार्दा कोही फेला नपरेको र घरमा  खानतलासी गर्दा ६० के.जि लागु औषध बरामद भएको पर्साका प्रहरी निरिक्षक मनोहर भट्टराईले बताउनुभएको कुरा उल्लेख गरिएको थियो । मृतक उन्तीमाको घरभन्दा करिब डेढ कि.मी दक्षिण बहुवाही खोलामा राती शव टायरले जलाएर नष्ट गरेको अवस्थामा प्रहरीले फेला पारेको थियो । टायरका तार, हड्डीका टुक्रा, कानका झुम्का र केही सारीका टुक्रा बरामद भएको थियो । घर परिवारले दाइजोकै कारण उन्तीमालाई बेलाबेलामा कुटपिट गर्ने गरेको स्थानीय बासिन्दाले बताएका रहेछन् । विगत पाँच बर्ष अघि विवाह गरेकी उन्तीमा चार वर्षसम्म माइतिमै बसेकी र एकवर्ष अघि पतिको घरमा आएकी थिइन । त्यसयता उनलाई दाइजो कम ल्याएको भन्दै कुटपिट हुने गरेको दाजु रामविलास महतोले बताएका थिए । महतोले चार महिना अघि बहिनीको आग्रहमा घरमा सात हजार खर्च गरेर चापाकल जडान गरिदिएको बताएका थिए । घटना बारे अनुसन्धान भइरहेको र फरार व्यक्तिको खोजतलास भइरहेको पर्सा प्रहरीले जनाएको थियो । यो घटनाको समाचार १२ भाद्र २०६९ मा नेपाल समाचार पत्रमा प्रकाशित भएको थियो । यो एउटा प्रतिनिधिमुलक घटना हो यस्ता घटना थुप्रै घट्ने गर्दछन् ।*

## २.९ अवधारणात्मक खाका




प्रस्तुत अवधारणात्मक खाकामा बिवाहमा दाइजोलाई निर्धारण गर्ने विभिन्न आयामहरूमा खासगरी वर्ग, व्यक्तिगत तथा पारिवारिक हैसियत, मानिसमा विद्यमान क्षमता, शारीरिक वनावट तथा सुन्दतरता मुख्य हुन् । जसका आधारमा समाजमा दाइजो कमि तथा बढी किसिमले निर्धारण हुने गर्दछ । उदाहरणको लागि उच्च वर्ग, उच्च सामाजिक हैसियत भएका क्षमतावान् संभ्रान्त वर्गले छोरीलाई विवाहमा मनग्गे दाइजो दिने गर्दछन् । ती अवस्था पर्याप्त नभएका व्यक्तिले दाइजो पर्याप्त दिन सक्दैनन् । त्यसैले ती आयामहरूलाई दाइजो निर्धारक पक्ष वा तत्व भन्न सकिन्छ । यो कुरा सैद्धान्तिक विश्लेषणमा औंल्याइएको छ । त्यसैगरी ती आयामसँग सम्बन्धित चरहरूमा पैसा, जमिन, शक्ति, इज्जत, रोजगारी तथा बेरोजगारी, शिक्षा, उमेर, पहिलो वा दोस्रो/तेस्रो विवाह आदि सम्वद्ध पक्षले प्रत्यक्ष वा परोक्ष रूपमा विवाहमा प्रदान गरिने दाइजोको मोलमोलाईलाई प्रभावित पार्दछ । यदि केटा आर्थिक उपार्जन गर्न सक्षम छ तर केटी तुलनात्मक रूपमा कमजोर अवस्थाकी छन् भने उसका बाबु-आमाले बढी दाइजो दिएर भएपनि राम्रो, सक्षम केटालाई विवाह गरीदिने प्रयत्न गर्दछन् । त्यस्तै केटी शारीरिक रूपमा आकर्षक र रूपवति छिन् भने केही कुरा त्यागेर अर्थात् कम दाइजोमा पनि केटाले उनलाई विवाह गर्न राजी हुन सक्दछ । त्यस्तै उच्च घरानीया, धनवान्, पहुँचवाला परिवारकी छोरी पनि शक्तिको आडमा केही कुरामा कमसल भएपनि केटा पक्षबाट स्वीकार हुन सक्दछ । त्यसरी नै स्वभाविक रूपले उमेर

घर्केकी केटी छ भने कि त बढी दाइजोमा केटा लोभिन्छ कित उस्तै उमेर मिलाएर केटा खोजी विवाह गरिदिनु पर्दछ । पहिलो विवाह, उमेर, कुमारीत्व, शारीरिक बनोट, आकर्षण आदि द्वारा प्रभावित हुन्छ भने दोस्रो वा तेस्रो विवाहमा त्यो पक्ष कमजोर हुने भएकोले केटा वा केटी दुवै पक्षबाट कम दाइजोमा विवाहको कुरा मिल्न सक्छ । यसप्रकार वैवाहिक बजारमा दाइजो निर्धारणमा विभिन्न पक्षले प्रभाव पार्ने हुन्छ ।

# अध्याय-तिन

## अनुसन्धान विधि

यस अध्यायमा शोधपत्रको अनुसन्धानमा प्रयोग गरिएका विधिहरूका बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क र सूचना सङ्कलन गर्ने विभिन्न विधिहरू अपनाइएका छन् । यस खण्डमा सोधपत्रको अध्ययन क्षेत्र छनोटको औचित्य, प्रकृति र स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणलाई प्रस्तुत गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

नेपाल एवम् विश्वकै/समुदायमा व्याप्त विभिन्न दाइजो प्रथा अहिलेको संवेदनशिल समसामयिक चर्चाको विषय हो । विवाहको अबसरमा केटी पक्षबाट दाइजो दिने र केटा पक्षबाट दाइजो लिने प्रचलन परापूर्वकालदेखि चल्दै आइरहेको छ । कतिपय समाजमा केटा पक्षबाट पनि बधू मूल्य दाइजो स्वरूप तिर्ने प्रचलन पनि छ । नेपालको विशेषगरी ग्रामिण क्षेत्रमा आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा सवैको पहुँच पुगेको छैन । परम्परागत सोच पितृसत्तात्मक मूल्य मान्यता, लैङ्गिक चेतनाको कमीका कारण महिलाहरूको अवस्था कमजोर रहेको पाउन सकिन्छ । ग्रामिण महिलाहरूलाई अवसरको कमी, घरेलु काममा अल्भिनुपर्ने बाध्यता, पारिवारिक सहयोगको अभाव आदिले गर्दा पुरुषको तुलनामा महिलाको अवस्था दयनीय रहेको छ । त्यस्तैगरी अध्ययन क्षेत्रमा पनि ऐतिहासिक रूपमा रहेको विभेदको पर्खालबाट महिलालाई बाहिर ल्याउन अझै पनि नसकिएको तथ्य अनुभव हुन्छ । ग्रामिण क्षेत्रमा चेतनाको कमीका कारण छोरीहरूको चाडै विवाह गरिदिने, छोरीको सर्वाङ्गिण विकासको लागि लगानी गर्नुभन्दा विवाहमा दाइजो दिने परम्पराले विभिन्न अवसरबाट बन्चित गरिएको अवस्था छ । महिलालाई कम श्रम मूल्यका काममा लगाउने, आर्थिक रूपमा पुरुष माथि निर्भर गराउने तथा परिवार र बालबच्चाको सेवा स्याहार संभारमा मात्र सिमित गराउने, विवाहपूर्व र विवाहपश्चात् महिलाको सम्पत्तिमा अधिकार नरहने र अझ दाइजोको कारणबाट उनीहरू दमित शोषित भएको यथार्थता छ । स्याङ्जा

जिल्लाको आरुखर्क गा.वि.स. मा ग्रामिण सामाजिक परिवेस भएकोले दाइजो प्रथाले पारेको असर र महिलाको अवस्थामा पारेको प्रभावको बारेमा अध्ययन, विश्लेषण गर्नु, उपयुक्त ठानिएकोले अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको हो ।

शहरी परिवेशबाट भिन्न रहेको यस क्षेत्रमा महिलाको अवस्था शहरी क्षेत्रका महिलाको तुलनामा भिन्न ढाँचाको देखिन्छ । लैङ्गिक संवेदनशिलताको अभाव तथा सांस्कृतिक, धार्मिक, सामाजिक मूल्य, मान्यताहरूको प्रभावको कारण शहरी क्षेत्रको तुलनामा यस ग्रामिण परिवेशमा लैङ्गिक भेदभाव बढी  पाइन्छ । उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जनको क्षेत्रमा कम पहुँच रहेको छ । पोखरा मुख्य शहरदेखि १७ कि.मी.को दुरीमा रहेको ग्रामिण क्षेत्र आरुखर्कमा शहरी क्षेत्रको प्रभाव नगन्य छ ।

शोध अध्ययन स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स.वडा नं. ४, ५ र ६ मा केन्द्रित रहेको छ । यी वडाहरूमा विभिन्न जातजातिहरूको समाबेसी बसोबास छ । ब्राह्मण जातिको बाहुल्यता भए तापनि क्षेत्री, दमै, कामी, गुरुङ, रानाभाट आदि जातजातिहरूको मिश्रित बसोबास रहेको छ । ब्राह्मण लगायत अन्य जातिमा समेत रहेको दाइजो प्रथाको स्वरुप र त्यसले समाजमा पारेको प्रभाव सम्बन्धी अध्ययन र अन्य यस्तै परिवेशका ग्रामिण समाजको लागि प्रतिनिधिमूलक अध्ययन बन्न सक्दछ । त्यस हेतुले आरुखर्क गा.वि.स.लाई अध्ययनको केन्द्रबिन्दु बनाइएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत शोधपत्रमा दाइजो प्रथाको अवस्था कस्तो छ ? भन्ने विवरण प्रस्तुत गर्नुपर्ने भएको साथै के-कस्तो प्रभाव किन परिरहेको छ आदि सम्बन्धी अध्ययन विश्लेषण गर्नुपरेकाले यस अध्ययन वर्णनात्मक, व्याख्यात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ नमुना छनोट

यस अनुसन्धानमा स्याङ्जा जिल्ला आरूखर्क गा.वि.स.मध्ये ४, ५ र ६ वडाहरूलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । वडा नं. ४ मा ५८, ५ मा ७१ र ६ मा १३९ गरी जम्मा २६८ घरधुरी रहेका छन् । यी तिनवटै वडाहरूमा बसोबास गर्ने जातिगत विवरण निम्न छ ।

**तालिकाः ३.१ः छनोट गरिएका वडाको जातिगत विवरण**

| वडा नं. | जम्मा घरधुरी | ब्राह्मण | | क्षेत्री | | रानाभाट | | गुरुङ | | दमै | | कामी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | ५८ | ११८ | १२६ | ९ | ९ | - | - | - | - | ५ | ५ | ११ | १५ | १४३ | १५५ |
| ५ | ७१ | १५३ | १६३ | - | - | ३२ | ३५ | - | - | - | - | १५ | १४ | २०० | २१२ |
| ६ | १३९ | २६५ | २६० | ४३ | ४१ | - | - | ४ | ६ | १२ | १३ | ९८ | १०६ | ४२२ | ४२६ |
| **जम्मा** | **२६८** | **५३६** | **५४९** | **५२** | **५०** | **३२** | **३५** | **४** | **६** | **१७** | **१८** | **१२४** | **१३५** | **७६५** | **७९३** |

*स्रोतः गा.वि.स. वस्तुस्थिति विवरण, २०६८ ।*

आनुपातिक स्तरीकृत नमूना छनोट विधिबाट ३ वटा वडाहरूमा छनोट गरिएका प्रतिनिधिहरू निम्न छन् :

वडा नं. ४ = $\frac{५८\times७०}{२६८}$ =१५,

वडा नं.५ = $\frac{७१\times७०}{२६८}$ =१८,

वडा नं.६ = $\frac{१३९\times७०}{२६८}$ =३७,

वडा नं. ४, ५ र ६ का ७० जना उत्तरदातामध्ये यस अनुसन्धानका लागि ४० जना विवाहित महिला र ३० जना विभिन्न पुरुष प्रतिनिधिको रूपमा छनोट गरिएको छ । प्रत्येक वडाबाट छनोट गरिएका प्रतिनिधिहरू उद्देश्यमूलक नमूना छनोट विधिबाट प्रत्येक जातजातिको प्रतिनिधित्व हुनेगरी लिइएको छ जसलाई तालिकाबाट प्रस्ट्याइन्छ ।

**तालिकाः ३.२ः जातिगत रूपमा उद्देश्यमूलक विधिबाट प्रतिनिधि छनोट**

| वडा नं. | जम्मा घरधुरी | ब्राह्मण | | क्षेत्री | | रानाभाट | | गुरुङ | | दमै | | कामी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| ४ | ५८ | ५ | ४ | १ | १ | - | - | - | - | - | १ | २ | १ | ८ | ७ |
| ५ | ७१ | ७ | ५ | - | - | ३ | १ | - | - | - | - | १ | १ | ११ | ७ |
| ६ | १३९ | १२ | ९ | ३ | १ | - | - | १ | १ | १ | १ | ४ | ४ | २१ | १६ |
| | **जम्मा** | २४ | १८ | ४ | २ | ३ | १ | १ | १ | १ | २ | ७ | ६ | ४० | ३० |

*स्रोतः गा.वि.स. वस्तुस्थिति विवरण, २०६८ ।*

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितिय दुवै प्रकारका तथ्याङ्क सङ्कलन गर्नाको लागि दुवै स्रोतका प्रविधिको प्रयोग गरिएको छ । त्यसैले यस अध्ययनमा दुवै प्रकृतिका तथ्याङ्क रहेका छन् । यस अध्ययनमा दुई किसिमको स्ोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलनका स्रोतमध्ये प्राथमिक स्रोत र प्रविधि बाट सङ्कलन गरिएको तथ्याङ्क बैज्ञानिक र विश्वासनिय हुने भएकोले यहाँ यही स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र संख्यात्मक दुवै प्रकारका तथ्याङ्कहरूलाई विशेष प्राथमिकता दिइएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि अध्ययन क्षेत्रमा सोधकर्ताद्वारा अन्तरवार्ता अनुसूची एवम् वैयक्तिक अध्ययन विधि अपनाइएको छ ।

### ३.४.२ द्वितीय स्रोत

तथ्याङ्क सङ्कलनका स्रोतमध्ये द्वितीय स्रोत र प्रविधिबाट सङ्कलन गरिएका तथ्याङ्कको पनि अध्ययनमा महत्वपूर्ण भूमिका रहन्छ । अगाडि नै प्रयोग गरिएका यस्ता तथ्याङकले अध्ययनको निष्कर्ष निकाल्न र निष्कर्षलाई थप बैज्ञानिक बनाउन सहयोग पुग्दछ । द्वितीय तथ्याङ्क र सूचनाहरू सङ्कलन गर्न विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन अभिलेख, पत्रपत्रिका, गा.वि.स. र जि.वि.स.का प्रतिवेदन, प्रकाशित र अप्रकाशित स्रोतहरू तथा अन्य सम्बन्धीत साहित्यको सहयोग लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलनको विधि छनोट गर्दा अनुसन्धानको विषय वा समस्याको प्रकृति र उद्धेश्य मुल्याङ्कन गर्दै समय, स्रोत, र साधनको अपर्याप्ततालाई मध्यनजर गर्दै अनुसन्धानको सही परिणाम निकाल्न तथ्य र विश्वासनिय तथ्याङ्क तथा सूचना सङ्कलनमा विशेष जोड दिइएको छ । जसका लागि अनुसन्धानमा प्रयोग गरिएको प्रविधि र औजारको अती होसियारी पूर्वक छनोट गरी निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसूचि

दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभावलाई बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहेर विभिन्न प्रकारका सूचिबद्ध प्रश्नहरूलाई अन्तरवार्ताको लागि उत्तरदाता, प्रतिनिधिहरू समक्ष प्रस्तुत गरिएको छ । यसरी लिइएको अन्तवार्ताबाट सम्बन्धित प्राथमिक सूचनाहरू प्रशस्त प्राप्त गर्न सम्भव भयो ।

### ३.५.२ वैयक्तिक अध्ययन

**अध्ययन क्षेत्रमा अध्यापनका क्रममा विभिन्न जातजाति, लिङ्ग र जेष्ठ (अभिभावक) एवम् भर्खर विवाहित समेतका चलहरूलाई ध्यानमा राख्दै ५ जना प्रतिनिधिमूलक पात्रहरूसँग विशेष वैयक्तिक अध्ययन गरिएको थियो । प्रसङ्गका शीर्षकमा प्रस्तुती तथा विश्लेषण गरिएको छ ।** त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, शैक्षिक र आर्थिक अवस्थाको जानकारी लिइयो । क्षेत्रगत अध्ययनका क्रममा विभिन्न जातजाति, लिङ्ग र जेष्ठ अभिभावक एवम् भर्खर विवाहिता समेतका चलहरूलाई ध्यानमा राख्दै ५ जना प्रतिनिधिमूलक पात्रहरूमा विशेष अन्तर्वार्ता गरिएको छ । जसलाई प्रसङ्ग अनुसार शीर्षकमा प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतीकरण

अध्ययनको वास्तविकता उजागर गर्न सङ्कलित तथ्याङ्कको विश्लेषण पक्षको विशेष महत्व रहन्छ । अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरूलाई संख्यात्मक र गुणात्मक दुवैको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । यसरी विश्लेषित तथ्याङ्कलाई आवश्यकता अनुसार वर्णनात्मक व्याख्याका साथसाथै विविध तालिका, रेखाचित्र, बृतचित्रबाट तथ्याङ्क प्रस्तुत गरिएको छ ।

## ३.७ पूर्व परीक्षण

दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभावलाई बुझ्नका लागि बनाइएको अन्तरवार्ता अनुसुचीको सही मूल्याङ्कनका लागि के कस्ता प्रश्नहरू सान्दर्भिक हुन्छन र विश्वासनिय सूचना सङ्कलन गर्न मद्धत पुग्दछ भन्ने थाहा पाउन फेदीखोला गा.वि.स वडा नं. २ मा अवस्थित फेदीखोला गाउँका सदस्यहरूमध्ये अन्तरवार्ता अनुसूचि मार्फत ५ जना पुरुष र ५ जना महिलाहरूको अन्तरवार्ता लिइएको थियो । उक्त परीक्षण पश्चात केही प्रश्नहरू जटिल भएको, केही प्रश्नहरू असान्दर्भिक भएको महसुस गरी ती प्रश्नहरूलाई सरलीकृत गर्ने वा हटाउने गरिएको थियो । यसरी अध्ययनको क्रममा आवश्यक पर्ने सूचना भरपर्दो विश्वसनीय ढङ्गबाट प्राप्त हुने विश्वास पश्चात् मात्र पूर्व परीक्षण गरिएका प्रश्नावली अनुसूचीलाई प्रयोग गरिएको छ ।

# अध्याय- चार

## अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विवरण

### ४.१ अध्ययन क्षेत्रको परिचय

#### ४.१.१ स्याङ्जा जिल्लाको सामान्य परिचय

पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलभित्र अवस्थित स्याङ्जा जिल्लाको क्षेत्रफल ११६४ वर्ग कि.मी रहेको छ । यस जिल्लाले नेपालको कूल क्षेत्रफलको ०.७९% भूभाग ओगटेको छ । स्याङ्जा जिल्लाको पूर्वतर्फ तनहुँ जिल्ला, पश्चिमका गुल्मी, उत्तरतर्फ पर्वत र कास्की, दक्षिण तिर पाल्पा जिल्ला रहेका छन् । यस जिल्लाको पूर्व पश्चिम औषत लम्बाई ३२ कि.मी रहेको छ भने चौडाई उत्तर-दक्षिण औषत २० कि.मी रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लामा महिला १,६३,३१५ र पुरुष १,२५,८३३ गरी जम्मा २,८९,१४८ जनसङ्ख्या रहेका छन् । जिल्ला भित्र सबैभन्दा बढी जनसंख्या १५ देखि १९ बर्ष उमेर समूहका (३४,४३४) रहेका छन् । यहाँ विभिन्न धर्माबलम्वीहरूको बसोबास रहेको छ । हिन्दु धर्मावलम्बी ९०.२ प्रतिशत, बौद्ध ७.४ प्रतिशत, इस्लाम ०.७ प्रतिशत र क्रिश्चियन ०.२ प्रतिशत रहेका छन् । त्यस्तै नेपाली भाषा प्रयोग गर्ने ७४.३८ प्रतिशत, मगर भाषा १५.१ प्रतिशत, गुरुङ भाषा ७.७५ प्रतिशत, नेवारी भाषा १.६७ प्रतिशत, उर्दु भाषा ०.३५ प्रतिशत, भुजेल नयाँ भाषा ०.२२ प्रतिशत, भोजपुरी ०.१ प्रतिशत, मैथिली ०.०७ प्रतिशत, थारु ०.०७ प्रतिशत, हिन्दी भाषा ०.०५ प्रतिशत ले बोल्ने गरेको पाइन्छ । जिल्लामा साक्षरता ७६.६ प्रतिशत रहेको छ भने ५ वर्ष वा सो भन्दा माथिका उमेरका साक्षर जनसंख्या पुरुष ८६.०५ प्रतिशत र महिला ६९.५० प्रतिशत रहेको पाइन्छ । वार्षिक जनसंख्या बृद्धिदर ०.९३ प्रतिशत र जनघनत्व प्रति वर्ग कि.मी २४८ रहेको छ । यस जिल्लामा जातीय आधारमा रहेको जनसङ्ख्या निम्नअनुसार छ ।

तालिका : ४.१ जातीय आधारमा स्याङ्जा जिल्लाको जनसङ्ख्या विवरण

| जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ८९२९१ | ३०.९ |
| मगर | ६२०७४ | २१.५ |
| क्षेत्री | ३३३२७ | ११.५ |
| गुरुङ | २५९२६ | ९ |
| कामी | २३१९५ | ८ |
| सार्की | ११६५८ | ४ |
| दमाई/धोवी | १०७९१ | ३.७ |
| नेवार | ९६३५ | ३.३ |
| ठकुरी | ७०९७ | २.५ |
| घर्ति/ भुजेल | ७०२२ | २.४ |

*स्रोत : जि.वि.स २०७०/०७१ ।*

माथिको तालिकाले स्याङ्जा जिल्लामा रहेको जनसङ्ख्यालाई जातिगत रूपमा देखाएको छ । जस अनुसार स्याङ्जा जिल्लामा रहेको जम्मा जनसङ्ख्या २,८९,१४८ मध्ये सबभन्दा बढी जनसङ्ख्या ब्राह्मण जातिका ८९,२९१ अर्थात् ३०.९ प्रतिशत रहेको छ । त्यसैगरी मगर, क्षेत्री, गुरुङ, कामी, सार्की, दमाई/धोवी, नेवार, ठकुरी र घर्ति/भुजेल क्रमशः रहेका छन् ।

### ४.१.२ आरुखर्क गा.वि.स.को परिचय

नेपाल अधिराज्यको पशिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने गण्डकी अञ्चल, स्याङ्जा जिल्लाको सदरमुकाम पुतलीवजार नगरपालिका देखि १७ कि.मी. उत्तरतर्फ अवस्थित यस आरुखर्क गा.वि.स.को उत्तरतर्फ कास्की जिल्लाको पुम्दी, भुम्दी र चापाकोट गा.वि.स., पूर्वतर्फ फेदिखोला गा.वि.स., पश्चिमतर्फ बागे फडके गा.वि.स र भदौरे गा.वि.स.रहेका छन् । दक्षिणतर्फ भाटखोला गा.वि.स. रहेको छ ।

परापूर्व कालदेखि नै बाइसे/चौविसे, राजाको पालामा आरुखर्के राजाको दरवार भएको कारण यो क्षेत्र प्रसिद्ध छ त्यसको भग्नावशेष यहाँ मौजुद छ । यो क्षेत्र समुन्द्र सतहबाट ९७५ मि.

देखि २१२५ मि. को उचाइसम्म फैलिएको छ । यस गा.वि.स.को नाम कसरी आरुखर्क रहन गयो भन्ने जिज्ञासामा त्यहाँका बृद्ध र जाने बुझेका व्यक्तिहरूसँग बुझ्दा परापूर्वकालमा जङ्गल रहेको र पछि खेतियोग्य जमिनको रूपमा परिणत गरिएको राम्रो जमिन अर्थात् खर्क थियो । यसैकारण यस भूभागलाई अब्बल खर्क (पहिलो दर्जाको खर्क) भन्ने गरिन्थ्यो । पछि अब्बल खर्क शब्द अपभ्रंस भई यस ठाउँको नाम आरुखर्क हुन गएको हो भन्ने भनाई छ ।

अर्को किम्वदन्ति अनुसार परापूर्वकालमा यहाँको जिमुवाल, मुखिया जिल्ला सदरमुकाममा खर्क दर्ता गर्न गइरहने गर्थे । यसरी बारम्बार खर्क दर्ता गर्न जिल्लामा जिम्मुवाल, मुखिया आइरहदा जिल्लामा हाकिमहरू छक्क परी “ओहो त्यहाँ अरुपनि खर्क छन्” ? भन्ने गर्थे र यसरी अरुपनि खर्क छन् भन्दा भन्दै अपभ्रंस भई यस स्थानको नाम आरुखर्क रहेको भनाई छ ।

### ४.१.३ आरुखर्क गा.वि.स.को सामाजिक संरचना

आरुखर्कको सामाजिक संरचना बहुलवादी प्रकृतिको छ । सामाजिक आवश्यकता परिपूर्तिका लागि सामाजिक संरचना भित्र भिन्न-भिन्न संस्थाहरूको उदय भएको पाइन्छ । सामाजिक संस्थाहरूले सामाजिक आवश्यकता पूरा गर्नका लागि नियम, संस्कार, पद्धति, मूल्य, मान्यता तर्जुमा गर्दछन् र त्यसै अनुरुप कार्यहरू हुने गर्दछन् । परिवार, नातासम्बन्ध, विवाह आदि सामाजिक व्यवस्थाका आधारभूत सुक्ष्म संस्थाहरू हुन् । शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, धार्मिक संस्थाहरू वृहत संस्था हुन् । सामाजिक व्यवस्थाभित्र विद्यमान सुक्ष्म र वृहत संस्थाहरू एक आपसमा अन्तरसम्बन्धित र अन्तरप्रभावित भएको कारण कुनै एउटा संस्थामा आएको परिवर्तनले स्वतः अन्य संस्थाहरूमा परिवर्तन हुन पुग्दछ । समाजमा प्रचलित सबैभन्दा पुरानो र बढी महत्वपूर्ण सामाजिक संस्था विवाह हो । विवाहको प्रचलन सुरू भए देखि मानव समाज सङ्गठित र अनुशासित हुँदै अघि बढेको पाइन्छ । प्रारम्भमा जैविकीय कारणले नै महिला र पुरुषबीच पहिलो सम्पर्क भएपनि जसलाई समाज सापेक्ष विकास गराउने काम विवाह प्रथाको विकास पछि मात्र भएको पाइन्छ । विवाहले नै परिवार र नातासम्बन्धको विकास गराएको हो । विवाह विधि सम्मत् चल्ने सामाजिक संस्था भएपनि प्रत्येक समाजका आ-आफ्नै प्रचलन र मान्यता अनुसार महिला र पुरुषबीच वैवाहिक सम्बन्ध कायम हुने गर्दछ ।

**तालिका ४.२: आरुखर्क गा.वि.स.मा रहेको जातजातिगत जनसङ्ख्या विवरण**

| जातजाति | ब्राह्मण | | क्षेत्री | | गुरुङ | | कामी | | रानाभाट | | ठकुरी | | सार्की | | दमै | | नेवार | | कुवर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| १ | १२९ | १६६ | ३ | ३ | ११८ | १२३ | १०३ | १०८ | ० | ० | ० | ० | २ | ४ | १० | १५ | ० | ० | ० | ० | ३६५ | ४१९ |
| २ | ११६ | १३९ | ३ | ३ | २७ | २६ | १९ | १८ | ७ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७२ | १८९ |
| ३ | ४४ | ४२ | ० | ० | १७२ | १५३ | ३५ | ३१ | १३ | ११ | ० | ० | २ | ४ | ० | ० | ० | ० | ० | ० | २६६ | २४१ |
| ४ | ११८ | १२६ | ९ | ९ | ० | ० | ११ | १५ | ० | ० | ० | ० | ० | ० | ५ | ५ | ० | ० | ० | ० | १४३ | १५५ |
| ५ | १५३ | १६३ | ० | ० | ० | ० | १५ | १४ | ३२ | ३५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २०० | २१२ |
| ६ | २६५ | २६० | ४३ | ४१ | ४ | ६ | ९८ | १०६ | ० | ० | ० | ० | ० | ० | १२ | १३ | ० | ० | ० | ० | ४२२ | ४२६ |
| ७ | १४५ | १३३ | ३० | ३६ | ४ | २ | ३७ | ४५ | १३ | १९ | १२ | १६ | ५३ | ५९ | ८ | ९ | ० | ० | ० | ० | ३०२ | ३१९ |
| ८ | ६६ | ६७ | ६ | ५ | १५५ | १९० | १०६ | ९४ | ० | ० | ० | ० | १२३ | १२१ | ० | ० | ० | ० | ४६ | ३४ | ५०२ | ५११ |
| ९ | ६५ | ७० | २६८ | २६७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ८ | २५ | ३७ | ६ | ८ | ० | ० | ३७१ | ३९० |
| जम्मा | ११०१ | ११६६ | ३६२ | ३६४ | ४८० | ५०० | ४२४ | ४३१ | ६५ | ६८ | १२ | १६ | १८७ | १९६ | ६० | ७९ | ६ | ८ | ४६ | ३४ | २७४३ | २८६२ |

*स्रोत: आरुखर्क गा.वि.स. वस्तुस्थिति विवरण २०६८ ।*

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा ब्राह्मण जातिको बाहुल्यता पाइन्छ । त्यसैले यहाँको सामाजिक मूल्य, मान्यता रहनसहन, प्रथा, परम्परामा ब्राह्मण जातिको बढी नै प्रभाव देखिन्छ । विशेषगरी विवाहमा दाइजो लिनेदिने चलन उच्च जातिका समुदायहरूमा बढी प्रचलित छ । अन्य जातजातिमा पनि दाइजो प्रथा चलनचल्तीमा छ । विशेषगरी हिन्दु धर्मावलम्वीको बाहुल्यता भएको यस क्षेत्रमा पुरुषको सङ्ख्या महिलाको तुलनामा बढी नै देखिन्छ । जसले गर्दा महिलाको तुलनामा पुरुषको हरेक तह र क्षेत्रमा पहुँच बढी छ । सोही अनुसारको सामाजिक संरचना विकास भएको पाइन्छ । अध्ययन क्षेत्रको सामाजिक संरचनामा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको देखिन्छ ।

आरुखर्कको ग्रामिण परिवेसलाई हेर्दा यहाँ हिन्दु धर्म मान्ने ब्राह्मण जातिको विवाहमा बढी मात्रामा दाइजो दिने प्रचलन रहेको छ । अन्य जातिहरूमा यसको प्रचलन छ तर भड्किलो छैन । खासगरी आरुखर्क गाउँमा मागी विवाहको प्रचलन बढी छ । प्रेम विवाह, अदालती विवाहको प्रचलन पनि देखिन्छ । अन्तरजातीय विवाह, जनवादी विवाह, जस्ता आधुनिक विवाह पद्धति अवलम्बन नगरेको देखिन्छ । मागी विवाहमा अभिभावकले नै विवाहको निर्णय गरेको पाइन्छ । मागी विवाहमा लमीको भूमिका पनि रहने र केटापक्ष तथा केटीपक्ष बीचमा दाइजोको लेनदेन हुने गर्दछ । ग्रामिण क्षेत्रमा दाइजो बोलकवोलद्वारा नभई स्वेच्छिक रूपको हुन्छ । यस सम्बन्धमा बेङ्क्विष्ट मोडल (सिद्धान्त) आकर्षित भएको पाइन्छ । यस गा.वि.स.मा विभिन्न जातजातिको बसोबास रहेकोले जातीय व्यवस्था कायमै छ । विवाहलाई महिला र पुरुष बीच हुने स्वभाविक जैविक, वैधानिक सम्बन्धको रूपमा कम लिई सामाजिक संस्कार, धर्म र जातीय प्रतिष्ठासँग जोडेर हेर्ने मान्यताले छोरीको विवाह कम उमेरमा गरिने परम्परा रहेको छ । जसको कारण समाजमा नकारात्मक असर परेको देख्न सकिन्छ । अध्ययन क्षेत्रमा पितृसत्तात्मक सामाजिक संरचना भएका कारण पुरुष घरमूली हुनेको संख्या बढी पाइन्छ । तुलनात्मक रूपमा जनजाति समुदायका महिलाको स्तर राम्रो पाइन्छ । विभिन्न कारणले घरेलु निर्णयका अवसर यिनीहरूले प्राप्त गर्दछन् । कानुनी व्यवस्था जे जस्तो भएपनि पैतृक सम्पत्ति महिलाले प्राप्त गरेको र दावी गरेको देखिदैन । अध्ययन क्षेत्रमा महिलाको शिक्षामा कम पहुँच देखिन्छ । शिक्षा र दाइजो बीच नकारात्मक एवम् सकारात्मक सम्बन्ध रहेकोले छोरीलाई जति बढी पढायो उती नै बढी स्तर मिलाएर केटो खोज्दा दाइजोमा बढी लगानी गर्नुपर्ने कारणले छोरीलाई पढाईमा लगानी गर्नुभन्दा पनि छोरीको १५ देखि २० वर्षभित्र नै विवाह गरिदिने सामान्य प्रचलन रहेको छ ।

आजभोली शिक्षित र योग्य केटीका हकमा दाइजो नखोज्ने प्रचलन पनि सृजना भएको छ । तुलनात्मक रूपमा पुरुषको ढिलो विवाह हुनुमा शिक्षामा पहुँच पुगेको र हरेक क्षेत्रमा पुरुषलाई उच्च प्राथमिकता दिइनुलाई मानिन्छ । पेशागत अवस्था हेर्दा अधिकांस महिलाहरू गृहिणी रहेका छन् भने पुरुष जागिरमा संलग्न देखिन्छन् । महिलाहरू घरायसी अनुत्पादक काममा सरिक हुनुपर्ने, उनीहरूको कामको मुल्याङ्कन नगरिएको अथवा मौद्रिक मूल्यमा गणना नगरिएको, आर्थिक मामिलामा पुरुषसँग निर्भर हुनुपरेको, विवाहमा छोरीले माइतीबाट प्राप्त गरेको दाइजो पनि आफ्नै स्वामित्वमा राखी परिचालन गर्न नपाएको अवस्था भेटिन्छ । ग्रामिण प्रचलनमा साना-ठूला निर्णय प्रक्रियामा पुरुषको प्रधान्यता रहेको पाइन्छ । कालक्रममा शिक्षा र चेतनाको विकासले मात्रात्मक रूपमा महिलाको हित र अग्रसारिताको विषयलाई प्राथमिकता दिन थालिएको छ ।

## ४.२ उत्तरदाताको सामाजिक एवम् जनसाङ्ख्यिक विवरण

### ४.२.१ शैक्षिक विवरण

अध्ययन क्षेत्र अन्तर्गतको समुदायमा विद्यमान शैक्षिक अवस्था तलको तालिका अनुसार रहेको पाइन्छ ।

**तालिका ४.३: उत्तरदाताको शैक्षिक स्थिति**

| शिक्षाको स्थिति | महिला | % | पुरुष | % | जम्मा |
|---|---|---|---|---|---|
| निरक्षर | १० | २५ | २ | ६.६६ | १२ |
| साक्षर | ९ | २२.५ | ४ | १३.३३ | १३ |
| एस.एल.सी.भन्दा कम | ५ | १२.५ | ४ | १३.३३ | ९ |
| एस.एल.सी.उत्तीर्ण | ४ | १० | ५ | १६.६७ | ९ |
| इन्टरमिडियट उत्तीर्ण | ६ | १५ | ५ | १६.६७ | ११ |
| स्नातक उत्तीर्ण | ४ | १० | ६ | २०.०० | १० |
| स्नातक भन्दा माथि | २ | ५ | ४ | १३.३४ | ६ |
| जम्मा | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ४.३ मा कूल महिला उत्तरदाता ४० जना मध्ये सबैभन्दा बढी (२५%) निरक्षर र २२.५ प्रतिशत साक्षर छन् । उच्च शिक्षा हासिल गर्नेमा क्रमशः इन्टरमिडियट पास १५ प्रतिशत, बि.ए.पास १० प्रतिशत र बिएभन्दा माथि ५ प्रतिशत रहेको पाइन्छ । त्यस्तैगरी पुरुष उत्तरदाता कूल ३० जना मध्ये सबैभन्दा बढी (२०%) वि.ए.पास छन् । बि.ए. भन्दा माथि १३ प्रतिशत र एस.एल.सी. र इन्टरमिडियट पास १६.६७ प्रतिशत रहेको छ भने निरक्षर उत्तरदातामा सबै भन्दा न्यून (६.६६%) रहेको पाइन्छ ।

शिक्षाको दृष्टिकोणबाट महिला र पुरुषको तुलनात्मक अध्ययन गर्दा केही महिलाभन्दा पुरुषहरू बढी शिक्षित पाइएतापनि पहिले-पहिलेको अवस्थामा भन्दा अहिले महिलाहरू अधिकतम मात्रामा शिक्षित भइसकेको अवस्था तथ्याङ्कबाट देखिन्छ । एस.एल.सी.दिए पश्चात् उनीहरूको वैवाहिक उमेर परिपक्व भैसकेको छोरीलाई बिहेगरी पठाउँदा बाबुआमाको कर्तव्य पुरा हुने सोंचाइ छ भने अर्कोतर्फ पुरुषको तुलनामा महिलाको चाडो विवाह गरिदिने प्रचलन, पढ्दापढ्दै वैवाहिक बन्धनमा बाधिनुपर्दा विवाह पश्चात् धेरैजसो महिलाहरू बुहारीको भूमिका निभाउनुपर्ने हुँदा घरधन्दामा लाग्ने कारणले पढाइबाट बञ्चित हुन पुग्छन् । हिन्दु धार्मिक परम्परा अनुसार छोरीको रजस्वला हुनुभन्दा अगाडि नै कन्यादान गऱ्यो भने चोखो जल खान पाइने र आफ्ना पितृकूलको उद्धार हुने मान्यता अनुसार सानो उमेरमा विवाह गर्ने चलन चलेको पाइन्छ । हाल सो मान्यता हटिसकेको अवस्था छ । समाजमा अर्को प्रचलन छोरीलाई धेरै पढाउँदा पढाई खर्च पनि बढ्ने र पढाई अनुसारको केटो खोज्दा दाइजो पनि धेरै दिनुपर्छ भन्ने मान्यताले पनि चाडो विहे गरी पठाउने चलन भने अझै हटिसकेको छैन । जति उमेर बढ्यो या जति धेरै छोरीलाई पढायो उति नै बढी खर्च गरी कन्यादान दिने प्रचलन बढ्दो छ । छोरीलाई दाइजो होइन शिक्षा भन्ने संस्कार अझै बसिसकेको छैन । यसमा सुधार हुने बलियो आधार क्रमिक रूपमा विकसित हुँदैछ ।

**दाइजो सम्बन्धमा ५५ वर्षिय एक प्रौढ पुरुष अभिभावक सँगको अन्तरङ्ग छलफल**

| |
|---|
| *मेरो विवाह २२ वर्षको उमेरमा वि.सं. २०३८ मा भएको हो । हाल मेरा ४ छोरी र १ छोरा छन् । जेठी छोरीको २०५५ सालमा विवाह गर्दा सामान्य खर्च गरियो । त्यसबेला उनी कक्षा ७ मा पढ्दै थिइन् । विवाह गर्दा उनको उमेर १६ वर्षको मात्र थियो । माइली छोरीको पनि वि.सं. २०५८ सालमा कक्षा १० मा पढ्दा पढ्दै विदेश जाने केटासित विवाह गरियो । त्यसबेला खासै दाइजोको माग भएन । शिर, पाउ, पुजेर मात्र छोरीको विवाह भयो । नेपाली विषय लिएर डिग्री पास गरेकी साँहिली छोरीको पढाइ सकिएकोले मैले विवाह गर्नको लागि आफ्ना नजिकका मान्छे र इष्टमित्रलाई भने पढेकी छोरीको पढाई मिलाउनु पर्ने हुँदा भनेजस्तो पाउन पनि गाह्रो भयो । केही केटाहरूसँग बातचित भएपछि विवाह गर्ने कुरा पनि चल्यो । मैले छोरी पढाए, लगानी गरे, कन्या बाहेक केही दिन सक्दिन भनी कारोवारेसँग भने उनले एक दिने इज्जत त राखिदिनुपर्छ भनेका छन् भनी बताए । मैले दाइजो दिन अस्विकार गरेपछि केटाले नेपाली पढेकी केटीसँग विवाह नगर्ने भन्यो भन्ने बताए, विवाह हुन सकेन । फेरी अर्को ठाउँबाट डिग्री पढेको केटाको कुरा चल्यो, विवाह गरौ भन्नेमा पुगियो तर दाइजो दिन सक्दिन भने । कुरो चलाउने व्यक्तिले केटा पक्षसँग राख्दा यो महिनामा विवाह जुरेन अर्को  महिनामा गरौला भन्ने भयो, त्यसपछि वास्तै भएन । अहिले यही गएको जेठमा बुटवलबाट वि.एड. पास गरेको केटाबाट कुरो आयो । मैले बुझ्दा ठिकै जस्तो लागि छोरीको विवाह गरिदिएँ । दिन त केही सक्दिन भनेपनि, पहिला पहिला डिग्री पास गरेका र पढ्दै गरेका केटाहरूसित विवाह नभएपछि अहिले पनि यस्तै हुने हो कि भनी सामान्य केटा र केटाका घरपरिवारलाई सुन र अन्य हल्का जिन्सी सामान दिंदा पनि  मेरो ३ लाख सत्तरी हजार जति खर्च भयो । अझ कान्छी छोरी र छोराको विवाह गर्न बाँकी नै छ । बरु नपढेकी छोरी विवाह गर्न गाह्रो भएन पढेका छोरीको विवाह गर्न साह्रै गारो भयो ।* |

उल्लेखित तथ्यबाट के थाहा हुन आउँछ भने छोरीलाई जति पढायो सोही स्तर अनुसार केटो खोज्नुपर्ने हुन्छ । बढी पढेकी छोरीलाई थोरै पढेका केटालाई दिनुहुँदैन भन्ने मान्यताले समाजमा प्रश्रय पाएको पाइन्छ । केटीको भन्दा केटाको शिक्षा बढी हुनुपर्ने भन्ने सामाजिक सोच देखिन्छ । बढी पढेकालाई धेरै दाइजोमा लगानी गर्नुपर्ने र दाइजो भनेजति दिन नसकेमा छोरीको विवाह गर्न झन् कठिन हुने देखिन्छ ।

## ४.२.२ पेशागत विवरण

अध्ययन क्षेत्रमा छनौटमा परेका उत्तरदाताहरूले अँगाल्दै आएको पेसा सम्बन्धी जानकारी तालिकामा प्रस्तुत छ । पेसाले गर्दा पनि उनीहरूको आर्थिक स्थिति संस्कारगत विषय र सामाजिक हैसियत झल्किन्छ । वैवाहिक कार्यक्रममा दिइने र लिइने उपहारले पनि दाइजोको रुपबाट विकृति ल्याएको छ ।

तालिका ४.४: उत्तरदाताको पेशागत विवरण

| पेशागत विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| कृषि | २७ | ६७.५ | ७ | २३.३३ | ३४ |
| व्यापार | ५ | १२.५ | ७ | २३.३३ | १२ |
| मजदुरी | ४ | १० | २ | ६.६६ | ६ |
| जागिर | ४ | १० | ९ | ३० | १३ |
| समाजसेवा | ० | | ५ | १६.६६ | ५ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ४.४ मा कूल महिला उत्तरदाता ४० जना मध्ये सबैभन्दा बढी (६७.५%) महिलाहरू कृषि पेसामा संलग्न रहेका छन् । व्यापार, मजदुरी, जागिरमा केही संलग्नता भए तापनि समाजसेवाको क्षेत्रमा पहुँच शुन्य रहेको पाइन्छ । कूल पुरुष उत्तरदाताहरूमध्ये सबैभन्दा बढी (३०%) जागिरमा संलग्न रहेको पाइन्छ । मजदुरी पेसामा अत्यन्त न्यून ( ६.६६%) रहेको पाइन्छ ।

उक्त तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने ग्रामिण समाजमा अझै पनि पुरातन मुल्य, मान्यता हावी भएकाले महिलालाई घरभित्रकै काममा पुरुषले अल्झाउने, कम मुल्यका श्रममा लगाउने, साथै पारम्पारिक कृषि पेसामा लगाउने, आर्थिक रूपमा पुरुषमाथि निर्भर रहने तथा परिवार र बालबच्चाको स्याहार सम्भारमा मात्र सीमित रहने गरेको पाइन्छ ।

### ४.२.३ जातजाति अनुसारको विवरण

अध्ययन क्षेत्र आरुखर्क गा.वि.स. का ४, ५ र ६ वडामा विशेषगरी ब्राह्मण जातिको बाहुल्यता रहेतापनि अन्य जातजातिहरूको पनि बसोबास रहेको छ । जुन तलको तालिकाबाट प्रष्टसँग देखाउन सकिन्छ ।

तालिका ४.५ : उत्तरदाताको जातजाति अनुसार विवरण

| जातजाति | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ब्राह्मण | २४ | ६० | १८ | ६० | ४२ |
| क्षेत्री | ४ | १० | २ | ७ | ६ |
| रानाभाट | ३ | ७.५ | १ | ३ | ४ |
| गुरुङ | १ | २.५ | १ | ३ | २ |
| दमै | १ | २.५ | २ | ७ | ३ |
| कामी | ७ | १७.५ | ६ | २० | १३ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ४.५ अनुसार कुल उत्तरदाता (महिला र पुरुष) ७० जना मध्ये ४० जना महिला उत्तरदातामा सबैभन्दा बढी (६०%) ब्राह्मण रहेको पाइयो । अन्यमा क्रमशः कामी १७.५, क्षेत्री १० प्रतिशत, रानाभाट ७.५ प्रतिशत, गुरुङ र दमै २.५ प्रतिशत रहेको पाइयो । पुरुष उत्तरदाता ३० जनामा पनि ब्राह्मण जातिको बाहुल्यता रहेको पाइयो भने अन्यमा उही महिला उत्तरदाताको जस्तै गरी रानाभाट र गुरुङ जातिको न्यूनता रहेको पाइयो । जनसङ्ख्याको आधारमा उत्तरदाता छनौट गरिएकोले पनि उक्त अध्ययन क्षेत्रमा रहेको गा.वि.स.मा ब्राह्मण जातिको बाहुल्यता बढी भएकोले सोही जातिका उत्तरदाता बढी हुन गएको पाइन्छ । विशेषगरी विवाहमा दाइजो लिनेदिने प्रक्रिया यही ब्राह्मण जातिका समुदायहरूमा बढी भएकोले पनि उक्त जातिको धर्म र संस्कृतिको प्रभाव अध्ययन क्षेत्रका अन्य जातजातिमा पनि पर्न गएको पाइन्छ ।

## ४.२.४ पारिवारिक संरचना

यस अध्ययन क्षेत्रमा प्राय एकल र संयुक्त किसिमका परिवारको संरचना रहेको पाइन्छ । अध्ययनको क्रममा प्राचिन कालमा जस्तो वृहत परिवारको संरचना र पश्चिमेली राष्ट्रहरूमा भ्कै एकल परिवार भने अध्ययन क्षेत्रमा भेटिएको छैन । पारिवारिक संरचनालाई तलको तालिकाबाट प्रस्तुत गरिन्छ ।

तालिका ४.६ : उत्तरदाताको पारिवारिक संरचना

| परिवारको संरचना | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| संयुक्त परिवार | २४ | ६० | २० | ६६.६७ | ४४ |
| एकल परिवार | १६ | ४० | १० | ३३.३३ | २६ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ४.६ बाट कुल महिला उत्तरदाता ४० जना मध्ये संयुक्त परिवारमा बस्ने संख्या बढी (६०%) रहेको र एकल परिवारमा बस्ने संख्या न्यून रहेको पाइन्छ । त्यस्तैगरी कूल ३० जना पुरुष उत्तरदाता मध्ये पनि संयुक्त परिवारमा बस्ने संख्या बढी (६६.६७%) र एकल परिवारमा बस्ने उत्तरदाता कम रहेको पाइन्छ ।

उक्त तथ्याङ्बाट के पाउन सकिन्छ भने आधुनिकीकरणको प्रभावले गर्दा परिवारको संरचनामा वृहत, संयुक्त र एकल हुँदै वैक्तिगत पारिवारिक संरचनामा समेत पुगेको अवस्थामा अध्ययन क्षेत्रमा संयुक्त र एकल परिवार मात्रै रहेको पाइयो । संयुक्त परिवारको संख्या बढी भएकोले दाइजो लेनदेन पनि बढी मात्रामा हुन्छ । एकल परिवारको तुलनामा संयुक्त परिवारमा छुट्टा छुट्टै स्तर र भूमिका भएका व्यक्तिहरूको संलग्नता रहनाले उनीहरूको इच्छा र चाहनामा पनि धेरै विविधता पाउन सकिन्छ । दाइजोलाई इज्जतको बैकल्पिक नामको रूपमा लिने गरिन्छ । प्रत्यक्ष रूपमा इज्जत राख्नुपर्छ भन्ने भनाइलाई अप्रत्यक्ष रूपमा दाइजो मागेको बुभ्क्नुपर्दछ । दाइजोलाई परिवारका अन्य सदस्यको इज्जतसँग जोडिएको चासोको विषय हुनाले संयुक्त परिवारमा बढी दाइजोको मोलमोलाई देखिन्छ ।

### ४.२.५ घरमुलीसँग सम्बन्ध

अध्ययन क्षेत्रमा रहेका उत्तरदाताको घरमुलीसँगको सम्बन्ध वा आफै घरमुली भएको कारणले पारिवारिक (सामाजिक, आर्थिक) निर्णयमा के कस्तो भूमिका निर्वाह गर्दछ र सो निर्णयले दाइजो प्रक्रियामा कस्तो असर पर्दछ भन्ने तथ्याङ्क तल दिइएको तालिकाबाट प्रष्टिन्छ ।

**तालिका ४.७: उत्तरदाताको घरमुलिसँगको सम्बन्ध**

| घरमुलीको सम्बन्ध | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| ससुरा/बाबा | १५ | ३७.५ | ११ | ३६.६६ |
| सासू/आमा | ५ | १२.५ | ४ | १३.३३ |
| श्रीमान्/श्रीमती | १२ | ३० | ६ | २०.०० |
| आँफै | ८ | २० | ९ | ३०.०० |
| **जम्मा** | ४० | १०० | ३० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ४.७ मा उत्तरदाताको घरमूलीसँगको सम्बन्ध हेर्दा उत्तरदाताको सम्बन्ध सबै भन्दा बढी (३७.५%, ३६.६६%) ससुरा/बाबा भएको देखिन्छ । सासू/आमा घरमुली हुनेको संख्या न्यून रहेको पाइन्छ । त्यस्तैगरी श्रीमान्/श्रीमती घरमुली हुनेमा क्रमशः ३०, २० प्रतिशत र उत्तरदाता आफै घरमुली क्रमशः २०, र ३० प्रतिशत रहेको पाउन सकिन्छ ।

उक्त तालिकामा घरको मुली सदस्य पुरुषको नै बाहुल्यता देखिन्छ । त्यसमा पनि बाबु/ससुरा भएकाले परिवारको आर्थिक, शैक्षिक, सामाजिक क्षेत्रमा पुरुषको अग्रसरता बढी हुँदा महिलाहरू केही चेपुवामा परेको पाइन्छ । यसरी संयुक्त परिवारमा छोरीको विवाह हुँदा परिवारका अन्य सदस्यलाई खुशी तुल्याउन माइतितर्फबाट दिएको उपहार साथसाथै केटातर्फबाट पाउने अतिरिक्त जिन्सी वा नगद ससुरालीबाट पाउने उपहारलाई हिजोआज बोलकबुल गरी दाइजो स्वरुप लिनेदिने गरेको पाइन्छ ।

## ४.२.६ वैवाहिक उमेर

वि.सं. २०५८, सामाजिक सुधार ऐन ११ औं संशोधन तात्कालिन श्री ५ को सरकारद्वारा तोकिए बमोजिम विवाहको उमेरको हदवन्दी २० वर्ष तोकिए तापनि धार्मिक मूल्य मान्यता र परम्परादेखि चल्दै आएको सामाजिक संस्कारले वैवाहिक उमेरलाई प्रभावित पारेको पाइन्छ। स्थलगत अध्ययन अनुसार उत्तरदाताको वैवाहिक उमेर तलको तालिका ४.८ बाट प्रष्ट पारिएको छ।

**तालिका ४.८: उत्तरदाताको वैवाहिक उमेरको अवस्था**

| विवाहको उमेर (वर्ष) | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| १५-२० | २६ | ६५ | ३ | १० | २९ |
| २१-२५ | १० | २५ | ७ | २३.३३ | १७ |
| २६-३० | ४ | १० | १६ | ५३.३३ | २० |
| ३० वर्ष भन्दा माथि | ० | ० | ४ | १३.३४ | ४ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१।*

तालिका ४.८ अनुसार कुल महिला उत्तरदाता ४० जना मध्ये अधिकांस महिला उत्तरदाताको विवाह १५-२० वर्षको उमेरमा बढी (६५%) भएको देखिन्छ र ३० वर्षभन्दा माथिका उमेर अवधिमा शुन्य रहेको पाइयो। त्यस्तैगरी पुरुष उत्तरदाता ३० मध्ये २६-३० वर्षको उमेर समूहमा बढी (५३.३३%) भएको देखिन्छ, तर १५-२० वर्ष उमेर समूहमा अत्यन्त न्यून (१०%) रहेको पाइन्छ।

उमेरगत वैवाहिक अवस्थालाई हेर्दा कुल उत्तरदाता ४० मध्ये सबैभन्दा बढी (६५%) कम उमेर समुहका (१५ देखि २० वर्ष) वैवाहिक बन्धनमा बाधिएको पाइयो। परिपक्व उमेर समूह (२६ देखि ३० वर्ष) का उत्तरदाताहरू अति न्यून (१०%) मात्र पाइयो। उक्त तथ्याङ्कबाट के थाहा हुन्छ भने अझै पनि छोरीलाई न्यून उमेरमा विवाह गरिदिने प्रचलन हावी भएको पाइन्छ। अभिभावकले छोरा सरह शिक्षा, स्वास्थ्यमा पहुँच बढाएको पाइदैन।

छोरीलाई आत्मनिर्भर बन्न र व्यक्तित्व विकास गर्नका लागि सिप, तालिम, शिक्षाको अवसर भन्दा पनि बढी सान्दर्भिक विवाहलाई मान्ने गरेको देखिन्छ । यसले गर्दा महिला परनिर्भर बन्नुपर्ने अवस्था रहिरहन्छ । विवाह जस्तो जीवनको अति महत्वपूर्ण र संवेदनशील कार्यमा समेत महिलाको निर्णय गर्ने अधिकार कुण्ठित गरी आत्म निर्णयको स्वतन्त्रताबाट बञ्चित गरेको देखिन्छ ।

## ४.२.७ विवाहको प्रकार

अध्ययन क्षेत्रमा सम्बन्धित उत्तरदाताबाट आफू वैवाहिक बन्धनमा बाधिनको निम्ति कुन किसिमको विवाहका प्रक्रिया अपनाएको थियो सो बारे तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका ४.९: उत्तरदाताको विवाहको प्रकार

| विवाहको प्रकार | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| मागी विवाह | ३० | ७५ | २१ | ७० | ५१ |
| प्रेम मार्फत मागी विवाह | ८ | २० | ४ | १३.३३ | १२ |
| प्रेम विवाह | २ | ५ | ५ | १६.६७ | ७ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ४.९ अनुसार उत्तरदाताको वैवाहिक प्रकारको स्थितिलाई बुझ्दा कुल उत्तरदाता ४० जना मध्ये अधिकतम (७५%) ले पारम्परिक सामाजिक रीतिरिवाज अनुसारको मागी विवाह अपनाएको बुझियो । उमेर पुगेका केटा र केटीको भावना अनुरुप मन मिलि आफू-आफूमा विश्वास जगाई आफ्ना अभिभावकलाई चित्त बुझाई मागी विवाहमा परिणत गर्ने २० प्रतिशत र केटा र केटी दुवै जनाको सहमती अनि विश्वास (प्रेम विवाह) बाट विवाह गर्नेको सङ्ख्या भने अति न्यून (५%) मात्र रहेको पाइयो । त्यस्तै कुल पुरुष उत्तरदाता (३० जना मध्ये) पनि सबैभन्दा बढी (७०%) ले मागी विवाह गरेको पाइयो । प्रेम विवाहमा ( १६.६७ %) र प्रेम मार्फत् मागी विवाहमा न्यून (१३.३३%) रहेको पाइयो ।

उक्त तथ्याङ्कबाट ग्रामिण समाजमा अझै पनि शहरीकरणको र आधुनिकीकरणको प्रभाव कम पर्ने गरेकोले छोरीहरूको विवाहमा अभिभावकको निर्णय नै सर्वोपरी हुने भएकोले मागी विवाह नै धेरै भएको देखिन्छ । विवाहले नितान्त व्यक्तिगत प्रभाव पार्ने नभई विवाह पश्चात् विभिन्न सामाजिक, साँस्कृतिक तथा नातेदारीमा प्रभाव पार्ने हुन्छ । मागी विवाहको समर्थन उच्च रहेकोले सामाजिक सद्भाव र संरचनामा असर नपुग्न देखिन्छ । अभिभावकको जोडबाट विवाह गरिने प्रचलन बेशी रहेकाले घरपरिवार, कुलकुटुम्ब, इष्टमित्रको इज्जत राख्ने नाउँमा आफ्नो बोलवाला र हैकम कायम राख्न चेपुवामा परी दाइजो लिने, दिने प्रचलन बढी देखिन्छ ।

# अध्याय पाँच

## दाइजो प्रथा, कारण, समस्या र समाधान

यस अध्यायमा मुख्य रूपमा दाइजो प्रथा, कारण, समस्या र समाधान सम्बन्धी व्याख्या एवम् विश्लेषण गर्ने प्रयत्न गरिएको छ । मुख्य रूपमा अन्तरवार्ता अनुसूची, प्रश्नावली र वैयक्तिक अध्ययन विधिको प्रयोग गरी अध्ययन क्षेत्रका उत्तरदाताहरूबाट तथ्याङ्क लिइएको छ ।

### ५.१ दाइजोको स्वरुप

परम्परागत रूपमा चल्दै आएको दाइजो प्रथाको स्वरूपमा पनि हाल आएर परिर्वतन भएको पाइन्छ । सामाजिक रुपान्तरणसँगै व्यक्तिवादी, पूँजीवादी, सामन्तवादी समाजको विकसित रूप हुँदै दाइजो दिने स्वरुप, ढाँचा र मात्रामा पनि परिवर्तन हुँदै आएको पाइन्छ । विज्ञान प्रविधिको विकास, शिक्षा, पेशामा आएको परिवर्तन, मानिसको आम्दानीमा भएको वृद्धि आदि कारणले दाइजोको स्वरूपमा परिवर्तन आएको कुरा अध्ययन क्षेत्रका उत्तरदाता बाट थाहा हुन्छ । जसलाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

तालिका : ५.१ दाइजोको परिवर्तित स्वरुप

| विवरण | पहिले | | अहिले | | |
|---|---|---|---|---|---|
| | जिन्सी | पुष्पम पत्रम फुलम | जिन्सी | नगद | दुवै |
| पुरुष | २३ | ७ | ९ | ५ | १६ |
| प्रतिशत | ७७ | २३ | ३० | १७ | ५३ |
| महिला | ३२ | ८ | ११ | ९ | २० |
| प्रतिशत | ८० | २० | २७५ | २२५ | ५० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.१ अनुसार ७० जना उत्तरदाता मध्ये महिला पुरुष दुवै उत्तरदाताले अत्याधिक मात्रामा (७७% र ८०%) दाइजो जिन्सी सामान (जोर ग्रागी, ताउला, दराज, मदुश, पेटारो, थाल, कचौरा, गाई, अंखरा, विस्तरा, आदि) दिने गरेको बताउँछन् भने हाल आएर जिन्सी, नगद दुवै दाइजोको रूपमा बढी मात्रामा (५३%, ५०%) दिन्छन् भन्ने उत्तरदाताको बाहुल्यता पाइन्छ ।

दाइजोको स्वरुपको अवस्थालाई हेर्ने हो भने त्यसमा व्यापक परिवर्तन, परिमार्जन हुँदै आफ्नो जाय जेथा सम्पत्तिले धान्नै नसक्ने खालका जिन्सी वा नगद दिने साथै होटल, क्याटरिङमा ठूलो भोज-भतेर लगाउने होडबाजी तीव्र रूपमा बढ्दो छ । जिन्सी समानहरूमा सुनका गहना, कार, मोटरसाइकल, फर्निचर, टेलिभिजन, कम्प्यूटर आदि दिने गरेको पाइन्छ । खानपानमा अखाद्ध वस्तु मिश्रण खानपान जुन महङ्गा तारे होटलमा गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । यस सम्बन्धमा आरुखर्क ४ की ४९ वर्षिय एक दलित महिला अभिभावकको अभिमत यस्तो छ :

*मेरो विवाह २०३४ सालमा मागी विवाहको रूपमा भएको हो । विवाहमा मेरो उमेर १२ वर्ष मात्र थियो । श्रीमानको उमेर १५ वर्षको थियो । मेरो विवाहमा केटा पक्षबाट कपडाको सुजेरा, सिँदुर, चुरा, पोते, एउटा गुनियो, चोलो मात्र ल्याएका थिए । जन्तिहरू २७ जना आएका थिए । तिनलाई खाना खुवाउने बाहेक अरु केही दिइएन । तर मेरी छोरीको विवाह वि.सं. २०६९ वैशाखमा गर्दा केटा पक्षबाट इज्जत राख्नुपर्छ भने । विवाहमा बाजागाजा सहित १५० जना जति जन्ति आए । केटा पक्षका जन्तीलाई खाना खुवाउन पहिलाको भन्दा बोझिलै भयो । दाइजो स्वरुप केटालाई औंठी, सिक्री, केटाका बाबु र दाइहरूलाई लाई औंठी, आमालाई छड्के तिलहरी र बाटो छेक्नेलाई चन्द्रमा साथै कोठाका सामग्रीहरू दराज, पलङ, विस्तरा, टि.भि. ग्यासचुलो लगायतका सामाग्रीहरू दिइयो । अझै दुइटी छोरी विवाह गर्न बाँकी नै छन् । विवाह झन्झन् आजभन्दा भोली भड्किलो हुँदै गएको छ । कसरी छोराछोरीको विवाह पार गर्ने हो समस्याजन्य बन्दै गएको छ ।*

त्यस्तैगरी आरुखर्क ६ की भर्खरै एक वर्ष अगाडि विवाह भएकी एक गुरुङ महिला भन्नुहुन्छः

*मेरो विवाह १९ वर्षमा ११ पढ्दा पढ्दै वि.सं. २०७० मंसिरमा मामाको छोरासँग भयो । वि.सं. २०७१ बैशाख महिनामा मेरा बाबु आमाले टिका फुकाउने भनी बोलाउनु भयो । टिका फुकाउँदा पोखरामा एउटा घडेरी र केटातर्फका सबैलाई सुन र कपडा दिनुभयो ।*

दाइजोको स्वरुपलाई हेर्दा मुख्यतया सबै जातमा बढी भट्किलो चलनको रूपमा देखिए तापनि यसको विस्तार दलित र गुरुङमा पनि परेको पाइन्छ । जुन कुरा माथिको वैयक्तिक अध्ययनबाट प्रष्टिन्छ ।

## ५.२ दाइजो लेनदेन घटबढ सम्वन्धी अवस्था र कारण

हाम्रो समाजमा परम्परागत रूपमा विभिन्न सांस्कृतिक क्रियाकलाप एवम् प्रथाले निरन्तरता पाइरहेका छन् । समाजमा स्थापित प्रथाहरू मध्ये दाइजो प्रथा पनि एउटा हो । विवाहको सुरुवातदेखि दुवैतर्फबाट दिइने दान, भेटी, उपहारहरूको विकसित रूप बन्दै पितृसत्ताको आडमा एकतर्फी रूपमा दाइजो माग्ने अनि दिने चलन मौलाउँदै गएको पाइन्छ । अध्ययन क्षेत्र आरुखर्क गा.वि.स.का उत्तरदातासँग राखिएको जिज्ञासालाई तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२: उत्तरदाताको दाइजो लेनदेन घटबढ सम्बन्धी धारणा**

| दाइजो सम्बन्धी धारणा | महिला उत्तरदाता | प्रतिशत | पुरुष उत्तरदाता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| बढेको | ३६ | ९० | २८ | ७३ | ६४ |
| घटेको | - | - | २ | २७ | २ |
| थाहा छैन | ४ | १० | - | - | ४ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.२ अनुसार ७० जना उत्तरदाता मध्ये महिला पुरुष दुवै उत्तरदाताले दाइजो लिनेदिने प्रक्रिया अध्यधिक मात्रामा (९०% र ७३%) बढेको बताउँछन् । महिला उत्तरदाताहरूमा दाइजो दिने प्रक्रिया घटेको बताउनेमा शुन्य पाइन्छ । पुरुष उत्तरदाताहरूमा पनि (२७%) ले घटेको बताउँछन् भने जानकारी नै छैन भन्ने महिला उत्तरदाता अति न्यून (१०%) मात्र पाइन्छ । तालिका ५.२ को तथ्याङ्क अनुसार दाइजो प्रथा समाजमा बढेको तथ्य प्रष्टिन्छ । यसरी दाइजो प्रथा बढ्नुको कारण उत्तरदातासँग राखिएको जिज्ञासालाई तलको तालिकामा प्रष्ट्याइन्छ ।

तालिका ५.३ दाइजो लेनदेन बढ्नुको कारण

| दाइजो लेनदेन बढ्नुको कारण | महिला उत्तरदाता | प्रतिशत | पुरुष उत्तरदाता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| सामाजिक संस्कारको रूपमा लिइनु | १९ | ४७.५ | १८ | ६० | ३७ |
| सामाजिक रवाफको रूपमा लिइनु | १० | २५ | ६ | २० | १६ |
| छोरीलाई छोरासरह अंस दिने मान्यता विकास हुनाले | ७ | १७.५ | ३ | १० | १० |
| उपयुक्त ऐन नियमको अभाव | ४ | १० | ३ | १० | ७ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.३ अनुसार दाइजो प्रथा समाजमा बढ्नुको कारण सामाजिक संस्कारको रूपमा लिइनुले विकसित भएको हो भन्ने अत्यधिक मात्रामा महिला र पुरुष उत्तरदाता क्रमश (४७.५%, ६०%), सामाजिक रवाफ देखाउने प्रवृत्तिका रूपमा विकसित हुनाले भन्नेमा २५.२० प्रतिशत उत्तरदाताको विचार पाइयो । अर्कोतर्फ छोरीलाई छोरा सरह अंश दिने भन्ने मान्यताको विकास हुनुले पनि दाइजोको प्रचलन बढेको भन्ने मनसाय १७.५० प्रतिशतको पाइयो । त्यस्तैगरी देशको तरल राजनीति, संक्रमण काल र ऐन कानुन फितलो, प्रशासनिक निगरानी फितलो भएको अवस्थाको  मौका छोपी समाजमा कुसंस्कार फैलाउने, पूँजिवादी, सामन्तवादी प्रभुत्व समाजमा बढ्दै जानुले दाइजो प्रथा मौलाएको हो भन्ने धारणा

१०.१० प्रतिशत रहेको पाइयो । समाजमा छोरीलाई सम्पत्ति दिंदा संस्कृति विग्रन्छ, सम्पत्तिका लागि चेलीवेटी विहे गर्ने संस्कार बन्दछ, बहुविवाहको प्रचलन हावी हुन्छ, दोहोरो अंश पाउँछन् भन्ने मान्यताले दाइजो प्रथा बढेपनि यसको कारण छोरीलाई छोरासरह अंश दिने मान्यताको विकासले होइन भन्ने कुरा माथिको तथ्याङ्कबाट छर्लङ्ग हुन जान्छ ।

## ५.३ दाइजो प्रथा आवश्यक छ छैन भन्ने धारणा

आर्थिक आत्मनिर्भरताको अवस्था एउटा यस्तो महत्त्वपूर्ण सवाल हो, जसले व्यक्तिको व्यक्तिगत निर्णय गर्ने तथा सो अनुरुपको कार्य गर्ने क्षमतालाई प्रभाव पार्दछ । आर्थिक अधिकारले व्यक्तिको अन्य अधिकारहरू जस्तैः शिक्षा, स्वास्थ्य आदिको उपभोग र पहुँचमा प्रभाव पारेको हुन्छ (मल्ल, २०६०) । आर्थिक सम्वृद्धि मानिसले पैतृक सम्पत्ति मार्फत् वा असल शिक्षा, तालिम, इलमहरू मार्फत् र रोजगारीबाट प्राप्त गर्न सक्दछन् । छोराले जन्मनासाथ बाबुको सम्पत्तिमा अंश हक पाउने तर छोरीको कुनै अधिकार नरहने, विवाह पछाडिको सम्पत्तिमा पनि पुरुषकै अधिकार र नियन्त्रण रहने, नेपालको कानुनी परम्परा छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूबाट छोरीका लागि आर्थिक अधिकारका रूपमा दाइजो आवश्यक छ छैन भन्ने जानकारी तलको तालिकाबाट अझ स्पष्ट हुन्छ ।

**तालिका ५.४ दाइजो लिन आवश्यक छ/छैन भन्ने बारे उत्तरदाताको धारणा**

| दाइजो आवश्यक छ/छैन | महिला उत्तरदाता | प्रतिशत | पुरुष उत्तरदाता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| आवश्यक छ | ८ | २० | २३ | ७६.६६ | ३१ |
| आवश्यक छैन | ३२ | ८० | ७ | २३.३४ | ३९ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.४ अनुसार ७० जना उत्तरदाता मध्ये महिला, पुरुष दुवै उत्तरदाताले दाइजो दिन आवश्यक छ भन्ने धारणा व्यक्त गर्ने महिला उत्तरदाता अति न्यून (२०%) र पुरुष उत्तरदाता अत्यधिक मात्रामा (७६.६६%) रहेकोले दाइजोको स्वरुपलाई बढावा दिने पुरुषमार्गीले गर्दा हो भन्ने छर्लङ्ग हुन जान्छ । एक त पितृसत्तात्मक समाज त्यसमा पनि

सबैतिरको निर्णय प्रक्रियामा पुरुष नै बढी हावी भएकाले दाइजो प्रक्रियाको आकार फराकिलो पार्ने श्रेय पुरुषमा नै जान्छ ।

उक्त तथ्याङ्कबाट के थाहा हुन्छ भने दाइजो आवश्यक छ भन्ने सवालमा महिला र पुरुष उत्तरदाताबीच विरोधाभासपूर्ण तर्क पाइएकोले दाइजो दिने/लिने प्रक्रियालाई बढावा दिने काम पुरुष वर्गबाट भएको कुरा झल्कन्छ ।

## ५.४ दाइजो प्रथाले पारेको सामाजिक प्रभाव

वैदिक सनातन धर्म अनुसार विवाह संस्कार एउटा अत्यन्त पवित्र र अत्यावश्यक संस्कार मानिन्छ । वंशको निरन्तरताको लागि विवाह संस्कारको गरिमा दिनानुदिन बढ्दो छ । संस्कार पूरा गर्ने नाममा अनावश्यक र फजुल खर्च बढ्दै जानु सान्दर्भिक हुदैन । हाल आएर रुढीवादी र सामन्तबादी सोचबाट ग्रसित नेपाली समाजमा विवाह संस्कारको नाममा फजुल खर्च बढेको, विवाहमा दाइजोको होडबाजी चलेको पाउन सकिन्छ । दाइजो प्रक्रियाले समाजमा केकस्तो प्रभाव जमाएको छ भन्ने तथ्यलाई बुझ्नको लागि निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका ५.५ दाइजो प्रथाले पारेको सामाजिक प्रभाव सम्बन्धी उत्तरदाताको जिज्ञासा**

| दाइजो प्रथाको प्रभाव | महिला उत्तरदाता | प्रतिशत | पुरुष उत्तरदाता | प्रतिशत |
|---|---|---|---|---|
| नकारात्मक प्रभाव | ३२ | ८० | ८ | २६.६६ |
| सकारात्मक प्रभाव | ८ | २० | २२ | ७३.३४ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.५ अनुसार ७० जना उत्तरदाता मध्ये महिला उत्तरदाताले दाइजो प्रथाले पारेको सामाजिक प्रभाव सम्बन्धी जिज्ञासामा बढी (८०%) ले नकारात्मक प्रभाव रहेको बताउँछन् भने, पुरुष २६.६६ प्रतिशतले मात्र नकारात्मक प्रभाव परेको बताउँछन् । यस तथ्याङ्बाट के स्पष्ट हुन्छ भने अत्यधिक मात्राका पुरुष उत्तरदाताले एकातिर दाइजो दिन आवश्यक छ, यो अहिलेको समयको माग हो भन्ने अर्कोतिर यसले समाजमा सकारात्मक प्रभाव धेरै पार्दछ भन्ने तर्क पाइन्छ । महिला अभिमत अनुसार नकारात्मक प्रभाव पार्ने हुँदा दाइजो दिनु

आवश्यक छैन भन्ने अभिप्राय झल्कन्छ । यसबाट दाइजो खोज्ने बढी पुरुष भएको प्रष्ट हुन्छ ।

अध्ययन क्षेत्रमा दाइजो प्रथाले पारेको प्रभाव बुझ्न गरिएको यस अध्ययनमा दाइजोको राम्रो र नराम्रो दुवै खाले मिश्रित प्रतिक्रिया पाइयो । महिलाको आर्थिक सुरक्षा र सुनिश्चितता नभएको अवस्थामा दाइजो प्रमुख आर्थिक आधारको रूपमा स्थापित हुन्छ । त्यस अवस्थामा महिलाको आर्थिक पक्ष केही सवल रहन्छ, भन्ने पक्षमा केहीको मत पाइन्छ । अर्को तर्फ कमजोर हैसियत भएको सामान्य व्यक्तिले परम्पराको नाममा प्रतिस्पर्धा गरि ऋण नै खोजेर वाध्यताले दाइजो दिनुपर्ने अप्ठ्यारो अवस्था सृजना हुन्छ ।

## ५.५ दाइजो प्रथाले पारेको सकारात्मक तथा नकारात्मक प्रभाव

शताब्दीयौंदेखि धर्म र संस्कृतिको प्रभाव हाम्रो समाजमा प्रत्यक्ष वा परोक्ष रूपमा परेको छ । वैदिक समयमा नारीहरू विदुषि र सम्मानित थिए । खासगरी मध्य युग र आधुनिक कालदेखि पुरुष प्रधान प्रवृत्ति हावी भएपछि उनीहरूको स्तर खस्किन पुगेको पाइन्छ । सामाजिक प्रचलन अनुसार कन्या अवस्थामा वावुआमाका साथमा, विवाहपछि पतिको साथमा र वृद्ध अवस्थामा छोराको साथमा आमाहरू रहने मान्यता छ । शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जन, स्वास्थ्य उपचार तथा कानुनी अधिकारको सन्दर्भमा पुरुषको तुलनामा महिलाको न्यून पहुँच रहेको पाइन्छ । अधिकारको सन्दर्भमा हेर्ने हो भने एउटी महिला जन्मनासाथ विभेदित हुन्छिन् । परिवारमा छोराको जन्म हुँदा खुशियाली मनाउने चलन हुन्छ तर छोरीको जन्ममा सायदै यस्तो अवसर नहोला । “ढिलै होस्, छोरै होस्” भन्ने परम्परागत विश्वास यद्यपि नेपाली समाजमा विद्यमान छ । सामाजिक संरचनामा छोराको केन्द्रिय भूमिका रहन्छ । जसले पारिवारिक परम्परालाई निरन्तरता दिने प्रमुख भूमिका पनि छोरालाई प्रदान गरिन्छ ।

छोराले परिवारको वंश थाम्ने, बुढेसकालमा बाबुआमाको हेरचाह गर्ने तथा आमाबाबुको परलोक पश्चात् काजक्रिया गर्ने, धार्मिक मान्यताको कारण समाजमा यो प्रचलन विद्यमान भएको हो । छोरीलाई परिवारमा सँधै पराइको रूपमा हेरिने र विवाह पश्चात लोग्नेको घरमा जाने हुँदा छोरीको अधिकार लोग्नेकै घरमा मात्र सिर्जना र सिमित हुने मानिन्छ । छोरीलाई बाबुको घरमा परिवारको सदस्यको रूपमा पनि परिभाषित गरिदैन । छोरीले

जीवनको प्रारम्भदेखि नै खाना, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा पनि लैङ्गिकपूर्वाग्रही संस्कारको सामना गर्नुपर्ने हुन्छ । महिलालाई समाजका हरेक क्षेत्रमा कम प्राथमिकता दिइनुका साथै तिनीहरूलाई पुरुषका सहायकका रूपमा व्यवहार गरिन्छ । छोरीमाथि समान व्यवहार गर्न नसक्दा आज हाम्रो समाज विशेषगरी ग्रामिण समाजका छोरी वा महिलाको स्थिति नाजुक रहेको छ । कानुनले यसलाई बन्देज गरेपनि सामाजिक प्रतिष्ठा, बाध्यता र प्रतिस्पर्धाको विषयका रूपमा दाइजो प्रथा विकास भएको देखिन्छ । महिलाको सामाजिक एवम् व्यक्तिगत जीवनमा परेका समस्या साथै पीडा र संवेदनशीलतालाई सम्मान गर्न सकिएको छैन । दाइजोको कारण छोरीले विवाह पश्चात् विभिन्न समस्याहरू झेल्नु परेको छ । उनीहरूको आफ्नो आयआर्जन गर्ने पेशा, स्रोत, साधनमा पहुँच नहुँदा महिलाको अवस्थामा प्रतिकुल असर पर्न गएको हुन्छ । दाइजो प्रथाले समाजमा के कस्तो सकारात्मक र नकारात्मक प्रभाव पारेको छ भन्ने तथ्य बुझ्नको लागि निम्न तालिकाबाट प्रस्तुत गरिन्छ ।

**तालिका ५.६: दाइजो प्रथाको सकारात्मक र नकारात्मक प्रभाव**

| दाइजो | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| दाइजोको सकारात्मक अवस्था | • घरपरिवारबाट राम्रो व्यवहार | ४ | १० | ११ | ३६.६६ | १५ |
| | • आर्थिक आर्जनमा सहयोग | १ | २.५ | २ | ६.६७ | ३ |
| | • सामाजिक प्रतिष्ठाको अनुभव | १ | २.५ | ४ | १३.३४ | ५ |
| | • शिक्षालाई निरन्तरता दिनमा सहयोग | २ | ५ | ५ | १६.६६ | ७ |
| | **जम्मा** | ८ | २० | २२ | ७३.३३ | ३० |
| दाइजो नल्याउने वा कम ल्याउनाको कारण उत्पन्न नकारात्मक अवस्था | • शारीरिक वा मानसिक तनाव सृजना हुनु | १३ | ३२.५ | २ | ६.६७ | १५ |
| | • शिक्षालाई निरन्तरता दिन नपाउनु | ९ | २२.५ | २ | ६.६७ | ११ |
| | • आर्थिक स्रोतमा पहुँच नहुनु | ७ | १७.५ | ३ | १० | १० |
| | • सामाजिक रूपमा हेपिएको अनुभव हुनु | ३ | ७.५ | १ | ३.३३ | ४ |
| | **जम्मा** | ३२ | ८० | ८ | २६.६७ | ४० |
| | **कूल जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.६ मा अध्ययन क्षेत्रका महिला उत्तरदाताहरू (८०%) ले दाइजो प्रथाको नकारात्मक प्रभाव पर्ने कुरा बताए । सबैभन्दा बढी उत्तरदाता ३२.५ प्रतिशतले दाइजोको कारण महिलालाई शारीरिक वा मानसिक तनाव हुने कुरा बताए । पुरुष उत्तरदाता (७३.३३%) ले दाइजोले सकारात्मक प्रभाव पारेको बताए । पुरुष (३६.६६%) उत्तरदाताले दाइजो ल्याएका बुहारीमा घर परिवारबाट राम्रो व्यवहार हुन्छ उनीहरूले शिक्षालाई निरन्तरता दिन पाउँछन् त्यसकारण दाइजो प्रति सकारात्मक प्रभाव बढी रहेको पाइन्छ ।

माथिको तथ्यबाट महिला र पुरुषबीच विरोधाभाषपूर्ण कुरा पाइन्छ । पुरुष उत्तरदाताले दाइजोले सकारात्मक प्रभाव बढी पार्छ भनेको पाइयो । महिला उत्तरदाताले दाइजोले नकारात्मक प्रभाव बढी पर्छ भनेको पाइयो । यसबाट के पुष्टि हुन्छ भने दाइजो प्रथालाई बढावा दिनुमा पुरुष प्रधान सोंच हावी भएको देखिन्छ ।

सामाजिक इज्जत, मानमर्यादा, अस्तित्व, महिला पुरुष बीचमा समानता जस्ता पक्षहरूलाई अस्विकार गरी लैङ्गिक समानता भन्दा निकै टाढाका क्षितिजबाट महिला पुरुषको व्यवहारलाई चित्रण गर्ने नेपाली समाजका सबैजसो क्षेत्रमा महिलाहरूको पहुँच र नियन्त्रण छैन । त्यसैले अध्ययन क्षेत्रमा महिलाहरूले विवाहमा ल्याएको दाइजो पनि आफ्नो नियन्त्रणमा नरहेको र दाइजोबाट खासै उपलब्धी लिन नसकेको अवस्था छ । अध्ययन क्षेत्रमा दाइजो ल्याएका महिलाहरूको खासै आर्थिक स्थिति, सामाजिक र शैक्षिक पक्ष सुदृढ भएको पाइएन । दाइजो नल्याउने वा कम ल्याउने महिलाहरूको अवस्थामा झनै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नकारात्मक प्रभाव परेको देखिएको छ । ग्रामिण समाजमा बढ्दो रूपमा रहेको दाइजोको प्रचलनले झन् महिलाहरूलाई पराधिन बनाएको तथ्य पाउन सकिन्छ ।

## ५.६ दाइजो र तत्जन्य घटना सम्बन्धी महिला उत्तरदाताको धारणा

विवाहमा दाइजो नल्याएर वा घर परिवारले सोचेभन्दा कम ल्याएर कैयौं परिवारहरूमा अनावश्यक रडाको, झगडा, बहिष्कार, हत्या, आत्महत्या जस्ता घटना घटिरहेका छन् । दाइजो प्रथा आफ्नो इच्छा र हैसियतको घेराभित्र मात्र नभई बाध्यतामा परिणत भएको छ । दाइजोको प्रचलन निरन्तर रूपमा बढ्दै जाँदा गरिव मानिसका छोरीहरूको

विवाह हुन नसक्ने अवस्था आएको छ । विवाहमा पर्याप्त दाइजो दिन नसक्दा विवाहित महिलाले घरमा घृणा र तिरस्कार सहनुपर्ने तथा हिंसाको सिकार हुनुपर्ने घटनाहरू बृद्धि हुँदै गएका छन् भनी अध्ययन क्षेत्रका महिला उत्तरदाताहरूले व्यक्त गरेका छन् । जसलाई तालिका ५.७ मा देखाइएको छ ।

तालिका ५.७: दाइजो र तत्जन्य घटना सम्बन्धी अवस्था

| घटना | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| कुटपिट र घरबाट निकाला | १५ | ३७.५ |
| सम्बन्ध विच्छेद | ४ | १० |
| मानसिक हिंसा | ४ | १० |
| हत्या | २ | २.५ |
| थाहा छैन | १७ | ४० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ५.७ मा कुल उत्तरदाता ४० जना मध्ये दाइजो नल्याएका कारण घर परिवारले कुटपिट र घरबाट निकाला गरेको पाइन्छ भन्ने बताउने ३७.५ प्रतिशत रहेका पाउन सकिन्छ । त्यसपछि दाइजो कै कारण सम्बन्ध विच्छेद हुन पुगेका, मानसिक हिंसामा परेका, ज्यानै गुमाउनु परेका समेत जानकारी दिने उत्तरदाताहरू क्रमशः १०.१० प्रतिशत र २.५ प्रतिशत रहेका छन् । यसबारे आफुलाई थाहा छैन या कुनै पनि जानकारी नदिइ तटस्थ रहने उत्तरदाताको संख्या (४०%) रहेको छ । प्राप्त तथ्याङ्कबाट प्रष्ट हुन्छ कि अशिक्षित महिलाको त कुरै छोडौ शिक्षित र जानेबुझेका महिला समेत स्पष्ट कुरा राख्दा आफूलाई कही कतै झन् उत्पिडन झेल्नुपर्ला भन्ने डरमा थाहा नभएको भनी भन्न बाध्य भएको कुरा प्राप्त तथ्यबाट प्रष्टिन्छ ।

**दाइजो सम्बन्धी अनुभव बताउँदै स्थानिय महिला भन्नुहुन्छः**

*दाइजोको कारण समाजमा त धेरै समस्या देखेकी छु । बाहिर खुलेर नभन्नाले पनि भित्रभित्रै आफ्नो श्रीमतीलाई कचकच सुनाइराख्छन् । नाम नभनौ हाम्रै खलकमा पनि केटी हेर्न जाँदा मन परेपछि केटीका बाबुले २५ हजार छोरीलाई दिने, छोरी पनि लाने भन्ने कुरा पहिला गरे । त्यसपछि फेरी केटाका बाबुले धेरै जन्ति आउँदैनौ १० जना मात्र आउँछौ आज त चोरेर लगेझै हुने भयो के लाने हो भनी, दिन किटान गरेपछि विवाह भयो । केटीका बाबुले केही पनि नगरी लगेका भए पो २५ हजार दिने भनेको हुँ १० जना जन्ती आइ विवाह गरेपछि त मेरो दिने भनेको खर्च भयो अब के दिने हो भनी नगद, जिन्सी दाइजो दिएनन् तर घरबाट बुहारीलाई सासु र दुलाहाले सधै कचकच गरिराखेको मैले पनि थाहा पाउँथे । कैले कता घरमा झगडा हुँदा पनि सासुले गाली गर्थिन्, तिम्लाई के चाहियो र कराउँछेऊ भनी सम्झाउँथे । बुहारी विवाह भएको ३ वर्ष पुग्दा नपुग्दै २०४९ सालमा माइत गएर ७ दिन बसी कोसेली लिएर घरमा आएकी थिइन । लोग्ने र सासुले धुमधामसँग गाली गरेर, लोग्नेले रोटीको डालो आँगनमा फालेछन् । उनी कपडा फेरेर घाँस काट्न गइछन् र खेतमा डोको भरेर रुखको फेदमा चप्पल राखी नाम्लाले झुण्डीएर मरिछन् । पछि घाँस काटेर आउने मान्छेले देखेर खवर गरेपछि त्यहाँ पुग्दा उनी मरिसकेकी थिइन् । आखिर त्यही २५ हजारको निहुँमा त्यो घरकाले बुहारीको ज्यानै लिए ।*

## ५.७ दाइजो प्रथालाई निरुत्साहित गरिनुपर्छ भन्ने महिला उत्तरदाताको धारणा

नेपाली समाजमा आधा भन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरूको अवस्था पुरुषको तुलनामा कमशल देखिन्छ । समाजमा प्रचलित संस्कृति, प्रथा एवम् परम्परा, रीतिरिवाज तथा शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णयको अवसरमा कम पहुँचका कारण नारीको अवस्थामाथि नकारात्मक असर पारेको पाइन्छ । दाइजोका कारण मानसिक, शारीरिक आघात व्यहोर्नु पर्ने अवस्था सृजना भएको छ ।  यसलाई निरूत्साहित गर्नु अनिवार्य छ ।


अध्ययन क्षेत्रका उत्तरदाताहरूको रायमा दाइजो प्रथालाई अन्त्य वा निरूत्साहित गर्न समतामूलक कार्यक्रम चलाउनुपर्ने कुरा उठाइएको थियो । सामुहिक छलफलका आधारमा उक्त निचोड निकालिएको हो । यसको लागि चेतनामूलक कार्यक्रम, सशक्तिकरण, जागरण

कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । रोजगारी र आय आर्जनको अवस्था सुदृढ पार्न स्वावलम्वन कार्यक्रम उत्तिकै आवश्यक मानिन्छ । परम्परागत चिन्तनलाई हटाई नन्द, भाउजु, सासु, बुहारी बीच मैत्रीपूर्ण र सहयोगी वातावरण सृजना गरी साझा भावना र सह-अस्तित्वको अवस्था सृजना गर्नु वाञ्छनिय देखिन्छ । यस्तो तर्क दिनेहरूको सङ्ख्या ३७ प्रतिशत थियो । चेतनामूलक कार्यक्रमबाट दाइजो प्रथा कम गर्न सकिन्छ भन्ने उत्तरदाता ७ प्रतिशत भएको पाइयो । राज्य हरेक देशवासीको अभिभावक हो । आफ्नो सीमानाभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकलाई समान व्यवहार गर्नु राज्यको दायित्व रहन्छ । प्रथा, परम्परा, धर्म, संस्कार, संस्कृति, जातजाति, वर्ग, लिङ्गको नाममा कसैलाई पनि शोषण गर्न हुँदैन । दाइजो प्रथा रोकी महिला हिंसा कम गर्न राज्यबाटै प्रभावकारी नियम, कानून निर्माण गरी कार्यान्वयन गरिएमा दाइजो प्रथा कम गर्न सकिन्छ भनी १५ प्रतिशत उत्तरदाताले बताए । त्यस्तै ३५ प्रतिशतले समाजमा छोरी पनि पैतृक सम्पत्तिको हिस्सेदार हुनुपर्दछ, सम्पत्ति माथि महिलाको अधिकार रहन सकेमा महिलाको औकात, स्तर, शिक्षा तथा निर्णय गर्ने क्षमतामा वृद्धि हुने कुरा बताए । त्यसबाट दाइजो प्रथा स्वतः निराकरण हुन्छ । दाइजो प्रथा सामाजिक प्रतिष्ठासँग जोडिएको हुँदा त्यस्तो गलत चिन्तन अन्त्य हुनुपर्छ । दाइजो लेनदेनमा सरिक हुने दुवै पक्षलाई राज्यको कानूनले हतोत्साहित पार्नुपर्दछ ।

## ५.८ दाइजो प्रथालाई प्रश्रय तथा सक्षमता/असक्षमताको सवाल

परम्परागत रूपमा चल्दै आएको दाइजो प्रथाले नेपाली समाजलाई गम्भिर रूपमा प्रभाव पारेको छ । सामाजिक प्रतिष्ठा, बाध्यता र प्रतिस्पर्धाका रूपमा विकसित भएको दाइजो प्रथा समाजमा सबै वर्गका मानिसको इच्छा र हैसियतको घेराभित्र मात्र रहेको पाउन सकिन्न । हाम्रो समाज धेरै कारणबाट स्तरीकृत छ । यसका आयामहरूमा धर्म, जात, संस्कार, संस्कृति, भाषा, लैङ्गिकता, वर्ग आदि हुन् । समाजमा कोही सम्पन्न वर्ग छन् भने कोही विपन्न वर्ग पनि छन् । विविध सामाजिक परिवेसमा विवाहको संस्कार तथा तौर तरिकामा विविधता आउनु स्वभाविक मानिन्छ । यस प्रकारको मिश्रित अवस्थाले दाइजो प्रथालाई पनि असर पारेको पाइन्छ । त्यसमा हैसियत अनुसार विविधता पाइन्छ । यस विषयबाट अध्ययन क्षेत्र पनि अछुतो छैन ।

तलको चित्र ५.१ अनुसार समाजमा दाइजो लिने र दिने प्रतिस्पर्धा बढ्दै जानुका पछाडि उच्च वर्गले विवाहमा गर्ने तडकभडक र बढी दाइजो प्रदर्शन गर्ने परम्परा हो भन्ने उत्तरदाताहरू ३७ प्रतिशत रहेका छन् । दाइजो प्रथालाई प्रश्रय दिने मध्यम वर्ग हुन् भन्ने उत्तरदाता १७ प्रतिशत छन् । निम्न वर्गले पनि दाइजो प्रथालाई प्रश्रय दिएका छन् भन्ने उत्तरदाता १३ प्रतिशत छन् । समाजमा सबै वर्गले दाइजो प्रथालाई प्रश्रय दिएका छन् भन्नेमा ३३ प्रतिशत रहेका छन् । समाजमा दाइजो प्रथालाई उच्च प्रश्रय दिने उच्च वर्ग रहेको देखिन्छ । जसको देखासिकी मध्यम वर्ग र निम्न वर्गले पनि गरेका छन् ।




**चित्र ५.१ दाइजो प्रथालाई प्रश्रय दिने वर्ग**

विवाहको अवसरमा केटा पक्षको परिवारले दाइजो लिने र केटी पक्षको परिवारले दाइजो दिने परम्परा प्रचलनमा रहि आएको छ । केटा पक्षको परिवारको अवस्था र केटाको व्यक्तिगत हैसियत जति उच्च हुन्छ दाइजो राशी त्यती नै धेरै हुने गर्दछ । हाल आएर विवाहमा दाइजो दिने प्रक्रिया अनिवार्य जस्तै रहेको छ । विवाहमा दाइजो दिन समाजमा सबै सक्षम छन् वा छैनन् भन्ने बारेमा अध्ययन क्षेत्रमा गरिएको खोजमा उत्तरदाताबाट प्राप्त विचार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.८: दाइजो दिन सबै सक्षम भए नभएको अवस्था

| दाइजो दिन सबै सक्षम भए नभएको अवस्था | महिला उत्तरदाता | प्रतिशत | पुरुष | प्रतिशत | कूल |
|---|---|---|---|---|---|
| सक्षम छन् | ३ | ७.५ | ४ | १३.३३ | ७ |
| सक्षम छैनन् | ३० | ७५ | २ | ६.६७ | ३२ |
| परेको बेला जेनतेन दिन्छन् | ७ | १७.५ | २४ | ८० | ३१ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*


माथिको तालिका ५.८ अनुसार विवाहमा दाइजो दिन सबै सक्षम छन् भन्ने महिला उत्तरदाता ७.५ प्रतिशत छन् भने पुरुष उत्तरदाता १३.३३ प्रतिशत रहेका छन् । सक्षम छैनन् भन्नेमा महिला उत्तरदाता ७५ प्रतिशत छन् भने पुरुष उत्तरदाता ६.६७ प्रतिशत रहेका छन् । त्यस्तैगरी परेको बेला जेनतेन दिन्छन् भन्नेमा महिला उत्तरदाता १७.५ प्रतिशत छन् भने पुरष उत्तरदाता ८० प्रतिशत छन् । माथिको तथ्यबाट के प्रष्ट हुन्छ भने महिला उत्तरदाता अत्यधिक दाइजो दिन अभिभावक सक्षम छैनन् भन्दछन्, दाइजोको पक्षमा छैनन् । पुरुष उत्तरदातामा परेको बेला जेनतेन दिन्छन् भन्ने मत अधिकांशको रहेको पाइन्छ । जसबाट थाहा हुन्छ की पुरुषले बढी दाइजोको चाहना राख्दछन् ।

## ५.९ दाइजो प्रथा र महिलाको अवस्था बीच सम्बन्ध

**दाइजो, विवाहमा माइतिका तर्फबाट दिइने चल वा अचल उपहार स्वरूपको सहयोग हो । यो प्रथा समाजमा क्रमिक रूपमा बढ्दै गएको पाइन्छ । दाइजो प्रथाले समाजमा महिलामाथि पारेको प्रभाव निम्न चित्रबाट देखाउन सकिन्छ ।**

तलको चित्र ५.२ अनुसार १७.५ प्रतिशतले दाइजो प्रथाले महिलाको अवस्था सुधारमा सहयोग मिलेको बताए । दाइजो भनेको अभिभावकको स्तर अनुसार दिइने उपहार हो, उपहार लिने र दिने कुरा नराम्रो मान्न सकिन्न । छोरीलाई आर्थिक सहयोग मिलोस् भनी दिइने दाइजोले विवाह पश्चात् छोरी-बुहारीको रूपमा जाँदा आत्मसम्मान साथ बस्ने बातावरण सिर्जना हुनुका साथै न्यूनतम आवश्यकताबाट बञ्चित हुनुनपर्ने अवस्था सिर्जना

हुन्छ जसबाट पारिवारिक मेलमिलाप र एकताको वातावरण सिर्जना हुन गई महिलाको आीर्थक, सामाजिक र शैक्षिक पक्ष सुदृढ हुन्छ, जसले सामाजिक सन्तुलन र विकासमा थप बल पुऱ्याउँछ । त्यस्तैगरी ८२.५ प्रतिशत उत्तरदाताले दाइजो प्रथाले महिलाको अवस्था कमजोर बनाउन सहयोग पुऱ्याएको बताएका छन् । उनीहरूका अनुसार विवाहमा दाइजो अनिवार्य जस्तो हुनाले छोरीको लागि असल शिक्षा दिई आफ्नो खुट्टामा उभिन सक्नेगरी आत्मनिर्भर बनाउन लगानी गर्नुको सट्टा चाँडै अर्कालाई सुम्पेर बरू दाइजोमा खर्च गर्ने परिपाटी रहेको छ । ग्रामिण समाजमा अझै पनि छोरी वा महिलाको स्थिति नाजुक रहेको पाइन्छ । विवाहमा प्राप्त दाइजो महिलाले आफ्नो स्वामित्वमा राखी परिचालन गर्न पाउदैनन् । अर्कातिर पराईको सम्पत्तिमा आँखा गाड्ने घृणित प्रवृत्ति भएका मान्छेको लोभको भाडो जति गरेपनि नभरिने हुँदा नारीलाई सम्पत्तिसँग तुलना गर्ने प्रवृत्ति बढेको छ । दाइजो कम ल्याएको निहुँमा पारिवारिक रूपमा नराम्रो लाञ्छना लगाउने, माइतिलाई होच्याएर बोल्ने तथा अन्य खालका घरेलु हिंसा गर्न समेत पछि नपर्ने हुँदा पारिवारिक सुमधुर सम्बन्धमा खलल पर्ने, पारिवारिक संरचना विग्रने, लैङ्गिक विभेद झन् बढ्ने हुँदा यसको सिधै नकारात्मक असर सिंगो समाज र राज्यमा समेत पर्न सक्छ । त्यसकारण दाइजो प्रथाले सिंगो समाजमा सकारात्मक भन्दा बढी नकारात्मक प्रभाव पारेको पाइन्छ ।




**चित्र ५.२ : दाइजो प्रथाले महिलाको अवस्थामा पारेको प्रभाव**

## ५.१० दाइजो प्रथा निराकरणका उपाय

अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा दाइजो प्रथाले ग्रामिण समाजमा पारेको प्रभाव बारे थाहा पाउने क्रममा दाइजो प्रथाले ग्रामिण समाजमा नराम्ररी गाँजेको र अहिलेको जल्दोबल्दो सामाजिक समस्या हुनाले यसलाई निराकरण गर्नुपर्ने तथ्य खुलेको छ । दाइजो प्रथा धनी र गरिव छुट्याउन सामाजिक प्रतिष्ठाको गलत मापनमा प्रयोग हुने गरेको खुलासा उत्तरदाताबाट पाइएको छ । दाइजोको कारण छोरीले विवाह पश्चात सामाजिक, मानसिक र शारीरिक हिंसा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भोग्नुपरेको तथ्य स्पष्ट छ । त्यसकारण दाइजो प्रथालाई निराकरण गर्न विभिन्न उपाय अवलम्बन गर्नुपर्ने उत्तरदाताको भनाइ छ । छोरीलाई सम्पत्ति सँग तुलना नगरी उसलाई जीवन उपयोगी शिक्षा दिएर सक्षम बनाउन सकेको खण्डमा उनी पराश्रित नभई आफ्नै खुट्टामा उभिन सक्ने स्वाभिमानी हुन्छिन् । यसले महिलालाई समाजमा सम्मानित गराउँछ भन्ने केही उत्तरदाताको मत रहेको छ । त्यस्तैगरी चेतना र शिक्षाको विस्तारले समाजमा रहेको कुरिती र कुसंस्कारको अन्त्य गर्नुपर्छ । छोरीलाई उचित शिक्षा, सिप, तालिम प्रदान गरी सक्षम बनाउन सकिन्छ, यसले गर्दा महिलाको आत्मसम्मानमा वृद्धि भई समाजमा सकारात्मक सोचाइको वृद्धि हुन थाल्दछ भन्ने भनाई पाइन्छ । स्पष्ट ऐन, नियम, कानुनको अभावमा पनि दाइजो प्रथा बढेकोले राज्य नै यसमा गम्भिर हुनुपर्ने भनाइ पनि कतिपयको रहेको छ । अरुको सम्पत्तिमा आँखा गाड्ने घृणित परम्परा समाजमा अझै छ भने सम्पत्ति नपाएको निहुँमा नारी भावनालाई कुल्चेर आघातका जिलेटिनहरू पड्काउने घातक प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रम तय गरी समाजका सबै तहबाट दाइजो विरोधी आवाजहरू बुलन्द गर्न सकेमा पनि केही हदसम्म दाइजो प्रथा कम हुन्छ भन्ने भनाइ उत्तरदाताबाट पाइएको छ ।

दाइजो प्रथामा एउटा नारीको मानवीय मुल्य केवल धन, दौलत र सम्पत्तिसँग तुलना गरिएको हुन्छ । सम्पत्तिकै अभावमा गरिने विवाहमा थुप्रै बाधाहरू सृजना हुन्छन् । यस्तो परिस्थिति समाजमा रहेसम्म समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास हुन सक्दैन । यो प्रथालाई सामाजिक कलङ्कको रूपमा देख्न सकिन्छ । त्यसैले यस्तो कुप्रथा समाजबाट हटाउन सांस्कृतिक र धार्मिक अनुष्ठानलाई सामूहिक क्रियाकलापबाट पूरा

गर्नुपर्छ । भौतिक सुखमा लालायित हुने, तडकभडकमा विश्वास गर्ने भएकोले चाहिने भन्दा बढी र नहुनेले ऋणै खोजेर भएपनि सामाजिक संस्कार पूरा गर्नैपर्ने प्रवृत्तिलाई हटाउनु पर्दछ । निष्कर्षमा पुग्दा सामाजिक जागरण, राष्ट्रिय रूपमा स्पष्ट कानुन निर्माण, युवावर्गमा रोजगारको अवसर सिर्जना, व्यवसायमुलक शिक्षा र रोजगारीको उचित प्रबन्ध मिलाई दाइजो प्रथालाई कमी गर्न सकिन्छ ।

दाइजो प्रथा सुधार गर्न समाजमा विभिन्न पक्षबाट भूमिका खेल्नुपर्ने हुन्छ । दाइजो प्रथाले सिंगो सामाजिक संरचनालाई नै प्रभाव पारेको छ । त्यसैले यस प्रथामा सुधारका लागि सिङ्गो राज्यको नीति नियमदेखि स्वयम् व्यक्ति समेत लाग्नुपर्दछ । अध्ययन क्षेत्रमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्याङ्क तलको तालिकाबाट प्रस्तुत गरिन्छ ।

**तालिका ५.९ दाइजो प्रथाको सुधारमा विभिन्न पक्षको भूमिका**

| विभिन्न पक्षको भूमिका | पुरुष उत्तरदाता | प्रतिशत | महिला उत्तरदाता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| राज्यबाट नीतिगत कदम उठाउनुपर्ने | ६ | २० | ८ | २० | १४ |
| स्थानिय स्तरमा क्रियासिल संघसंस्थालाई सक्रिय बनाउने | ४ | १३.३४ | ६ | १५ | १० |
| व्यक्ति स्वयं दाइजो प्रथा सुधारमा लाग्नुपर्ने | ११ | ३६.६६ | १० | २५ | २१ |
| समाजका शिक्षित र प्रतिष्ठित मानिस क्रियाशिल रूपमा लाग्नुपर्ने | ९ | ३० | १६ | ४० | २५ |
| **जम्मा** | ३० | १०० | ४० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

प्रस्तुत तालिका अनुसार दाइजो प्रथा सुधारका लागि राज्यको नीति नियम र कानुनमा नै सुधार गरिनुपर्छ भन्ने उत्तरदाता २०/२० प्रतिशत रहेका छन् । त्यस्तै १३.३४ र १५ प्रतिशत उत्तरदाताले स्थानीय स्तरमा क्रियासिल सङ्घ-संस्थालाई सक्रिय बनाएर दाइजो

प्रथामा सुधार गर्न सकिन्छ भन्ने अभिव्यक्ति दिए । दाइजो प्रथा सुधारका लागि व्यक्ति स्वयं सुधारमा लाग्नुपर्छ भन्ने उत्तरदाता ३६.६६ र २५ प्रतिशत रहेका छन् । समाजमा शिक्षित र प्रतिष्ठित व्यक्ति सक्रिय भएर मात्र दाइजो प्रथा सुधार गर्न सकिन्छ भन्नेमा ३० र ४० प्रतिशत उत्तरदाता रहेका छन् । समग्र तथ्यबाट के प्रष्ट हुन्छ भने दाइजो प्रथा सुधारमा स्वयम् व्यक्ति र समाजका शिक्षित एवम् प्रतिष्ठित व्यक्ति क्रियाशिल हुनुपर्ने देखिन्छ । सुधार सबैको सामूहिक पहलबाट सम्भव हुन्छ ।

# अध्याय छ

## छोरीले पनि छोरा सरह अंश पाउने कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा पारेको असर

यस अध्यायमा छोरीले पनि छोरा सरह अंश पाउने कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा के कस्तो प्रभाव पारेको छ भन्ने जानकारी लिनको निम्ति केन्द्रित रही तथ्याङ्का आधारमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ६.१ छोरीलाई दाइजो र अंश सम्बन्धी धारणा

मानिसलाई स्वतन्त्रतापूर्वक जिवनयापन गर्नका लागि महत्वपूर्ण अधिकार आर्थिक आत्मनिर्भरताको अधिकार पनि हो । जसले व्यक्तिको व्यक्तित्व निर्माण गर्ने तथा सो अनुरूपको कार्य गर्ने क्षमतालाई अभिवृद्धि गर्दछ । आर्थिक अधिकारले व्यक्तिको अन्य अधिकारहरू जस्तै शिक्षा, स्वास्थ्य आदिको उपभोग र पहुँच बढाउँछ । वास्तवमा आर्थिक कारोवारका विभिन्न क्षेत्रहरूमा महिलाको भूमिका पुरुषको भन्दा कम छैन, तापनि महिलाको सम्पत्ति तथा अन्य स्रोतहरूमा स्वामित्व र नियन्त्रणको अभावमा तिनीहरूको आर्थिक योगदानलाई खासै मान्यता दिइदैन जसले गर्दा महिला माथी विभिन्न असमानताहरू सिर्जना गरिदै आएको पाइन्छ ।

महिला र पुरुषवीच रहेको असमानतालाई न्यून पारी महिलाको आर्थिक स्थिति उच्च बनाउन दाइजोलाई रोज्ने उत्तरदाता १७ प्रतिशत रहेका छन् । दाइजो वा अंश उचित ठान्ने ३० प्रतिशत रहेका छन् । दाइजो वा अंश दुवै आर्थिक रूपमा पाउने अधिकार भन्दा असल शिक्षा, तालिम र सिप मार्फत व्यक्तित्व निमार्ण गर्नुपर्छ भन्ने धारणा राख्नेहरू ४३ प्रतिशत रहेका छन् भने छोरीलाई अंश र शिक्षा दुवै आवश्यक छ भन्ने उत्तरदाता १० प्रतिशत रहेका छन् । जसलाई निम्न तालिकाबाट हेर्न सकिन्छ :

**तालिका ६.१ छोरीलाई दाइजो र अंश सम्बन्धी धारणाको वर्गीकरण**

| विवरण | पुरुष उत्तरदाता | प्रतिशत | महिला उत्तरदाता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| अंश दिनु उपयुक्त हुने | ५ | १७ | ११ | २७.५ | १६ |
| दाइजो दिनु उपयुक्त हुने | ९ | ३० | ५ | १२.५ | १४ |
| अंश र शिक्षा दुवै दिनु उपयुक्त हुने | ३ | १० | १५ | ३७.५ | १८ |
| अन्य (राम्रो शिक्षा, तालिम, सिप) प्रदान गर्न उपयुक्त हुने | १३ | ४३ | ९ | २२.५ | २२ |
| **जम्मा** | ३० | १०० | ४० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ६.१ मा कूल पुरुष उत्तरदाता ३० जना मध्ये महिलालाई अंश दिन उपयुक्त हुन्छ भन्ने १७ प्रतिशत, अहिलेको परिस्थितिमा दाइजो दिन उपयुक्त छ भन्ने ३० प्रतिशत छन् । अधिकारको रूपमा छोरासरह पैतृक सम्पत्ति वा अंश दिनुपर्दछ भन्ने १० प्रतिशत छन् भने ४३ प्रतिशत उत्तरदाताहरू दाइजो र अंश दुवै स्विकार गर्दैनन् । यी दुवै आर्थिक अधिकारले महिलाका रणनीतिक आवश्यकता पूर्ति गर्न सक्दैनन् र महिलालाई पीडित बनाउँछन् भन्ने मत राख्छन् । त्यसैले असल शिक्षा, तालिम र सिपबाट महिलालाई आत्मनिर्भर बनाउनमा प्रेरित गर्नुपर्छ भन्ने उनीहरूको मत छ । महिला उत्तरदाता सबैभन्दा बढी ३७.५ प्रतिशतले अंश र शिक्षा दुवै दिनु उपयुक्त हुन्छ भन्दछन् । सम्पत्तिका ठाउँमा शिक्षाको विकल्प देखाएर महिला अधिकारलाई छायाँमा पार्न खोजिएको हो किनभने शिक्षाले न त सम्पत्तिको विकल्प दिन सक्छ न त सम्पत्तिले शिक्षाको । यी दुवैको मानव जीवनमा समान महत्व रहन्छ । एक भए अर्को नचाहिने भन्ने हुँदैन, त्यसैले नारीलाई शिक्षा मात्र होइन पुरुष सरह सम्पत्ति पनि दिनुपर्दछ भन्ने अधिकांश महिला उत्तरदाताको मत छ ।

यसै सन्दर्भमा करीब २ वर्ष पहिला विवाह भएकी आरुखर्क-६ की २५ वर्षिय महिला भन्नुहुन्छ :

*मेरो विवाह २४ वर्षको उमेरमा वि.सं. २०७० वैशाख ११ गते भएको हो । एम.ए.को अध्ययन सकेपछि मागी विवाह भएको हो । विवाह हुँदा छोराछोरीले बराबरी रूपमा पैत्रिक सम्पत्ति पाउने कानुनी व्यवस्था पनि थियो । केटा पक्षबाट शिक्षित भएर पनि एक दिनको इज्जत राखिदिनुपर्छ भन्ने माग आएकोले नचाहँदा नचाहँदै पनि दाइजो दिइयो । मेरो विवाहमा लगेको दाइजोको बारेमा अरुबाट केही गुनासो पाइएन तर सासु आमालाई छड्के तिलहरी नल्याएकोमा उहाँले कहिलेकाही धान्न नसक्ने सुन बुहारीले ल्याएकिछ र गर्धन दुख्यो भनी बेला बेलामा व्यङ्ग्यपूर्ण मानसिक तनाव दिनुहुन्छ ।*

उल्लेखित अन्तर्वार्ताबाट के प्रष्टिन्छ भने कानूनी व्यवस्था जे जस्तो भएपनि केटा पक्षबाट एक दिनको इज्जत भनी दाइजो माग्ने प्रचलनले गर्दा केटी पक्षका अभिभावकले पैतृक सम्पत्ति दिनुमा भन्दा दाइजो नै दिन सहज ठानी विवाहमा दाइजोको लेनदेन चलेको देखिन्छ ।


## ६.२ छोरा सरह छोरीले पनि पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा पारेको असर

ग्रामिण समाजमा यद्यपि लैङ्गिक विभेदजन्य व्यवहार अनुभूति गर्न सकिन्छ । यहाँ महिलालाई नकारात्मक रूपमा असर पार्ने संस्कृति, परम्परा र प्रथा निरन्तर रूपमा प्रचलनमा रहेका छन् । विविध कारणले गर्दा महिलाको परम्परागत भूमिकामा खासै परिवर्तन नआएको देखिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, निति निर्माणमा महिलाको सहभागिता कम छ, जसको कारण कानुनी पक्ष जे जस्तो भएपनि व्यवहारमा अझैपनि आर्थिक स्रोत साधनमा महिलाको पहुँच कमी नै छ । जसलाई न्यूनीकरण गरी आर्थिक स्रोत र साधनमा महिलाको पहुँचको सुनिश्चितता, महिला हक र हितको प्रत्याभूति गराउन सकिन्छ भन्ने अभिप्रायले नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था गरिएको छ ।

पैतृक सम्पत्तिमा छोरीको पनि समान हक लाग्ने कानुनी व्यवस्था कस्तो लाग्छ भनी अध्ययन क्षेत्रमा गरिएको अनुसन्धानमा ५५ प्रतिशत उत्तरदाताले पैतृक सम्पत्ति छोरीलाई अंश स्वरूप दिइनु सम्मान हो, जो जिवनभर घर परिवारले मास्न गाह्रो हुने हुँदा उनकै

स्वामित्वमा रहन्छ र आत्मसम्मान बढ्दछ, त्यसकारण छोरीले पनि पैतृक अचल सम्पत्ति पाउने व्यवस्था ठिक छ भनी बताए । कूल ४५ प्रतिशतले अंश उपयोगमा कठिनाई हुने, पारिवारिक, वैवाहिक कार्यमा समस्या हुने, माइति सँगको सम्बन्धमा चिसोपन आउने हुँदा पैतृक अचल सम्पत्ति पाउने कानुनी व्यवस्था ठीक छैन भन्ने प्रतिक्रिया दिए ।

अध्ययन क्षेत्रमा विगतमा दाइजो प्रथा सामान्य अवस्थामा रहेको तर समयको परिवर्तन सँगै फेरबदल भएको पाइएको छ । छोरीले पनि पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था पछि परम्परागत रूपमा रहेको दाइजो प्रथाको स्वरुप, ढाँचा र मात्रामा परिवर्तन भएको छ । अध्ययन क्षेत्रका अधिकांश उत्तरदाताले दाइजो प्रथामा वृद्धि भएको बताउँछन् भने सीमित उत्तरदातामा दाइजो प्रथा घटेको भन्ने विचार पाइयो । जसलाई निम्न चित्रबाट देखाइन्छ :




**चित्र ६.१ : कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा परेको असर**

चित्र ६.१ मा अधिकांस उत्तरदाताहरू छोरीले पनि पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था पछि  दाइजो प्रथा झन बढेको बताउँछन् । दाइजो र सम्पत्ति बीच सकारात्मक सम्बन्ध रहेको छ किनभने बाबुआमासँग जति धेरै सम्पत्ति भयो विभिन्न कारणले उतीनै धेरै दाइजो छोरीलाई विवाहमा दिने परिपाटी देखिएको छ । शिक्षाको विकास र चेतनाको विस्तारले गर्दा मानवीय सोच र पुरातन सामाजिक मुल्य मान्यतामा आएको परिवर्तनले नारी पुरुष बीच रहेका असमानताहरूलाई हटाई महिलाको आर्थिक हैसियत मजवूत बनाउन विवाह भएर


छोरी दिंदा लोग्नेको घरमा आर्थिक अधिकारको सुनिश्चितता होस् भनी छोरासरह सम्पत्ति दिनुपर्ने मान्यता र सोचमा विकास भएको पाइन्छ । त्यसैले पैतृक अचल सम्पत्ति दिंदा विविध व्यवहारिक कठिनाइले गर्दा दाइजो नै छोराले पाउने अंश बराबरको दिने गरेको हो भनी ८० प्रतिशत उत्तरदाता बताउँछन् । कूल २० प्रतिशत उत्तरदाता पैतृक सम्पत्ति छोरीले पनि पाउने व्यवस्थाले दाइजो घटेको र छोरासरह पैतृक अंश दिने परिपाटीको विकास भएको छ भनी बताउँछन् ।

उल्लेखित प्राप्त तथ्याङ्क विश्लेषणको आधारमा पैतृक सम्पत्तिमा छोरीको पनि समान हक रहने कानुनी व्यवस्था पश्चात् छोरीलाई दिइने दाइजो बढेको धेरै उत्तरदाता बताउँछन् । सम्पत्ति दिनु भन्दा छोरीलाई दाइजो चल सम्पत्तिको रूपमा दिनुपर्दछ भन्ने अभिमत पनि पाइयो । स्वेच्छिक रूपमा प्रदान गर्ने दाइजोले समाजमा सकारात्मक प्रभाव पार्दछ । तर त्यो बाध्यात्मक हुनुहुँदैन भन्ने विचार अधिकांस उत्तरदाताको रहेको पाइयो ।

**दाइजो प्रथाको प्रभावको बारेमा बुझ्न यस अध्यायमा विभिन्न सामाजिक संघ संस्थामा सङ्लग्न विशेष व्यक्तित्व, राजनीतिज्ञ, समाजसेवी, बुद्धिजिवी साथै आदरणीय अभिभावकहरूबाट प्राप्त गरेका तथ्याङ्कहरूलाई तालिका र चित्रहरूको माध्यमबाट विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रका उत्तरदाताको शैक्षिक तथा पेशागत विवरण साथै धर्म र जाति अनुसारको विवरण विश्लेषण गरिएको छ । दाइजोको सामाजिक प्रभाव, दाइजोको स्वरुप, छोरीलाइ दाइजो र अंश सम्बन्धी धारणा, छोरीले पनि छोरा सरह अंश पाउने कानुनी व्यवस्था र यसले परम्परागत दाइजो प्रथामा पारेको असरको बारेमा विश्लेषण गरिएको छ ।** दाइजो दिन सवै सक्षम छन वा छैनन् र कुन वर्गले दाइजोलाई समाजमा प्रश्रय दिएको छ, दाइजो कम हुनुका कारण के कस्ता समस्या खडा छन् । दाइजो कमी हुनुका कारण समाजमा कस्ता घटना घटेका छन्, दाइजो प्रथा र महिलाको अवस्था विच कस्तो सम्वन्ध छ ? दाइजो प्रथा घटाउन के के उपाय अवलम्वन गर्नुपर्दछ र समाजमा क-कसको भूमकि रहन्छ भन्ने विषयमा यस खण्डमा व्याख्या विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## ६.३ पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था तथा पाए/नपाएको अवस्था

महिला र पुरुष बीच विभिन्न पक्षहरूमा समानता हुनुपर्दछ भनी वकालत गर्ने क्रममा सम्पत्तिको सम्बन्धमा पनि निकै चर्चा भएको पाइन्छ । जबसम्म छोरासरह छोरी पनि पैतृक सम्पत्तिको भागिदार हुन सक्दैनन् तवसम्म नारी-पुरुष बीच विभेदको अन्त्य हुन सक्दैन । समाजमा प्रचलित पुरातन प्रथा, परम्परा, रीतिरिवाज र पितृसत्तात्मक सोंचबाट ग्रसित भई निर्माण गरिएका नियम कानुनले महिला माथि झन् बढी असमानताहरू सिर्जना भएका छन् । जसले गर्दा विभिन्न सामाजिक संस्थाहरूमा महिलाको कम सहभागिता, शिक्षामा कम पहुँच, समाजमा सम्मानजनक अवस्था प्राप्त गर्न नसकेको परिस्थिति, साथै जीवन सञ्चालनका लागि अपरिहार्य आर्थिक पक्षमा समेत नाजुक स्थिति देखिन्छ । जसले गर्दा महिलामाथि हुने हिंसा बढ्दो छ । जसलाई रोक्नका लागि महिलालाई पनि विभिन्न अवसरबाट बञ्चित गर्न नहुने, अधिकार र निर्णय समान हुनुपर्ने अभिप्रायले नेपालको अन्तरिम संविधान २०६३ मा पैतृक सम्पत्ति छोरा सरह छोरीले पनि पाउने व्यवस्था छ । अध्ययन क्षेत्रका महिला उत्तरदातासँग सोधिएको प्रश्नको जवाफ वृत्त चित्रबाट प्रष्ट गर्न सकिन्छ ।




चित्र ६.२ : उत्तरदाताको पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था र पैतृक अचल सम्पत्ति पाए नपाएको अवस्था

बृत्त चित्र ६.२ मा कूल उत्तरदाता ७० जना मध्ये अत्यधिक (६४.२८%) ले छोरीलाई छोरासरह अंश दिनुपर्छ भन्ने मान्यताप्रति बिमति जनाएका छन् । छोरीले ३५ वर्ष नाघेपछि छोरा सरह अंश पाउने र विवाह भए पश्चात् सो अंश फिर्ता गर्नुपर्ने अघिल्लो कानूनी प्रावधान व्यवहारिक नभएको । छोरीलाई अंश दिने वर्तमान प्रावधानले समाजमा बहुविवाहको प्रवृत्ति बढ्ने सम्भावना, उनीहरूको शैक्षिक, सामाजिक, स्थितिमा ह्रास आउनुका साथै दाजुभाइ, दिदीबहिनीको बिचमा हुने पारिवारिक, सामाजिक सद्भावमा खलल पुग्न सक्ने बताएका छन् । त्यस्तैगरी अंश पाउनुपर्ने कानूनी मान्यता व्यवहारिक छ भन्ने अभिमत ३५.७२ प्रतिशत उत्तरदाताबाट प्राप्त भएको छ ।

अध्ययन क्षेत्रमा छोरा सरह छोरीले पनि पैतृक सम्पत्ति पाउने कानुनी व्यवस्था पश्चात् छोरीले पैतृक सम्पत्ति पाएनपाएको अवस्था कस्तो छ भन्ने जिज्ञासामा सबै उत्तरदाताले हालसम्म कुनै पनि छोरीले आफ्ना बाबु-आमाबाट दाजुभाइ सरह अंश नलिएको जानकारी दिए । उक्त तथ्याङ्कले के प्रष्ट हुन्छ भने महिलालाई अंश दिने कानुनी अधिकार कागजी रूपमा मात्र सीमित रहेको, पैतृक सम्पत्तिमा महिला (छोरी) को पहुँच नभएको बुझिन्छ । अंश सम्बन्धी कानुनी रुपबाट घोषित भए पनि सामाजिक दृष्टिकोणबाट महिलाको कमजोर आर्थिक स्थिति यथावतै रहेको चित्रण गर्न सकिन्छ ।

## ६.४ महिलाले पैतृक सम्पत्ति पाउनमा कठिनाई हुनुको कारण

छोरीलाई आर्थिक अधिकारको रूपमा छोरा सरह पैतृक सम्पत्ति वा अंश दिनुपर्छ भन्ने मान्यता कानुनमा स्पष्ट व्यवस्था भएपनि अझै सम्म अधिकांस महिलाले पैतृक सम्पत्ति नलिएको/नपाएको अवस्था छ । यसरी पैतृक सम्पत्ति पाउनुमा कठिनाइ देखिनुको कारण तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका ६.२: उत्तरदाताको पैतृक सम्पत्ति पाउनुमा कठिनाई देखिनुको कारण

| पैत्तिक सम्पत्ति पाउनुमा कठिनाई | महिला उत्तरदाता | प्रतिशत | पुरुष उत्तरदाता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| चेली र माइती/ससुराली पक्षबीच द्वन्द | १९ | ४७.५ | ८ | २६.६७ | २७ |
| उपभोग गर्न अप्ठेरो | १३ | ३२.५ | १९ | ६३.३३ | ३२ |
| दोहोरो अंशको समस्या | ८ | २० | ३ | १०.०० | ११ |
| **जम्मा** | ४० | १०० | ३० | १०० | ७० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।*

तालिका ६.२ बाट महिलालाई पैतृक सम्पत्ति पाउनुमा कठिनाई देखिनुको कारण सम्बन्धी जिज्ञासामा कूल महिला उत्तरदाता ४० जना मध्ये चेली र माइती पक्षबीच द्वन्द हुन्छ भन्ने कारण राख्ने उत्तरदाता अत्यधिक (४७.५%) रहेको पाइन्छ । त्यसपछि क्रमशः उपभोग गर्न अप्ठेरो भन्ने (३२.५%) मा र दोहोरो अंसको समस्या (२०%) ले महिलालाई पैतृक सम्पत्ति लिनु कठिनाई हुन्छ भन्ने जिज्ञासा व्यक्त भएको पाइयो । त्यस्तै पुरुष उत्तरदाता सबैभन्दा बढी ६३.३३ प्रतिशतले उपभोग गर्न अप्ठेरो हुन्छ भन्ने मत जाहेर गरेको पाइन्छ, भने क्रमशः ससुराली पक्षबीच द्वन्द्व हुने सम्भावनाले हो भन्नेमा २६.६७ प्रतिशत र दोहोरो अंशको समस्याले हो भन्नेमा १० प्रतिशत उत्तरदाताको मत रहेको पाइयो । उक्त तथ्याङ्कबाट के बुझिन्छ भने छोरीलाई पैतृक सम्पत्ति दिंदा आफ्नो नाउँ त के गोत्रबाटै अन्त जान्छ भन्ने मनोभावना मानिसमा देखिन्छ । छोरी विवाहित भएर अर्काको घरमा जाने हुँदा उक्त सम्पत्ति पूर्ण रूपमा विवाहित छोरीले नै हकभोग गर्न नपाउने वा आफ्नो सम्पत्ति बाड्नु पर्ने कारणले सम्पत्ति घट्ने भन्ने सङ्कुचित र विवेकहिन मनस्थितिले गर्दा महिलाले पैतृक सम्पत्ति नपाएका हुन सक्छन् । छोरीलाई सम्पत्ति दिंदा घर भाडिन्छ, परिवार भाडिन्छ, माइती र दाजुभाइहरू टाढिन्छन् भन्ने सङ्कुचित धारणा समाजमा व्याप्त बनाइएको पाइन्छ । छोरीलाई सम्पत्ति दिँदा संस्कृति विग्रन्छ, सम्पत्ति वितरणले माइतीको ऋण बोकेर छोरी घर जान बाध्य हुन्छिन् । गरिव बाबुआमा छोरीलाई सम्पत्ति दिंदा अझै गरिव हुन्छन्, भन्ने सामाजिक मान्यता अझै पनि छ । यी समस्यामूलक कारणले पैतृक सम्पत्ति छोरीले प्राप्त गर्न व्यवहारिक कठिनाइ सृजना भएको पाइन्छ ।

# अध्याय- सात

# सारांश, निष्कर्ष एवम् सुझाव

## ७.१ सारांश

विवाह एक संस्कार र त्यसबाट सिर्जित दाम्पत्य सम्बन्ध हो जसले स्त्री र पुरुषको यौनिक सम्बन्धलाई बैधानिकता दिने काम गर्दछ । विवाहले व्यवस्थित पारिवारिक संरचनाको निर्माण गर्दछ । प्राचिन वर्ण व्यवस्थाको नियम अनुसार उपनयन संस्कार सम्पन्न गरी ब्रह्मचर्याश्रम कर्मको समाप्तीपछि गृहस्थाश्रमको शुरूवात विवाहबाट हुन्छ । जुनबेला छोरीका अभिभावकले कन्यादानसँगै घर गृहस्थीमा सहयोगका लागि (आर्ष विवाहमा) गोरु वा गाई दिने प्रचलन रहेको थियो । छोरा जन्मदै पैतृक सम्पतिको हकदार बन्ने हुँदा जन्मघर छोडेर जाने छोरीलाई केही आर्थिक राहत र सुरक्षाका निम्ति पशुधनका साथै अन्य उपहार पनि दिन थालियो, जसलाई दाइजो भन्ने गरियो । छोरीका व्यक्तिगत प्रयोजनका लागि स्वेच्छाले दिइने उपहार धारणागत परिवर्तन र समयको अन्तरालसँगै केटा पक्षको गर्जो टार्ने आकांक्षा दाइजोको आशा गर्ने र माग गर्ने प्रवृत्ति वा भौतिक विवाहको प्रवृत्ति देखिन थाल्यो । हाल आएर छोरीलाई उपहार स्वरुप दिइने दाइजोले विसँगतिको मोड लिंदै दाइजो नल्याएको वा कम ल्याएको बाहानामा कतिपय महिलाहरू पारिवारिक र सामाजिक रूपमा अपहेलित बन्न पुगेको देखिन्छ । जसको असर प्रत्यक्ष रूपमा सामाजिक व्यवस्थामा परेको छ ।

अध्ययन क्षेत्रका महिला/पुरुष उत्तरदाताको पारिवारिक संरचना हेर्दा धेरै संयुक्त परिवारमा बसेको पाइन्छ । यस अध्ययन क्षेत्रमा अझै पनि एकल परिवारको तुलनामा संयुक्त परिवार बढी रहेको पाइन्छ । तुलनात्मक रूपमा पुरुष घरमूली धेरै छन्, त्यसैले पारिवारिक निर्णयमा पुरुषको बोलवाला बढी रहेको पाइएको छ । त्यसको असर शिक्षा क्षेत्रमा समेत पर्नाले उच्च शिक्षा हासिल गर्ने महिला पुरुषको तुलनामा कमी छन् । सामाजिक हैसियत झल्काउने विभिन्न सूचकमध्ये साक्षरता र शैक्षिक योग्यता पनि एक हो । अध्ययन क्षेत्रमा महिलाको साक्षरता र शैक्षिक योग्यता पुरुषको तुलनामा कमी रहनाले महिलाकोभन्दा

पुरुषको सामाजिक हैसियत बढी देखिन्छ । जसले गर्दा महिलालाई राम्रो शिक्षा दिक्षा दिई आत्मनिर्भर नबनाई विवाहलाई प्राथमिकता दिने परिपाटीले पुरुषको तुलनामा महिलाको सानो उमेरमा विवाह गरिदिने प्रचलन रहेको छ । पुरुष उत्तरदाताहरू धेरैजसो जागिरे र महिला उत्तरदाता असल गृहिणीको भूमिकामा छन् । यहाँ मागी विवाहलाई प्राथमिकता दिइन्छ । अन्य आधुनिक, अदालती, जनवादी आदि विवाहको प्रभाव देखिन्न । मागी विवाहमा अभिभावकको निर्णय सर्वोपरी देखिन्छ र दाइजोको लेनदेन पनि बढी हुन्छ । मागी विवाह धेरै हुनाले दाइजोको लेनदेन विवाहमा बढी हुने गरेको पाइएको छ, जुन संस्कार नै बनेको छ । छोरीलाई आर्थिक सहयोग मिलोस् भनेर दिइने दाइजोले केही हदसम्म छोरीलाई राहत मिलेको भन्ने पुरुष उत्तरदाताको विचार पाइए तापनि महिला उत्तरदाता यसमा सहमत छैनन् । उनीहरू उल्टै दाइजोले पारिवारिक तनाव साथै विभिन्न घटनाहरू सृजना गरेको छ भनी बताउँछन् ।

छोरीले पनि छोरा सरह अंश पाउने कानूनी व्यवस्थापछि दाइजो प्रथा झन् बढेको छ भनी अधिकांश उत्तरदाताले बताएको पाइन्छ । छोरीलाई पैतृक अचल सम्पत्ति दिनु व्यवहारिक नदेखिएकोले चल सम्पत्तिमा परिणत गरी दाइजो दिन सजिलो हुने हुँदा पैतृक सम्पत्ति सरह छोरीलाई पनि दाइजो दिइने अधिकांश उत्तरदाताको मत रहेको छ । अध्ययन क्षेत्रका महिलालाई दाइजोको सट्टा पैतृक अचल सम्पत्ति नदिएको भन्ने पाइएको छ । यसरी नपाउनुको कारण अधिकांश पुरुष उत्तरदाता उपभोग गर्न कठिनाई हुनाले हो भन्नेमा सहमत छन् । धेरै महिला उत्तरदाता चेली र माइती बीचको सम्बन्धमा द्वन्द्व सिर्जना हुने सम्भावना देख्दछन् । अधिकांश पुरुष उत्तरदाताले महिलालाई स्वेच्छिक रूपमा प्रदान गरेको दाइजोले (सम्पत्ति) सकारात्मक भूमिका खेल्दछ भन्ने मत राख्दछन् । महिला उत्तरदाताले शिक्षा र सम्पत्ति दिनुपर्छ, दाइजो होइन भन्ने विचार व्यक्त गर्दछन् । यसरी महिला र पुरुष उत्तरदाताको विचार पनि विरोधाभासपूर्ण देखिन्छ ।

दाइजो प्रथा अहिलेको जल्दोवल्दो सामाजिक समस्या हो । दाइजो कमी हुनुका कारण समाजमा धेरै समस्याहरू देखा परेका छन् । दाइजो प्रथाले एउटा नारीको मानवीय मूल्य केवल भौतिक वस्तु धन, दौलत र सम्पत्तिसँग तुलना गर्ने हुँदा सामाजिक जागरण र चेतनामा वृद्धि गरी राष्ट्रिय रूपमा स्पष्ट कानून बनाई, व्यवसायमूलक शिक्षा, रोजगारीको उचित प्रबन्ध मिलाई दाइजो प्रथा रोक्न सकिन्छ भन्ने मत पाइएको छ । दाइजो प्रथामा

सुधार गर्न व्यक्ति स्वयम् नै लाग्नुपर्छ, साथै समाजमा शिक्षित र प्रतिष्ठित मान्छेको पनि त्यतिकै भूमिका रहन्छ भन्ने समेत उत्तरदाताको विचार पाइएको छ । त्यसकारण समाजमा धर्म, संस्कार, प्रथा, परम्परा, मूल्य, मान्यतामा समय अनुकूल अवधारणागत परिवर्तन ल्याउनुपर्ने देखिन्छ ।

## मुख्य प्राप्तिहरू

### सामाजिक जनसाङ्ख्यिक  पृष्ठभूमि

- **अध्ययन क्षेत्र रहेको स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स.मा विभिन्न जातजातिहरू मध्ये सबैभन्दा ब्राह्मणहरूको बाहुल्यता रहेको छ । महिला र पुरुष उत्तरदाता ६० प्रतिशत समावेश गरिएको छ ।**
- **अध्ययन क्षेत्रमा रहेका कुल महिला उत्तरदाता ४० जना मध्ये सबैभन्दा बढी (२५%) निरक्षर छन् । पुरुष उत्तरदाता कूल ३० जना मध्ये (२०%) स्नातक तह उत्तिर्ण छन् ।**
- **पेसागत रूपमा महिला उत्तरदाहरू सबैभन्दा बढी कृषिमा संलग्न रहेका र पुरुष उत्तरदाताहरू बढी सरकारी जागिरमा संलग्न रहेका छन् ।**
- पारिवारिक संरचनाको दृष्टिकोणमा महिला र पुरुष दुवै उत्तरदाताहरू एकल पारिवारिक संरचनामा भन्दा संयुक्त पारिवारिक संरचनामा बढी रहेको पाइयो ।
- अध्ययन क्षेत्रका उत्तरदातामध्ये ससुरा/बुबा नै घरमुली रहेको पाइयो ।
- वैवाहिक उमेरलाई हेर्दा महिला उत्तरदातामा सबैभन्दा बढी १५-२० वर्ष उमेर समूहमा (६५%) र पुरुष उत्तरदातामा २६-३० उमेर समुहमा (५३.३३%) बढी रहेको पाइन्छ ।
- उत्तरदाताको विवाहको प्रकृतिलाई हेर्दा महिला पुरुष दुवैमा सबैभन्दा बढी (क्रमश ७५%, ७०%)  परम्परादेखि चल्दै आएको मागी विवाह नै प्रचलनमा रहेको पाइयो ।

### दाइजो प्रथाको प्रचलन, कारण, समस्या, एवम् समाधानका उपायहरू

- केटा र केटीको विवाहका बखत र विवाह पश्चात् दिइने उपहारको स्वरुपलाई हेर्दा पहिले पहिले सबै भन्दा बढी जिन्सी सामान (क्रमश:७७% र ८०%) ल्याउने महिला र पुरुष स्वयम् उत्तरदाता नै पाइयो । अहिले जिन्सीको स्वरूपमा परिवर्तन भई नगद, जिन्सी दुवै ल्याउने गरेको महिला/पुरुष दुवै उत्तरदाताबाट उत्तर पाइयो ।

- माइतिघरबाट उपहार स्वरुप जिन्सी वा नगद दिने प्रचलन झन्झन् बढ्दो (क्रमशः ९०%, ७३%) छ भनी महिला पुरुष दुवै उत्तरदाताले बताए । त्यस्तो उपहार घटेको धारणा व्यक्त गर्ने महिला उत्तरदाता शुन्य र पुरुष उत्तरदाताको सङ्ख्या साह्रै न्यून रहेको पाइयो ।
- दाइजोको लेनदेन बढ्नुमा मुख्य कारक पक्ष सामाजिक संस्कारको विकासले हो भन्नेमा दुवै उत्तरदाताको बढी (क्रमशः ४७.५%, ६०%) मत रहेको पाइयो ।
- दाइजोप्रथालाई निरन्तरता दिनुपर्छ वा आवश्यक छ/छैन भन्ने धारणा व्यक्त गर्नेमा महिला र पुरुष उत्तरदाता विच विरोधाभासपूर्ण भनाइ पाइयो । आवश्यक छ भन्ने महिला उत्तरदाताको न्यून संख्या (२०%), पुरुष उत्तरदाता अधिक (७६.६६%) रहेको पाइन्छ । यसरी दाइजोलाई बढावा दिने वर्ग भनेको नै पुरुष हुन् भन्ने स्पष्ट हुन जान्छ । दाइजो प्रक्रियाले समाजमा नकारात्मक असर पर्न जान्छ भन्नेमा पुरुष उत्तरदाता भन्दा बढी महिला उत्तरदाता भएपनि तुलनात्मक रूपमा दुवै उत्तरदाताबाट दाइजो प्रथाले अत्यधिक मात्रामा नकारात्मक प्रभाव पारेको छ भन्ने उत्तरदाता नै बहुमतमा देखिए ।
- दाइजो प्रथाले महिलाको सामाजिक अवस्थामा पारेको प्रभावमा सबैभन्दा बढी उत्तरदाता (३०%) ले दाइजोको कारण महिलामा शारीरिक र मानसिक तनाव बढी देखा पर्ने हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । उक्त तनावले घर परिवारबाट निक्लनु पर्ने या निकालिने बढी (३७.५%) रहेको त्यसपछि क्रमिक रूपमा सम्बन्ध विच्छेद, मानसिक हिंसा, हत्या जस्ता घटनाहरू पनि भएको पाइयो ।
- दाइजो प्रथा महिलाको मानवीय मुल्यमान्यतालाई धन, दौलत र सम्पत्तिमा तुलना गरिएकोले यसलाई निरुत्साहित गर्नुपर्छ भन्ने धारणा सबैभन्दा बढी ३७ प्रतिशतले बताएको पाइयो ।
- समय अनुसार प्रचलित रूपमा समाजका हरेक तहमा पाइने दाइजोले प्रत्यक्ष प्रभाव पारेको छ । यसको उपयोग/दूरुपयोग वर्ग अनुसार नै हुनाले दाइजो प्रथालाई प्रश्रय दिने कार्यमा उच्च बर्ग भए तापनि मध्यम र निम्न वर्गमा पनि यसको अभ्यास मौलाउँदै र झ्याङगिदै गएको पाइन्छ ।

- दाइजोको कारण समाजमा विविध घटनाहरू घटेका छन् । यसको प्रत्यक्ष सम्बन्ध महिलासित राख्ने प्रचलनले दाइजो जति मौलाउँछ त्यति नै महिलाको जीवन स्तर कमजोर हुँदै जान्छ भन्ने तर्क अघि सारिएको पाईन्छ ।

**छोरा सरह छोरीले अंश पाउने कानुनी व्यवस्थाले परम्परागत दाइजो प्रथामा पारेको असर**

- छोरीहरू जन्म घर छाडी कर्म घर जानुपर्ने हुँदा उनीहरूलाई दाइजो या अंश दिनुपर्छ भन्ने धारणा अधिकांश पुरुष उत्तरदाताको रहेको छ । त्यसमा (४३%) ले राम्रो शिक्षा, तालिम दिनुपर्छ भन्ने भावना राखेका छन् । महिला उत्तरदाता (३७%) ले अंश र शिक्षा दुवै गराउन वेश हुने धारणा रखेका छन् ।
- विद्धमान समाजमा लैङ्गिक विभेद यथावतै रहेतापनि अन्तरिम संविधान २०६३ को धारा २० मा छोरीलाई छोरा सरह सम्पत्तिको हक दिने प्रावधानले समाजमा छोरीको विवाह गर्दा केही जिन्सी या नगद दिने प्रचलन बढ्दै गएकोले पनि दाइजोको रुप बढेको भन्ने धारणा पाइयो ।
- पैतृक सम्पत्तिमा छोरीको अधिकार सम्बन्धी मौजुदा कानुनी व्यवस्थालाई (६५%) उत्तरदाताले अव्यवहारिक भएको टिप्पणी गरे । महिलाले पैतृक सम्पत्ति पाउन कठिनाई हुने धारणा बताउनेको सङ्ख्या पनि धेरै पाइयो । यसमा चेली र माइती/ससुराली पक्षबीच द्वन्द हुने धारणा तर्कको रूपमा व्यक्त गरेको पाइयो ।

## ७.२ निष्कर्ष

अध्ययन क्षेत्र स्याङ्जा जिल्ला आरुखर्क गा.वि.स.मा हिन्दुमार्गी अनि ब्राह्मणहरूको बाहुल्यता भएकोले ब्राह्मण समाजमा महिलाप्रतिको दृष्टिकोण आदिम कालदेखि हालसम्मको अवस्थाको प्रभाव अन्य न्यून जनसङ्ख्या भएका जातजातिहरूमा पर्न गएको पाइन्छ । ठूलो सङ्ख्याप्रति सानो सङ्ख्या संस्कृतिकरण हुनु स्वभाविक प्रक्रिया पनि हो । अध्ययनको क्रममा महिला उत्तरदाताभन्दा बढी पुरुष उत्तरदाता शिक्षित, संयुक्त परिवार अगालेका, उत्तरदाता प्रायगरी घरमुलीका बाबा, आमा/सासु, ससुरा नै रहेको पाइयो । महिलाहरूको विवाह पुरुषको तुलनामा कम उमेरमा हुने, मागी विवाह बढी प्रचलनमा रहेको देखिन्छ ।

छोरा जन्मदै पैतृक सम्पत्तिको हकदार बन्ने हुँदा जन्मघर छाडेर जाने वखत छोरीलाई केही आर्थिक राहत र सुरक्षाका निम्ति पशुधनका साथसाथै अन्य उपहारहरू पनि दिन थालियो जसलाई दइजो भन्ने गरियो र छोरीको व्यक्तिगत प्रयोजनका लागि स्वेच्छाले दिइने उपहार धारणागत परिवर्तन र समयको अन्तरालसँग केटा पक्षका परिवारको गर्जो टार्ने आकांक्षा, दाइजोको आशा गर्ने र माग गर्ने प्रवृत्ति वा भौतिक वस्तु केन्द्रित विवाहको प्रवृत्ति देखिन थाल्यो ।

समयको परिवर्तन, आर्थिक स्थितिमा भएको परिवर्तनले दाइजोको स्वरुप, प्रचलन र समस्या एवम् समाधानमा प्रभाव पारिरहेको हुन्छ । अध्ययन क्षेत्र नितान्त ग्रामिण परिवेसमा आधारित रहेतापनि समग्र अधिराज्यको समाजको हाउभाउँले उक्त क्षेत्रमा पनि प्रभाव जमाएको पाइन्छ । जसको कारक तत्व सूचना, सञ्चार, सामाजिकीकरण, सस्कृतिकरण, आधुनिकीकरण एवम् बसाईसराई, रितिरिवाज पनि हुन जान्छन् । जसको प्रभावले जिन्सी सामान नदिई नगद दिने, जग्गा काटी अंशको रूपमा नदिई सो बराबरको अन्य जिन्सी, नगद दिने गर्दा दाइजोको लेनदेन बढेको वर्तमान अवस्थामा एकदिने इज्जत राख्नुपर्छ भन्ने मान्यताले महङ्गा होटल, रेष्टुरा र क्याटरिङको खानामा फजुल खर्च भएको पाइन्छ । पुरुष उत्तरदाताको धारणामा महिलाहरूलाई विभिन्न शिक्षा र तालिम दिई दाइजोको स्वरुप घटाउनु पर्छ भनिए तापनि अप्रत्यक्ष रुपबाट दाइजोको माग गर्ने गरेको यस अध्ययन क्षेत्रमा गरिएको अध्ययनबाट स्पष्ट थाहा पाउन सकिन्छ । जुन मागले महिलाको जीवन स्तरमा प्रत्यक्ष प्रभाव पारी उनीहरूको शारीरिक, मानसिक रूपमा तनावको सिर्जना उत्पन्न भई हत्या, हिंसा लगायत सम्बन्ध विच्छेदका घटनाहरू बढ्दो रूपमा भएको पाउन सकिन्छ ।

विवाहमा प्रदान गरिएको दाइजो महिलाको आफ्नो स्वामित्वमा राखी परिचालन गर्न नपाएको तथ्य, साथै छोरी पनि छोरा सरह हुन उनीहरूको पनि पैतृक सम्पत्तिमा समान हिस्सेदारी हुनुपर्दछ भन्ने मान्यताको विकासले गर्दा नेपाल अधिराज्यको अन्तरिम संविधान वि.सं. २०६३ (मुलुकी ऐन एघारौं संशोधन) मा छोरा सरह छोरीलाई पैतृक अचल सम्पत्ति दिंदा उपभोगको कठिनाइ साथै अन्य समस्याका कारण अचल सम्पत्ति नदिई नगदमा परिणत गरी दाइजो नै दिने गरेको पाइन्छ । दाइजो प्रथालाई एकातिर सामाजिक इज्जतसँग

जोडर हेर्ने संस्कारको विकासले कुनै न कुनै रूपमा दाइजोको अभ्यास देखिन्छ । अर्कोतिर पैतृक अचल सम्पत्ति दिदा अव्यवहारिक हुने हुँदा त्यसलाई नगदमा परिणत गरी दाइजो स्वरूप दिने मान्यताले झन् परम्परागत दाइजो प्रथा बढेको भन्ने भनाई पाइएको छ ।

समय अनुसार प्रचलित रूपमा समाजका हरेक तहमा दाइजोले प्रत्यक्ष प्रभाव पारेको छ । यसको उपयोग/दूरुपयोग वर्ग अनुसार नै हुने हुनाले दाइजो प्रथालाई प्रश्रय दिने कार्यमा उच्च बर्ग भएतापनि मध्यम र निम्न वर्गमा पनि यसको उपयोग मौलाउँदै र झ्याङ्गिदै गएकोले समाजमा विविध घटनाहरू घट्ने क्रम बढिरहने, जसको प्रत्यक्ष सम्बन्ध महिलासित रहनाले दाइजो जति मौलाउँछ, त्यति नै रूपमा महिलाको जीवन स्तर कमजोर हुँदै जान्छ भन्ने तर्क बढी मात्रामा जिवन्त हुने देखिन्छ ।

आरुखर्क गा.वि.स.मा गरिएको अध्ययनमा अधिकांश उत्तरदाताको मागी विवाह भएको र दाइजोको लेनदेन भएको पाइएको छ । विवाहमा केटा पक्षबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दाइजो मागेको अभिव्यक्ति पाइएको छ । यसरी विवाहमा दिइएको दाइजोबाट महिलाले सामाजिक, आर्थिक, शैक्षिक र पारिवारिक पक्षमा केही मात्र उपलब्धि भएको धारणा पुरुष उत्तरदाताले राखेपनि महिला उत्तरदाताले राज्यबाट कडा नीति नियम बनाई समाजका शिक्षित र प्रतिष्ठित मानिस सक्रिय रूपमा लागेर मात्र दाइजो प्रथा रोकिएला भन्ने विचार पाइएको छ ।

नाता सम्बन्धमा समस्या, उपभोग गर्न अप्ठेरो, दोहोरो अंशको समस्या आदि कारणले पैतृक सम्पत्ति छोरीले पनि पाउने कानूनी व्यवस्था पालन नभएको भन्ने भनाई पाइयो । यी समस्यालाई निराकरण गर्न सचेतनामूलक सामाजिक सुधारका कार्यक्रम सहित हरेक ढङ्गबाट महिलालाई सवल, सक्षम र रोजगारमूलक कार्यक्रममा समावेश गरिएमा मात्र केही सकारात्मक नतिजा पाइएला भन्ने अपेक्षा गर्न सकिन्छ ।

## ७.३ सुझावहरू

- सनातनि तथा अदालती विवाह पद्धतिलाई प्राथमिकता दिदै विवाहलाई सामाजिक संस्कार, जातिय प्रतिष्ठा नबनाई महिला र पुरुषबीच हुने वैधानिक सम्बन्धको रूपमा बुझ्न बुझाउन आवश्यक देखिन्छ ।
- विद्यमान कानूनले छोरीलाई दुवै तर्फ (माइती/घर) अंश दिन सकिने प्रावधानले समाजमा दुविधा सृजना गरेको छ । पैतृक सम्पत्तिलाई नगद वा दाइजोमा रूपान्तरण गर्ने प्रचलन बढेको पाइन्छ । कानुन व्यवहारिक हुने गरी व्यवस्थित गर्न उपयुक्त देखिन्छ ।
- भैरहेको सामाजिक व्यवहार सुधार ऐन २०३३ मा भएको व्यवस्था उल्लङ्घन नगरी व्यवहारिक रूपमा कार्यान्वयन भएमा विवाहमा भड्किलोपन हट्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अर्याल, भोजेन्द्र (२०५९), *लैङ्गिक अध्ययन,* काठमाडौः समाजशास्त्र प्रकाशन ।

आचार्य, बलराम (२०६३), *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* काठमाडौंः नेशनल बुक सेन्टर, ।

आचार्य, बलराम (२०६१), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* काठमाडौः स्टुडेण्टस् बुक्स पब्लिकेसन्स ।

इन्सेक (१९९६), *वार्षिक प्रतिवेदन,* कास्की पोखरा ।

एबोट, पामेला र वालेस, क्लेयर (१९९७), *एन इन्ट्रडक्सन टु सोसियोलोजी, फेमिनिष्ट पर्सपेक्टिभ,* यू.के.: राउटलेज प्रेस ।

कार्की, शुसिला (२०६८), *लैङ्गिक समानता,* काठमाण्डौंः पैरवी प्रकाशन ।

गा.वि.स.को वस्तुगत विवरण २०६८ ।

चौलागाई, तिलकप्रसाद, श्रेष्ठ, केशवकुमार र सापकोटा, केशवराज (२०६६), *लैङ्गिक अध्ययन,* काठमाडौः एकेडेमिक बुक सेन्टर ।

जेण्डर र दीगो विकासमा स्पष्ट अवधारणा स्त्रीशक्ति काठमाडौ ।

जोशी, सिद्धराज र जोशी किरण (२०६८), *लैङ्गिकता र विकास,* काठमाडौः पैरवी प्रकाशन ।

तामाङ, ज्ञानी मैया (२०७०), *क्षेत्री महिलाहरुमा दाइजो प्रथाप्रतिको धारणा,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृ.ना.क्या, समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरामा प्रस्तुत ।

दास, संञ्जय कुमार (२००८), *दाइजो प्रणालीको कारणको अन्वेषण अन्तिम अनुसन्धान,* ललितपुरः एस.एन.भि.नेपाल, सामाजिक समावेशीकरण अनुसन्धान कोष ।

नारी मासिक पत्रिका नेपाल समाचार पत्र भाद्र १२, २०६९ ।

नेपालमा मानव अधिकार तथा कानुनी उपचार (२०५९) ।

नेपाल अधिराज्यको संविधान (२०४७), भक्तपुरः शीतल शुलभ प्रकाशन ।

नेपालको अन्तरिम संविधान (२०६३), काठमाडौंः बौद्धिक दर्पण प्रकाशन ।

पाठक, गिता, सङ्ग्रौला, युवराज (२००२), *लैङ्गिक र कानुन नेपाली अवधारणा,* काठमाडौंः पृथ्वी प्रकाशन, ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रुपरेखा,* काठमाडौंः निमा पुस्तक प्रकाशन ।

बराल, गितादेवी (२०६६), *ग्रामिण महिलाहरुमा दाइजो प्रथाप्रतिको धारणा,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पृ.ना.क्या, समाजशास्त्र/मानवशास्त्र विभाग, पोखरामा प्रस्तुत ।

बराल, रामचन्द्र (२०५६), *सम्बन्ध विच्छेदका कारण र असर,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय  कीर्तिपुरमा प्रस्तुत ।

भण्डारी, के.पी. (२०६०), *समाजका नमूनाहरु,* विराटनगरः श्याम पुस्तक भण्डार ।

भासिन, कमला (१९९३), *आखिर यो जेन्डर के हो त ?* काठमाडौः स्त्री शक्ति प्रकाशन ।

भासिन, कमला (२००३), *पितृसत्ता के हो ?* काठमाडौः स्त्री शक्ति प्रकाशन ।

मल्ल, प्रधान सपना (२०६०), *महिलाका लागि भएका विशेष व्यवस्था र यसको प्रभाव,* काठमाडौः महिला, कानुन र विकास मञ्च ।

मानव अधिकार वर्ष पुस्तक सन् २०१३, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

मानव अधिकार अनुगमन निर्देशिका (१९९६), इन्सेक, काठमाण्डौं ।

मानव अधिकार अनुगमन निर्देशिका (१९९६), इन्सेक, काठमाडौ ।

मानव विकास प्रतिवेदन (२००९), *राज्य रुपान्तरण र मानव विकास,* यूनाइटेड नेसन्स डेभलपमेन्ट प्रोग्राम ।

मार्शल, गोरेडोन (२००४), *डिक्सनरी अफ सोसिओलोजी,* न्यू दिल्लीः अक्सफोर्ड युनिर्भसिटी प्रेस ।

मेमोई, मकिनो (२०१४), *डरी एण्ड विमेन्स स्टाटस ईन रुरल पाकिस्तान,* वाकवा, मिहामा जापानः इन्स्टिच्युट अफ डेभलपिङ इकोनोमिक्स ।

विष्ट, मीना (२०६०), *महिला कानुन व्यवसायीहरूको सामाजिक अवस्था,* अप्रकाशित सोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

विष्ट, मीना (२०५५), *नारी अधिकारका वाधक तत्वहरू,* कार्यक्रम संयोजक जागरण, काठमाडौं, नेपाल ।

वेइजिङ सम्मेलनमा प्रस्तुत प्रारम्भिक प्रतिवेदन (१९९९), नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

वेनेट, लिन (१९८३), *डेन्जरस वाइफस एण्ड सेक्रेट सिस्टम,* न्यूयोर्कः कोलम्बिया यूनिर्भसिटी प्रेस ।

शर्मा (२०५६), *मुलुकी ऐन २०२० को एक सङ्क्षिप्त विश्लेषण,* काठमाड्ौंः विद्यार्थी प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०५४), *हिन्दू विधीशास्त्र र नेपालको कानुनी इतिहास,* काठमाडौंः पैरवी प्रकाशन ।

श्रेष्ठ ज्ञाइन्द्रबहादुर (२०५६), *ऐन संग्रह,* काठमाण्डौंः पैरवी प्रकाशन ।

सामाजिक व्यवहार सुधार ऐन (२०३३) ।

सुवेदी, मधुसुदन (२०५६), *हिन्दू विवाहको इतिहाँस,* सानेपा ललितपुरः प्रकाशक श्रीमती सानुमैया सुवेदी, बैकुण्ठ तथा दामोदर सुवेदी ।

Gurung, S. (2007), *Socio economic status of women farmer*, An Unpublished Master Degree Thesis, Submitted to the Department of Sociology/Anthropology, Prithvi Narayan Campus, Pokhara.

Ritzer, J. (1996), *Modern sociologic theory*.New Delhi: M.A. Gra Hill Company.

http//:www.wikipedia.org/wiki/Dowry (modified on 14 may 2015).